# प्रथम अध्याय

# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको अध्ययन"** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षण विभाग, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्जको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

नेपाली लोक साहित्यको एक सर्वप्रचलित र लोकप्रिय विधा लोककथा हो । लोककथा 'लोक र कथा' गरी दुईवटा शब्दको योगबाट बनेको छ । आदिमकालदेखिनै जनको पर्यायवाची शब्दको रूपमा लोक शब्दको प्रयोग भएको पाइन्छ । कथालाई कथा, दन्त्यकथा वा लोककथा गरी विभिन्न शब्दको प्रयोग गरिएको पाइन्छ । यिनको मानव जीवनसँग निकै लामो समयदेखिको सम्बन्ध रहँदै आएको छ । लिखित साहित्य नभएर मौखिक परम्परामा एक पुस्ताको मुखबाट अर्को पुस्ताको मुख हुँदै पुस्तापुस्तामा सर्दै अगाडि बढिरहेको छ । यसमा जिज्ञासा र कौतुहलताको अभूतपूर्व शक्ति हुने भएकाले साना केटाकेटीदेखि लिएर बूढापाकासम्मलाई यसले उत्तिकै मन्त्रमुग्ध पार्दछ । नेपाली जनजीवन विशेषतः कृषिमय छ । बिहानदेखि बेलुकासम्म खेतबारीमा काम नगरी जीवन निर्वाह गर्न कठिन हुने यथार्थताका कारण बेलुका खाना खाएर अगेनाको डिलमा होस् वा ओच्छ्यानमा बसी बूढापाकाहरूले केटाकेटीहरूलाई लोककथा सुनाउँदै आएको र केटाकेटीहरू कथाहरू सुनेर मख्ख परेका घटनाहरू हाम्रै सामु छन् । यो प्रचलन युगौं युग अघिदेखि सुरु भएर पुस्तौंपुस्ता हुँदै अगाडि बढिरहेको छ । यस्ता कथामा अनौठा किसिमका मानवीय पात्रहरू र मानवेतरमा स्याल, सम्बन्धित विषयलाई जोडिएको हुन्छ । लोककथामा जीवनको यथार्थताभन्दा कल्पनाको मात्रा ज्यादा हुने भएकाले मानव हृदयलाई अति चाँडो छुने र कथा

सुन्नासाथ श्रोतालाई मन्त्रमुग्ध पार्ने गर्दछ । कथाको श्रृङ्खलासँग कथावाचकले विभिन्न प्रकारका उपकथाहरू जोड्दै खरायो, हात्ती, बाज आदिदेखि लिएर प्रसिद्ध राजारानी, राजकुमार, आदिसँग कल्पनाका जादुगरीमा ढाल्दै श्रोतालाई सुनिरहूँजस्तो चाखिलो बनाउँछ । यो एक पुस्ताबाट अर्को पुस्ता र एक मुखबाट अर्को मुखमा सर्दै जाने हुनाले यसको कुनै अन्त्य छैन, निरन्तर अगाडि बढिरहन्छ । लोक जीवनका यस्ता लोककथाहरू प्रशस्त पाइन्छन् । रुकुम जिल्ला पश्चिम-उत्तर क्षेत्रमा प्रचलित नेपाली लोककथाले स्थानीय लोकजीवनको यथार्थलाई प्रस्तुत गरेका छन् । त्यसैले नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत राप्ती अञ्चलमा पर्ने रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा छरिएर रहेका नेपाली लोककथाको खोज-सङ्कलन, वर्गीकरण र भाषिक विश्लेषणको अध्ययन नै यो शोधपत्रको प्रमुख विषय हो । पश्चिम-उत्तरी क्षेत्रमा रहेका यस जिल्लाका विशेषगरी १२ वटा गा.वि.स.लाई आधार मानी अध्ययन गरिएकोछ ।

## १.४ समस्याकथन

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा धेरै लोककथाहरू प्रचलित रहेका भए पनि यसको व्यापक रुपमा खोज-अध्ययन तथा भाषिक विश्लेषण भएको पाईदैन । यस क्षेत्रमा प्रचलित लोककथाले पनि नेपाली लोक साहित्यको भण्डारलाई थप समृद्धशाली बनाउन महत्वपूर्ण भूमिका खेल्ने छन् । अझसम्म ओझलमा परेका यस क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन गर्दा निम्न लिखित समस्याहरूलाई केन्द्रविन्दु बनाइएको छ ।

क) रुकुम जिल्लाको परिचय के कस्तो रहको छ ?

ख) रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथा के कस्ता रहेका छन् ?

ग) रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको वर्गीकरण कसरी गर्ने?

घ) रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको भाषिक विश्लेषण कसरी गर्ने ?

## १.५ शोधकार्यको उद्देश्य

विश्व मानचित्रमा नेपाल लोकसंस्कृतिको क्षेत्रमा अत्यन्तै समृद्धशाली कहलिन्छ । यहाँका साँस्कृतिक सम्पदाहरू विश्वसम्पदा सूचीमा सूचीकृत भएका छन् । अन्तर्राष्ट्रिय स्तरमा नेपाली लोकसंस्कृतिले नेपाली समाजको सांस्कृतिक तथा सामाजिक परम्परालाई परिचित गर्ने कार्य गरेकाले यसको उन्नति र विकास गर्न यसको अध्ययन गरिनु सान्दर्भिक देखिन्छ ।

महाभारत पर्वतश्रृंखलाबिचमा अवस्थित रुकुम दुर्गम पहाडी जिल्लामा गनिन्छ । नेपाली समाजका विविध सामाजिक, साँस्कृतिक पक्षहरुलाई समेटेका थुप्रै प्रसिद्ध लोककथाहरू यहाँको जनजिब्रोमा छरपुष्टिएका पाइन्छन् ।

नेपाली लोकसाहित्यको भण्डारमा यिनीहरूलाई पुऱ्याउन सके जनजिब्रोमा झुन्डिएर रहेका लोककथाहरूले जीवन्तता पाइरहने थिए । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रका १२ वटा गा.वि.स.मा प्रचलित लोककथाका बारेमा केन्द्रित रहेर गरिने प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरूरहेका छन् ।

क) रुकुम जिल्लाको परिचय दिनु ।

ख) रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको खोज-सङ्कलन गर्ने ।

ग) रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको वर्गीकरण गर्ने ।

घ) रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको भाषिक विश्लेषण गर्ने ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली लोककथाको अध्ययन, सङ्कलन नेपाली साहित्यका विद्वानबाट केही मात्रामा गरिएको पाइन्छ । नेपालका विभिन्न क्षेत्रहरूको लोककथाहरूको अध्ययन, सङ्कलन आ-आफ्नै प्रयोजनको लागि गरिएको देखिन्छ । केही पुस्तक र पत्रपत्रिकाहरूमा नेपाली लोककथाको चर्चा भएतापनि रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको छुट्टै खोज-सङ्कलन,वर्गीकरण र भाषिक विश्लेषण भएको पाइदैन । विभिन्न समयमा विभिन्न विद्वान लेखक तथा अन्वेषकहरूले नेपाली लोककथा सम्बन्धि गरेका अध्ययन तथा सङ्कलनका पूर्वकार्यहरूको विवरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

(क) तुलसी दिवसद्वारा लिखित, **नेपाली लोककथा**, (काठमाडौँ : ने.रा.प्र.प्र., २०३२) मा नेपाली लोककथाको संक्षिप्त परिचय दिँदै तिनलाई चौध भागमा वर्गीकरण गरी उदाहरणसहित चिनाइएको छ । त्यस क्रममा नेपालका विभिन्न जिल्ला र ठाउँका लोककथालाई चिनाउने क्रममा पाल्पा, जुम्ला, धनकुटा, बाजुरा, अछाम, दाङ, तनहूँ, बुटवल, पोखरा, विराटनगर, प्यूठान, नुवाकोट, काठमाडौँ, चौतारा, आसाम, बाग्लुङ, स्याङ्जा, गोरखा, ताप्लेजुङ, सल्यान, हुम्ला, बन्दीपुर, आठराई, भोजपुर, डोटी, तानसेन र तिब्रीकोट आदि ठाउँका लोककथा भनी यस कृतिभित्र उल्लेख गरी सङ्कलन गरिएको छ ।[१] लेखकद्वारा रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको छुट्टै चिनारी कतै उल्लेख गरेको पाइँदैन ।

(ख) तुलसी दिवसद्वारा नै लिखित पुस्तक **नेपाली लोककथा : केही अध्ययन**, (काठमाडौँ : ने.रा.प्र.प्र., २०३३) मा नेपाली लोककथालाई चिनाउँदै नेपाली लोककथाको वर्गीकरणको निम्ति विभिन्न विद्वान्हरूका लोककथा वर्गीकरणसम्बन्धी आधारहरू औंल्याएर नेपाली लोककथालाई दश भागमा विभाजन गरी प्रस्तुत गरेका छन् ।[२] ऐतिहासिक, सांस्कृतिक अतिमानवीय रूपमा नेपाली लोककथाको विवेचना गर्ने काम गरिएको छ । यस कृतिभित्र पनि रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाबारे चर्चा गरिएको पाइँदैन ।

(ग) धर्मराज थापा र हंसपुरे सुवेदीको २०४१ सालमा पा.वि.के.त्रि.वि. बाट प्रकाशित कृति **नेपाली लोकसाहित्यको विवेचना**मा नेपाली लोककथाको परिचय, प्रचलन, विकास, विशेषताहरूलाई औंल्याउँदै तिनको वर्गीकरण तथा विश्लेषण साङ्केतिक ढङ्गले गरिएको छ ।[३] लोककथाको सिद्धान्तलाई परिचय गराउने काम गरेको यस कृतिमा रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथा भनेर कतै चर्चा गरिएको पाइँदैन ।

(घ) मोतीलाल पराजुलीले श्रीमती तारादेवी पराजुली पोखराबाट २०४९ सालमा प्रकाशित **नेपाली लोकगाथा** कृतिमा नेपाली लोकगाथाको परिचय गराउने क्रममा नेपाली

---

१ तुलसी, दिवस, **नेपाली लोककथा**, (काठमाडौँ : ने.रा.प्र.प्र., २०३२), पृ. ३०-४७ ।

२ तुलसी दिवस, **नेपाली लोककथा : केही अध्ययन**, (काठमाडौँ : ने.रा.प्र.प्र., २०३३), पृ. ३८ ।

३ धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौँ : पा.वि.के.त्रि.वि., २०४१), पृ. ३१७-३४६ ।

लोककथाको सामान्य परिचय दिएका छन् ।[४] एउटा विधाको परिचय दिने उद्देश्य लिएर लेखिएको यस कृतिमा लोकसाहित्यको अर्को विधा लोककथाको विस्तृत चर्चा नहुनु स्वाभाविकै हो । यसमा पनि रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको चर्चा गरिएको पाइँदैन ।

(ङ) दयाराम श्रेष्ठ 'सम्भव' को पा.वि.के.त्रि.वि. बाट २०३८ मा प्रकाशित **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** भन्ने कृतिमा प्रारम्भिक कालको नेपाली साहित्यको इतिहासलाई चिनाउने क्रममा नेपाली लोककथालाई पनि सङ्क्षेपमा चिनाउने काम गरिएको छ ।[५] यसले लोककथासम्बन्धी केही अवधारणा दिए पनि रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको बारेमा कुनै कुरा उल्लेख गरेको पाइँदैन ।

(च) नेपाल प्रज्ञा-प्रतिष्ठान,(तत्कालिन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान)काठमाडौँबाट २०३५ मा प्रकाशित **नेपाली लोककथा संगोष्ठी** भन्ने कृतिमा नेपाली साहित्य लोकसंस्कृति र लोकजीवनसँग सम्बन्धित विभिन्न लेखहरू समावेश गरिएका छन् । तुलसी दिवसद्वारा लिखित **परी तथा अप्सराका नेपाली लोककथाहरू** शीर्षकको लेखमा नेपाली लोककथाको बारेमा केही चिनारी दिने काम भए तापनि रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको बारेमा औँल्याइएको पाइँदैन ।[६]

छ) रुकुम जिल्लामा प्रचलित खसानी लोककथाहरूको सङ्कलन,वर्गीकरण र विश्लेषण (२०६३) नामक शोधपत्रमा कमप्रसाद देवकोटाले रुकुम जिल्लामा प्रचलित खसानी लोककथाको चर्चा गर्ने क्रममा यस जिल्लाका लोककथाको परिचय दिने प्रयास गरेको तर रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको बारेमा छुट्टै चर्चा र भाषिक विश्लेषण गरेको पाइँदैन ।

यसको साथसाथै यस लोकप्रिय विधालाई सङ्कलन गर्नका लागि लेखिएका अन्य कृतिहरूमा बोधविक्रम अधिकारीको 'नेपाली दन्त्यकथा' (१९९६), लीलासिंह कर्माको 'हाम्रो लोकसाहित्य' (२०४३), प्रदीप रिमालको 'कर्णाली लोकसंस्कृति खण्ड ५' (२०२०), करुणाकर

---

[४] मोतीलाल पराजुली, **नेपाली लोकगाथा**, (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९), पृ. १२ ।

[५] दयाराम श्रेष्ठ 'सम्भव', **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा**, (काठमाडौँ : पा.वि.के.,त्र.वि., २०३८), पृ. १८ ।

[६] तुलसी दिवस, **नेपाली लोककथा संगोष्ठी**, (काठमाडौं : ने.रा.प्र.प्र., २०३५), पृ. २० ।

वैधको 'अञ्चल लोककथा सातौं सं.' (२०५१) र 'नेपाली दन्त्यकथा सङ्ग्रह' (२०४०) आदि कृतिमा नेपाली लोककथाको सङ्कलन गरिएको छ तर रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको उदाहरणसमेत देखाइएको पाइँदैन ।

यसरी कुनै पनि लोकसाहित्यसम्बन्धी अध्ययन, सङ्कलन गर्ने विद्वान्हरूले आफ्ना महत्त्वपूर्ण कृतिहरू देखा नपर्नु बिडम्वना नै हुनगएको छ । लोककथाको हैसियतले धनी रहेको यस रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूलाई सङ्कलन गरी तिनीहरूको परिचय दिँदै संरक्षण गर्न सकेमा पक्कै पनि हाम्रो देशको लोकसाहित्यको इतिहासमा नौलो पाइलो हुनेछ भन्ने उद्देश्य राखी **"रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको अध्ययन"** शीर्षकमा शोधपत्र तयार गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

लोकसाहित्यलाई लिखित साहित्यको जननीको रूपमा चिनिन्छ । यो कुनै व्यक्तिविशेषको पेवा नभई सामाजिक सम्पत्ति हो । देशको सांस्कृतिक चिनारी दिने लोकसाहित्यको अध्ययन,अनुसन्धान गरिनु युगिन आवश्यकता हो । जिल्ला वा क्षेत्रीय स्तरको विधागत लोक साहित्यिक अध्ययन राम्रोसँग हुन नसकेमा सिङ्गो नेपाली लोक साहित्यको अध्ययनपूर्ण हुन सक्दैन । लोकसाहित्यका स्रोत सामग्रीहरू ग्रामीण क्षेत्रमा परिश्रम गरेर जीविकोपार्जन गर्ने मानिसहरूको बीचमा भएकाले लोकसाहित्यको सङ्कलक तथा अध्ययनकर्ता स्थलगत रूपमा ती ठाउँहरूमा पुग्नुपर्ने हुन्छ । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको आफ्नै अस्तित्व रहेको पाइन्छ । **यिनीहरूको खोज-सङ्कलन, वर्गीकरण र भाषिक विश्लेषण** (**जस्तै : क्रियापदिक विशेषता, ध्वनिको विशेषता, तत्सम्,तद्भव शब्दको प्रयोग, नामिक प्रयोग, हिन्दी भाषाको प्रभाव, मिलित क्रियाको प्रयोग, निपातको प्रयोग,विभक्ति चिन्हको बहुलता,आदरार्थी शब्दको प्रयोग आदिको विश्लेषण**) ले लोकसाहित्यको विषयमा चासो देखाउने धेरैको माग पूरा गर्नेछ र यस शोधपत्रले भावी शोधार्थी र विद्यार्थीहरूका लागि केही जानकारी दिनसक्ने हुँदा नै यस शोधपत्रको औचित्य प्रकट भएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

लोकसाहित्य जनमानसमा फैलिएर रहने विधा हो । नेपाली लोकसाहित्यको क्षेत्रमा लोककथाको क्षेत्र व्यापक भए पनि रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रका नेपाली लोककथाको खोज-सङ्कलन,वर्गीकरण र भाषिक विश्लेषण गरिनेछ । यस क्षेत्रमा रुकुम जिल्लाको क्षेत्र नं. २ का १२ वटा गा.वि.स.हरू(आठबीसकोट, आठबीसडाँडागाँउ, गरायला, गोतामकोट, घेत्मा, झूला, दूली, पीपल, पोखरा, बाँफिकोट, मग्मा र स्यालाखदी) मात्र रहेका छन् । यो क्षेत्रसँग जाजरकोट र डोल्पा जिल्लाहरू जोडिएका छन् । यी जिल्लाहरूको प्रभाव यस क्षेत्रमा नपरेको होईन तर यहाँ अध्ययन गर्दा यही क्षेत्रमा नै केन्द्रित भएर तयार गरिएको छ । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको खोज-सङ्कलन,वर्गीकरण र भाषिक विश्लेषण गर्न यस शोधकार्यमा प्रयास गरिएको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्यका लागि आवश्यक सन्दर्भ सामग्री सङ्कलन दुई किसिमका स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत क्षेत्रीय शोधपद्धतिअनुसार सम्बन्धित रुकुमको पश्चिम-उत्तरी क्षेत्रअन्तर्गतका १२ वटा गा.वि.स. (आठबीसकोट, आठबीसडाँडागाँउ, गरायला, गोतामकोट, घेत्मा, झूला, दूली, पीपल, पोखरा, बाँफिकोट, मग्मा र स्यालाखदी) हरूमा स्थलगत अध्ययन गरी स्थानीय व्यक्तिहरूबाट यहाँका प्रचलित नेपाली लोककथाहरूको टेपरेकर्ड तथा लिपिबद्ध गरी सामग्री सङ्कलन गरिएको छ । तिनै टेपरेकर्डबाट हु-बहु लिपिबद्ध गरी ती सामग्रीहरूलाई यस शोधपत्रमा प्रस्तुत गरिएको छ । यस क्रममा सामग्री सङ्कलन गर्दा स्थानीय विविध जातजाति, महिला तथा पुरुषहरूलाई कथावाचन गर्न लगाई लिपिबद्ध र टेपरेकर्डको माध्यमद्वारा समेत शब्द उतारी सामग्री सङ्कलन गरिएको छ ।

द्वितीय स्रोतको रूपमा पुस्तकालय अध्ययन तथा लोकसाहित्य र लोककथाका बारेमा लेखिएका विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा प्रकाशित लेख-रचनाहरूको अध्ययनबाट पनि यस शोधपत्र लेखनका लागि चाहिने आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

### १.९.२ प्रस्तुतीकरण

लोककथाहरूका मौलिक विशेषताका रूपमा देखापर्ने स्थानीय लोकस्तरका बोली, उखान-टुक्का, थेगो, स्थानीय सोचाइ, विचार र स्थानीय सामाजिक रीतिरिवाज लोकव्यवहारका कुराहरू यस शोधपत्रमा कुनै परिष्कार नगरी त्यही लोकस्तरकै रूपमा प्रस्तुत गरिएको छ । यस शोधपत्रमा सङ्कलित नेपाली लोककथाहरू नेपाली भाषाको पूर्वेली भाषिका अन्तर्गत भेरी र राप्ती अञ्चलमा पर्ने खसानी भाषिकाबाट प्रभावित छन् । यस भाषिकाका थुप्रै विशेषताहरू पाइन्छन् तर अध्ययन अधुरो नै छ । प्रस्तुत शोधपत्रले रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको खोज-सङ्कलन, वर्गीकरण गरी र त्यहाँ प्रयुक्त भएका शब्दहरूको भाषिक विश्लेषण (जस्तै : क्रियापदिक विशेषता, ध्वनिको विशेषता, तत्सम्, तद्भव शब्दको प्रयोग, नामिक प्रयोग, हिन्दी भाषाको प्रभाव,मिलित क्रियाको प्रयोग, निपातको प्रयोग,विभक्ति चिन्हको बहुलता,आदरार्थी शब्दको प्रयोग आदिको विश्लेषण) गरिएको छ । प्रत्येक लोककथाको अन्त्यमा स्रोत खुलाउनका साथै लोककथामा प्रयुक्त स्थानीय शब्दहरूको स्तरीय नेपालीमा अर्थसमेत दिइएको छ । यस शोधकार्यकै क्रममा उपयोग गरिएका विभिन्न कृतिहरू तथा नेपाली शोधपत्रहरूलाई पादटिप्पणीमा र सन्दर्भ पुस्तक सूचीमा शोधविधिअनुसार नै प्रस्तुत गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रलाई व्यवस्थित र सुगठित रूपमा प्रस्तुत गर्न निम्नलिखित ५ अध्यायको व्यवस्था गरिएको छ :

प्रथम अध्याय : शोधपरिचय

द्वितीय अध्याय : रुकुम जिल्लाको सामान्य परिचय

तृतीय अध्याय : लोककथाको सैद्धान्तिक परिचय

चतुर्थ अध्याय : रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको परम्परा, सङ्कलन, वर्गीकरण र विश्लेषण

पञ्चम अध्याय : उपसंहार (मूल्याङ्कनात्मक निष्कर्ष)

सन्दर्भग्रन्थ सूची

परिशिष्टहरू

# द्वितीय अध्याय

# रुकुम जिल्लाको सामान्य परिचय

## २.१ रुकुम जिल्लाको ऐतिहासिक पृष्ठभूमि

रुकुम जिल्ला मध्यपश्चिमाञ्चल क्षेत्रको राप्ती अञ्चलको सबैभन्दा उत्तरमा अवस्थित छ । यस जिल्लामा मध्यकालीन बाइसे राज्यहरूमध्ये मुसिकोट, रुकुमकोट, बाँफिकोट, गोतामकोट र जहारीकोट आदि राज्यहरू पर्दथे । यस जिल्लाको सदरमुकाम मुसिकोटबाट पूर्वोत्तर तर्फ दश कोषको दूरीमा पर्ने शोभा गाउँ विकास समिति (हाल रुकुमकोट गा.वि.स.) मा कमल पोखरी दह र रुक्मिणी नाम गरेकी देवीको मन्दिर छ। ती रुक्मिणी देवीको नामबाट नै रुकुमकोट नामकरण भएको र पछि त्यसै शब्दबाट रुकुम नाम रहन गएको भन्ने जनश्रुति पाइन्छ। ऐतिहासिक अभिलेख र प्रमाणहरूको आधारमा तत्कालीन जुम्ली राजा मेदिनी वर्माले आफ्ना माहिला भाइ पिताम्बरलाई रुकुमको राज्य दिएका थिए । रुकुम भु-भागको प्रशासन पहिले सल्यान र पछि जाजरकोटबाट हुने गर्दथ्यो । नेपालको सबैभन्दा पछिल्लो पटक भएको २०१८ सालको प्रशासनिक विभाजन मुताविक कायम राखिएको नेपालको नक्सामा यसले छुट्टै जिल्लाको अस्तित्व पाएको देखिन्छ। मध्यकालीन समय जव पश्चिम नेपालका खस मल्लहरूको पतन भयो तव उनीहरूको बिशाल राज्य टुक्रिन थाल्यो। बिस्तारै-बिस्तारै कर्णाली प्रदेश क्षेत्रमा बाईसे राज्यहरूको उदय भयो । गण्डकी क्षेत्र पूर्वमा चौविस राज्यहरूमा कुनै ठूला-ठूला राज्यहरू थिए, जस्तै कास्की, पर्वत, लमजुङ, आदि। केही राज्यहरू नाम मात्रका थिए र ती स-साना राज्यहरूमा राज्य सञ्चालन गर्ने राजालाई रजौटा भनिन्थ्यो । ती स-साना राज्यहरूले राज्य सञ्चालन गर्दा शक्तिशाली राजाहरूको इसारामा गर्नुपर्दथ्यो र आफ्नो अस्तित्व जोगाउन कठिन थियो।

यसरी स-साना राज्यहरूमा विभक्त नेपाललाई एकीकरण गरी बृहत्तर नेपालको सिर्जना गर्ने क्रममा गोरखाधिपति तत्कालीन राजा श्री ५ पृथ्वीनारायण शाहले आफ्नो अभियान पश्चिम तिर सफल हुन नसक्दा पूर्वतिर राज्य विस्तार अभियान सञ्चालन गरेका थिए। यो अभियान पूरा हुन नपाउँदै पृथ्वीनारायण शाहको स्वर्गारोहण भएको हुँदा उक्त कार्यको जिम्मा प्रतापसिंह शाह, रणबहादुर शाह, राजमाता राजेन्द्र लक्ष्मी र अन्तमा बहादुर शाहको काँधमा आईपुग्दा पश्चिम नेपालका सम्पुर्ण राज्यहरू समेत एकीकरण भए । सल्यान राज्यले एकीकरण

अभियानलाई सफल पार्न मद्दत गरेकाले दाङ, जाजरकोट, रुकुम राज्यहरूले आपसमा मिलेर सल्यान माथि हमला गर्ने मतो गरेका थिए । तर काजी दामोदर पाण्डे, जगतजंग पाण्डे, सरदार पर्वल राणा, सुव्वा फौद्धसिंहको नेतृत्वमा नेपाली सैन्यले दाङ सर गरी सल्यानलाई सुम्पेको देखिन्छ । काजी जीव शाह, सरदार अमरसिंह, सुव्वा जोग मल्लले उपल्लो सखीको बाटो गरी जाजरकोट सँग सन्धि गरे । यसरी रुकुम लगायत मुसीकोट, बाँफीकोट, गोतामकोट, जहारीकोटका स-साना राज्यहरू बहादुर शाहको नायबीकालमा एकिकृत भएका थिए । यसरी एकीकरण भएको रुकुम जिल्ला वि.सं. २०१८ सालमा १४ अञ्चल ७५ जिल्लामध्ये मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत राप्ती अञ्चलको उत्तर पश्चिम भेगमा काञ्जीरुवा हिम श्रृङ्खला अन्तरगतको हिमाली चुचुरो सुन्दर सिस्ने हिमालको काखमा अवस्थित एक दुर्गम पहाडी जिल्लाको रूपमा चिनिन्छ ।[1]

## २.२ भौगोलिक अवस्था

नेपालको मानचित्रमा हेर्दा रुकुम जिल्ला २८ डिग्री २९ मिनेट उत्तरी अक्षांशदेखि २९ डिग्री उत्तरी अक्षांशसम्म र ८२ डिग्री १२ मिनेट पूर्वी देशान्तरदेखि ८३ डिग्री ५३ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ । यस जिल्लाको पूर्वमा बाग्लुङ र म्याग्दी, पश्चिममा जाजरकोट, उत्तरमा डोल्पा र दक्षिणमा सल्यान र रोल्पा जिल्लाहरू पर्दछन् । जिल्लाको कुल क्षेत्रफल २,८७७ वर्ग कि.मि. मध्ये बेँसी, पहाड, लेक, हिमाल र नदी नालामा विभक्त भएर समुद्रसतहदेखि ७५४ मिटरमा पर्ने चौरजहारीको समथर भू-भागबाट उठ्दै ५,८४१ मिटरको हिमचुली पर्वतमालासम्म फैलिएको छ ।[2]

रुकुम जिल्लाको भौगोलिक नक्शा परिशिष्ट १ मा राखिएको छ । यस शोधकार्यमा सीमाङ्कन गरिएको क्षेत्रका गा.वि.स. हरू यस जिल्लाको सदरमुकाम मुसिकोट खलङ्गाबाट पश्चिम-उत्तर दिशामा रहेका छन् ।

### २.२.१ भौगोलिक विभाजन

यस जिल्लालाई भौगोलिक आधारमा चार भागमा विभाजन गर्न सकिन्छ ।

(क) हिमाली भाग

---

१ **सिस्ने स्मारिका**, (कर्मचारी मिलन केन्द्र रुकुम, २०५३) पृ. ९ ।

२ **एकीकृत जिल्ला विकास योजना**, (जिल्ला विकास समितिको कार्यालय, रुकुम, २०६९, पृ. २-३ ।

(ख) लेकाली भाग

(ग) पहाडी भाग

(घ) टार

### २.२.१.१ हिमाली भाग

रुकुम जिल्लाको उत्तरी क्षेत्रमा पर्ने यो भू-भाग करिब ४,८७८ मिटरदेखि ६,००० मिटरसम्मको उचाइमा रहेको छ ।[३] यस जिल्लामा मनमोहक सुन्दर सिस्ने हिमाल, पुथा हिमाल, ढोरपाटन शिकार आरक्ष, लालपटान, चित्रीपाटन, डोल्पा जाने द्वारी भञ्ज्याङ, पुपाल भञ्ज्याङ आदि यही भागमा पर्दछन् । नेपालको राष्ट्रिय फूल लालीगुराँस यही क्षेत्रमा फुलेको पाइन्छ । वर्षायाममा बुकी फूल फुलेर यस भू-भागलाई रमणीय तुल्याएको हुन्छ । कस्तुरी मृग लगायतका वन्यजन्तुहरू पाइने यो क्षेत्र जडीबूटीको लागि पनि महत्वपूर्ण मानिन्छ । प्रसिद्ध जीवनबुटी (यार्सागुम्बा) पनि यही भू-भागमा पाइन्छ ।

### २.२.१.२ लेकाली भाग

रुकुम जिल्लाको करिब २,५०० मिटरदेखि ४,८७८ मिटर उचाइमा रहेको महाभारत पर्वत शृङ्खलासँग जोडिएको अग्लो क्षेत्र यस भू-भागमा पर्दछ ।[४] यस क्षेत्रमा जाडो मौसममा हिउँ पर्दछ । यहाँ मानव बस्तीहरू न्यून रहेका छन् । यस भागमा कस्तुरी, ब्वाँसो, हरिण र थार जस्ता वन्यजन्तुहरू पाइन्छन् भने पंक्षीहरूमा डाँफे र मुनाल जस्ता सुन्दर पंक्षीहरू पाइन्छन् । औषधीका रूपमा प्रयोग हुने विभिन्न जडीबुटीहरू जस्तै : पाँचऔंले, सतुवा, पदमचाल्नो, भुत्ले आदि यस भागमा पाइन्छन् ।

### २.२.१.३ पहाडी भाग

समुद्रसतहदेखि करिब ९०० मिटरदेखि २,५०० मिटरसम्मको क्षेत्र यस भू-भागमा पर्दछ ।[५] धेरैजसो मानव बस्तीहरू यस भू-भागमा पर्दछन् । यस क्षेत्रमा मगर, गुरुङ, थकाली, छन्त्याल, कामी, दमाइँ र सुनारको बसोबास अन्य जातिको भन्दा बढी देखिन्छ भने

---

[३] **सिस्ने स्मारिका**, (पूर्ववत, २०५३) पृ. १०-११ ।

[४] **एकीकृत जिल्ला विकास योजना** (पूर्ववत्, २०६९) पृ.२ ।

[५] **सिस्ने स्मारिका**, पूर्ववत्, पृ. ३ ।

ब्राह्मण, नेवार, ठकुरी र क्षेत्रीको बसोबास कम छ । यस क्षेत्रमा नेपालको पहाडी भागमा पाइने वनस्पति, वन्यजन्तु र फलफूलहरू सबै पाइन्छन् ।

### २.२.१.४ टार

समुद्रसतहदेखि करिब ७५४ मिटरदेखि ९०० मिटरसम्मको उचाईको भू-भाग टारअन्तर्गत पर्दछ ।[६] ठूली भेरी र सानी भेरीका साथै यिनका शाखा नदीहरूको किनारमा रहेको समथर भू-भाग यस क्षेत्रमा पर्दछन् । चौरजहारी, खोलागाउँ, सिम्ली, राडीज्यूला, सोलावाङ, अनाहाज्यूला, माछिमी र सादनचौर जस्ता उर्वर टारहरू यस भागमा पर्दछन् । यहाँ प्रशस्त धान, गहुँ, तोरी तथा तरकारी उत्पादन गरिन्छ ।

## २.२.२ जलवायु

समुद्रसतहको ७५४ मिटरदेखि ६,००० मिटरसम्मको उचाइमा अवस्थित रुकुम जिल्लाको तापक्रम अर्द्धउष्ण, समशीतोष्ण र शीतोष्ण गरी तीन भागमा विभाजन गर्न सकिन्छ ।[७] यस जिल्लाको अधिकतम तापक्रम ३४.४० डिग्री सेल्सियस र न्यूनतम तापक्रम ०.४० डिग्री सेल्सियस रहेको छ ।[८] वार्षिक औषत वर्षा १,६०० देखि २,४०० मि.मि. सम्म हुन्छ ।[९]

## २.२.३ पर्यटकीय स्थल

रुकुम जिल्ला पर्यटकीय जिल्ला हो । यहाँ ताल पोखरी, नदीनाला, गुफा, झरना र हिमशृङ्खलाहरूले जिल्लाको सौन्दर्यता बढाउनुका साथै पर्यटकहरूलाई आकर्षण गर्न सक्ने सम्भावना रहेको छ । जिल्लाका केही पर्यटकीय स्थलहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

### २.२.३.१ ताल पोखरी

रुकुम जिल्लामा थुप्रै ताल पोखरीहरू रहेका छन् । यी ताल पोखरीहरूले यस जिल्लाको शोभा बढाएका छन् । जिल्ला सदरमुकाम मुसिकोट खलङ्गाबाट ठीक उत्तरमा अवस्थित स्यार्पूताल बाँफिकोट गा.वि.स. मा पर्दछ । यो ताल पर्यटकीय हिसाबले रमणीय र

---

[६] ऐजन्, पृ. ३ ।

[७] ऐजन्, पृ. ४ ।

[८] ऐजन् ।

[९] ऐजन् ।

महत्त्वपूर्ण मानिन्छ । यसको क्षेत्रफल २.६ वर्ग कि.मि. छ ।[१०] त्रिकोणात्मक आकारमा रहेको यस तालबाट निस्किएको पानीको स्रोतबाट २०० किलोवाट क्षमताको विद्युत उत्पादन गरी स्यार्पूदह साना जलविद्युत आयोजनाले मुसिकोट, बाँफिकोट, रुकुमकोट, पीपल, पोखरा र छिवाङ गा.वि.स. हरूमा विद्युत सेवा उपलब्ध गराउँदै आएको छ ।

कमलताल रुकुम जिल्लाको अर्को रमणीय ताल हो । यो ताल जिल्ला सदरमुकाम खलङ्गाबाट पूर्व उत्तरमा पर्ने रुकुमकोट गा.वि.स. मा पर्दछ । नेपालको सबैभन्दा राम्रो कमल यहाँ पाइन्छ । यसको गेडा कमलपित्त रोगका लागि औषधीको रूपमा प्रयोग गरिन्छ । रुकुम जिल्लाका अन्य तालहरू छिप्री दह (रुकुमकोट), दादुरे ताल (बाँफिकोट), सांख दह (साँख), खारा दह (खारा), फूलबारी दह (चौरजहारी) आदि रहेका छन् ।

### २.२.३.२ गुफाहरू

रुकुम जिल्लामा रहेका गुफाहरूमा देउराली गुफा र साततले गुफा बढी महत्त्वपूर्ण मानिन्छन् । जिल्ला सदरमुकाम मुसिकोट खलङ्गाबाट पूर्व उत्तरमा पर्ने रुकुमकोट गा.वि.स. मा देउराली गुफा लुकुम खोलाको किनारामा अवस्थित छ । यसभित्र विभिन्न मानव र पशुपञ्छी भएका ढुङ्गाहरू चुलिएका र टाँसिएका छन् । साततले गुफा सदरमुकाम खलङ्गाबाट पश्चिम-उत्तरमा पर्ने घेत्मा गा.वि.स. मा अवस्थित छ । यस गुफामा धेरै मानिसहरू अटाउन सक्ने हुनाले पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने समयमा आफ्नो सुरक्षाका लागि विभिन्न ठाउँका राजाहरू यहाँ लुकेको भन्ने भनाइ स्थानीय बासिन्दाहरूको रहेको पाइन्छ । जिल्लामा रहेका अन्य गुफाहरूमा बाघ बस्ने गुफा (काँडा), सिद्ध गुफा (पेउघा), कल्लाकम्द गुफा (चुन्वाङ) र गुप्तीदह गुफा (झूला) रहेका छन् ।

### २.२.३.३ मुख्य नदी तथा झरनाहरू

रुकुम जिल्लामा रमणीय र महत्त्वपूर्ण नदी तथा झरनाहरू रहेका छन् । कर्णाली नदीका सहायक नदी ठूली भेरी र सानी भेरीका किनाराहरूमा राम्रा-राम्रा मानव वस्तीहरू तथा उर्वर खेतीयोग्य जमिन रहेको छ । ठूली भेरी नदी डोल्पा जिल्ला हुँदै जाजरकोट र रुकुम जिल्लाको सिमाना बनाएर दक्षिण-पश्चिमतर्फ बगेको छ । धौलागिरी हिमालको दक्षिणमा पर्ने चालिके पहाडलाई मुहान बनाई बग्ने सानी भेरी नदी जिल्ला सदरमुकाम

---

[१०] **सिस्ने स्मारिका**, पूर्ववत्, पृ. २६ ।

मुसिकोटदेखि उत्तरतर्फ पर्दछ । उत्तरगंगा समेत भनिने यो नदी बाग्लुङको ढोरपाटन हुँदै रुकुमको तकसेरा, जाङ, नायगाड, माछिमी र गरायला हुँदै ठूली भेरीसँग गरायलाको रिम्नामा मिसिन्छ । रुकुम जिल्लामा रहेका अन्य खोलाहरूमा लुकुम खोला, कोर्जा खोला, पेल्मा खोला, सिम्रुतु खोला, तिल्चागाड, मग्मा खोला, बरगाई खोला, देउता खोला र दूली खोला सानी भेरी नदीका सहायक नदीहरू हुन् । जिल्ला सदरमुकाम मुसिकोटदेखि ठीक उत्तरमा पर्ने बाँफिकोट गा.वि.स. को स्यार्पूतालदेखि उत्तरमा रहेको सुन्दर सिमैछरी झरना पर्यटकीय हिसाबले महत्त्वपूर्ण मानिन्छ । यस झरनाको पानी स्यार्पूतालमा मिसिन्छ । अन्य झरनाहरूमा नौधारी झरना, गिल्बाङ झरना, घुम्चे झरना, कवगाड झरना, गाराघाट झरना, गुल्जा झरना आदि मुख्य मानिन्छन् ।

### २.२.३.४ हिमशृङ्खला

रुकुम जिल्लाको सदरमुकाम मुसिकोटदेखि ठीक उत्तरमा पर्ने यस जिल्लाका स्यालाखदी र सिस्ने गा.वि.स. को सिमानामा रमणीय र सुन्दर सिस्ने हिमाल पर्दछ । मुर्कट्टा हिमालको नामले चिनिने यो हिमाल कान्जीरोवा हिम शृङ्खलाअन्तर्गत पर्दछ । यसको उचाइ ५,८४१ मिटर छ ।[११] जिल्लाका अन्य पहाडहरूमा भन्भने लेक, झारमारे लेक, बल्लेजुरीको लेक, मौराखाराको लेक, खामे लेक, चमेरे लेक, थुमा लेक र तीन बहिनीको लेक मुख्य मानिन्छन् ।

## २.२.४ प्राकृतिक सम्पदा

रुकुम जिल्लामा प्राकृतिक सम्पदाहरू प्रशस्तै रहेका छन् । यस जिल्लामा प्राप्त प्राकृतिक स्रोतले जिल्लाको शोभा बढाउन सहयोग गरेको छ । यस जिल्लामा प्राप्त प्राकृतिक स्रोतलाई यहाँ प्रस्तुत गरिएको छ ।

### २.२.४.१ खनिज सम्पदा

विभिन्न प्राकृतिक स्वरूप र साधनले सम्पन्न यस जिल्लामा हालसम्म सरकारी स्तरबाट खनिज सम्पदाको बारेमा अनुसन्धान नभए पनि प्राप्त जानकारीका आधारमा खनिज पदार्थहरू जिल्लाका विभिन्न क्षेत्रमा भएको अनुमान छ । जिल्लाको पूर्वी भेगमा पर्ने

---

[११] **रुकुम जिल्लाको वस्तुगत विवरण**, पूर्ववत्, पृ. १६ ।

काँडा गा.वि.स. को सेरावाङ, शोभाको काल्चे खानी र कोलको फल्नाईमा तामाखानी भएको अनुमान छ । सिसाखानी सिस्ने हिमालको छेउछाउ र बाँफिकोटमा रहेको छ ।[१२]

### २.२.४.२ मुख्य जडीबूटीहरू

रुकुम जिल्लाको लेक र हिमाली भू-भागका वनजङ्गलहरूमा विभिन्न अनमोल जडीबुटीहरू पाइन्छन् । यहाँ पाइने जडीबूटीहरूमा सुगन्धवाल, दालचिनी, यार्सागुम्बा, पाँचऔंले, टिमुर, बोझो, सतुवा, गुच्छीच्याउ, पदमचाल, कुरिलो, गुर्जो, कटुकी, बादलपाते, हर्रो, अमला, हलहले, चिराईतो, जटामसी, भलायो, शीलाजीत, पाखनवेद आदि रहेका छन् ।

### २.२.४.३ वन्यजन्तु आरक्ष

नेपालकै सबैभन्दा ठूलो शिकार आरक्ष ढोरपाटन शिकार आरक्ष रुकुम, बाग्लुङ र म्याग्दी जिल्लामा पर्दछ । यस आरक्षको केही भाग रुकुम जिल्लामा पनि पर्दछ । यस जिल्लाको सदरमुकाम मुसिकोट खलङ्गादेखि पूर्व-उत्तरमा पर्ने ढोरपाटन वन्यजन्तु आरक्षले जिल्लाका तीनवटा गा.वि.स. रन्मामैकोट हुकाम र तकसेराको अधिकांश भागलाई ओगटेको छ । यसको स्थापना वि.सं. २०४१ सालमा भएको हो । यसको कुल क्षेत्रफल २,६२२ वर्ग कि.मि. मध्ये १,४१७ वर्ग कि.मि. क्षेत्रफल यस जिल्लामा पर्दछ ।[१३] यस आरक्षभित्र घोरल, झारल, चितुवा, नाउर, कस्तुरीमृग, बँदेल आदि लगायतका विभिन्न वन्यजन्तुहरू पाइन्छन् ।

## २.३ सामाजिक अवस्था

रुकुम विभिन्न जातजाति, भेषभूषा, भाषा-संस्कृति, चाडपर्व र धार्मिक विविधतामा एकता भएको जिल्ला हो । यहाँको जनजीवन भौगोलिक धरातलअनुसार प्रभावित रहेको छ ।

### २.३.१ जातजाति

यस जिल्लामा पुराना आदिवासी अधिकांश मगर जाति भए तापनि ब्राह्मण, क्षत्री, ठकुरी लगायत नेवार, गुरुङ, सन्यासी, थकाली, कामी, सुनार, दमाइँ, सार्की, बादी आदि जातिहरू छन् ।

---

[१२] ऐजन् ।

[१३] ऐजन्, ।

रुकुम जिल्लाको जनसङ्ख्यालाई हेर्दा क्षत्री १,१०,०७५, मगर ४३,६२१, ठकुरी ९,५७४, कामी, ७,५०५, ब्राह्मण ६,४७३, सन्यासी ३,१३५, दमाइँ २,०३४, सार्की १,०३७, गुरुङ ६६८, नेवार ५३१, सुनार ३४०, घर्ती/भुजेल २२३, मुस्लिम १४१, तेली ११२, बादी ४५ र अन्य २,९२४ जना छन् ।[१४] यस जिल्लाको उत्तर-पूर्वी भेगका काँडा, काँक्री, महत, चुनबाङ, कोल, तकसेरा, हुकाम, मैकोट, जाङ र प्वाँङ गा.वि.स. हरूमा मगर जातिहरूको बसोबास बढी छ भने यस शोधकार्यका लागि सीमाङ्कन गरिएका गा.वि.स.(आठबीसकोट, आठवीसडाँडागाँउ, गरायला, गोतामकोट, घेत्मा, झूला, दूली, पीपल, पोखरा, बाँफिकोट, मग्मा र स्यालाखदी) हरूमा क्षेत्री, ब्राह्मण, ठकुरी, मगर, कामी र दमाइँ बढी छन् भने अन्य जातिहरू कमै पाइन्छन् ।

### २.३.२ भाषा

राष्ट्रिय जनगणना २०५८ को तथ्याङ्कअनुसार रुकुम जिल्लामा बसोबास गर्ने मानिसहरूको मातृभाषा देहायबमोजिम रहेको छ ।[१५]

| क.सं. | मातृभाषा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | नेपाली | ८८,५३० | ८६,२२२ | १,७४,७५२ |
| २. | मगर | ६,७९६ | ६,७०० | १३,४९६ |
| ३. | मैथिली | ३ | १ | ४ |
| ४. | गुरुङ | ३ | ३ | ६ |
| ५. | सेर्पा | ३ | २ | ५ |
| ६. | हिन्दी | ३४ | १२ | ४६ |
| ७. | भाषा नखुलेको | ५२ | ५३ | १०५ |

(**राष्ट्रिय जनगणना तथा घरधुरी सर्वेक्षण २०६८,** -काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग, २०६९ द्वारा भाषाको जिल्लागत विवरण तयार नभएकाले **राष्ट्रिय जनगणना २०५८ को विवरण** राखिएको छ ।)

### २.३.३ जनसङ्ख्या

बि.सं. २०६८ को जनगणनालाई हेर्दा रुकुम जिल्लाको कुल जनसंख्या २,०८,५६७ रहेको छ । त्यसमध्ये पुरुष ९९,१५९ र महिला १,०९,४०८ रहेको छ । यस जिल्लाको कुल

[१४] **जिल्ला जनसाङ्खिकीय वस्तुगत विवरण**, (काठमाडौँ : अनौपचारिक विभाग, अनुसन्धान तथा अध्ययन केन्द्र, २०५९), पृ. ५८५ ।

[१५] ऐजन्, पृ. ५८४ ।

घरधूरी संख्या ४१,८५६ रहेको छ । यहाँ प्रति वर्गकिलोमिटर ७२ जना जनघनत्व रहेको छ । लैंगिक अनुपात ९०.६ रहेको छ । साथै औसत परिवार संख्या ४.९८ जना रहेको छ । रुकुम जिल्लाका पूर्वी भेगको तुलनामा पश्चिमी भेगका गा.वि.स. हरूमा जनसङ्ख्या बढी रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस शोधकार्यमा सीमाङ्कन गरिएको क्षेत्रमा जम्मा १२ गा.वि.स. रहेका छन् । ती गा.वि.स. हरू वर्णानुक्रमानुसार आठवीसकोट, आठवीसडाँडागाँउ, गरायला, गोतामकोट, घेत्मा, झूला, दूली, पीपल, पोखरा, बाँफिकोट, मग्मा र स्यालाखदी हुन् । यी गा.वि.स. हरूको कुल जनसङ्ख्या ६५,९५२ जना रहेको छ जसमा पुरुषतर्फ ३१,८६४ जना र महिलातर्फ ३४,०८८ जना रहेका छन् । यहाँ जम्मा घरधूरी १२,७९९ रहेका छन् । [१६]

## २.३.४ धर्म

रुकुम जिल्लाको प्रमुख धर्म हिन्दू हो भने अन्य धर्म मान्ने मानिसहरू पनि यहाँ बसोबास गर्दछन् । राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लामा हिन्दू धर्म मान्ने मानिसहरू २,०१,२९४ जना रहेका छन् भने अन्य धर्म मान्ने मानिसहरूमा बौद्ध २,२३५ क्रिश्चियन ३,३१७, ईस्लाम १२६, प्राकृतिक ३५७, बहाई ३ र अन्य १,२३५ जना रहेका छन् ।[१७]

समग्र रुकुम जिल्लाको जस्तै यस शोधकार्यमा सीमाङ्कन गरिएका नेपाली भाषा बोलिने क्षेत्रका गा.वि.स. हरूमा धेरैजसो मानिसहरूले हिन्दू धर्म मान्दछन् भने अन्य धर्म मान्ने मानिसहरूको सङ्ख्या कमै रहेको छ ।

## २.३.५ भेषभूषा

भौगोलिक धरातल तथा जातिका आधारमा यहाँ आफ्नै खाले भेषभूषा छ । यस शोधकार्यमा सीमाङ्कन गरिएका खसानी भाषिका बोलिने क्षेत्रका जातजातिहरूलाई समष्टिगत रूपमा हेर्दा लोग्नेमानिसहरू दौरासुरुवाल, कोट, टोपी लगाउँछन् तर युवाहरू पाइन्ट, कमिज तथा सुट लगाउने गर्दछन् । महिलाहरू गुन्यू, चोली, साडी, ब्लाउज, नाकमा फुली, गलामा तिलहरी, हातमा चुरा आदि लगाउँछन् भने आधुनिक पढेलेखेका युवतीहरूले कुर्ता, सुरुवाल, म्याक्सी, फ्रक, मिड्डी आदि लगाउने गर्दछन् ।

---

[१६] **राष्ट्रिय जनगणना तथा घरधुरी सर्वेक्षण २०६८**, (काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग, २०६९), पृ. ४१ ।

[१७] ऐजन् पृष्ठ १८४ ।

### २.३.६ चाडपर्व तथा प्रमुख जात्राहरू

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा विभिन्न जातजातिका समुदायहरूले बडादशैं, तिहार, हरितालिका तीज, मकर सङ्क्रान्ति, बैशाख पूर्णिमा, माघे सङ्क्रान्ति, जनै पूर्णिमा र चैते दशैं आदि चाडपर्वहरू धूमधामसँग मनाउँछन् ।

यस क्षेत्रमा लाग्ने प्रमुख जात्राहरूमा चैतेदशैं रामनवमीमा बाँफिकोट रेलेबगर मेला, मङ्सिर पूर्णिमामा लाग्ने पीपलको कुनाखेत मेला, कात्तिक पूर्णिमामा लाग्ने बाँफिकोट दुदिलचौर मेला, आश्विन पूर्णिमामा लाग्ने मग्मा किमाना मेला र कात्तिक कृष्ण पञ्चमीमा लाग्ने मग्मा जिपसिङ मेला रहेका छन् ।

### २.३.७ धार्मिक स्थल

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा पर्ने यस शोधकार्यमा सीमाङ्कन गरिएका नेपाली भाषा प्रयोग गरिने क्षेत्रका गा.वि.स. हरूमा धेरैजसो मानिसहरूले हिन्दू धर्म मान्ने भएकाले पूजाआजा मन्दिरमा गर्ने गरिन्छ । त्यस्ता मन्दिरहरूमा  मष्टदेवता (गादीघर) मन्दिर (बाँफिकोट), ब्रह्मा मन्दिर (बाँफिकोट), लक्ष्मीनारायण मन्दिर (आठबीसकोट), सिद्ध मन्दिर (पीपल) कालिका मन्दिर गोतामकोट, रोगाजा देउतीको मन्दिर (स्यालाखदी) आदि मुख्य रहेका छन् । यसका साथै यस जिल्लाका अन्य प्रसिद्ध धार्मिक स्थलहरूमा डिग्रे साईकुमारी मन्दिर (खलंगा), रुक्मिणी देवीको मन्दिर (रुकुमकोट) आदि रहेका छन् ।

## २.४ शैक्षिक अवस्था

रुकुममा शैक्षिक अवस्था अन्य जिल्लाहरूको तुलनामा कमजोर देखिन्छ । वि.सं. १९९० सालमा जिल्ला सदरमुकाम मुसिकोट खलङ्गामा गुरुप्रसाद अधिकारीले संस्कृत-कर्मकाण्ड अध्यापन सुरु गरेको भाषा पाठशाला नै रुकुममा शिक्षाको पहिलो बीजारोपण हो ।[१८] हाल नेपाल सरकारले शिक्षालाई सर्वसुलभ बनाउन लिएको नीति लगानी र जनचेतनाको अभिवृद्धिका कारण शिक्षामा व्यापक विस्तार भएको छ । राष्ट्रिय जनगणना तथा घरधुरी सर्वेक्षण २०६८, तथा केन्द्रीय तथ्याङ्क विभाग, २०६९),को अभिलेखअनुसार

[१८] **सिस्ने स्मारिका**, पूर्ववत पृ. ४१ ।

रुकुम जिल्लाको कुल साक्षरतादर ४५ प्रतिशत रहेको छ । जसमा पुरुष साक्षरतादर ५८ प्रतिशत रहेको छ भने महिला साक्षरतादर ३२ प्रतिशत रहेको पाइन्छ ।[१९] हाल रुकुममा क्याम्पस ६, उच्च मा.वि. ३०, मा.वि. ३६, नि.मा.वि. ७०, प्रा.वि. २५८, निजी विद्यालय २५ रहेका छन् । शैक्षिक सत्र २०६९ का अनुसार प्राथमिकदेखि माध्यमिक तहसम्म जम्मा ८९,१७१ छात्रछात्राहरू अध्ययनरत रहेका छन् । जसमा माध्यमिक तहमा ८,८१८ जना, निम्न माध्यमिक तहमा १९,४८५ जना र प्राथमिक तहमा ६०,८६८ जना विद्यार्थीहरू अध्ययनरत छन् । यसैगरी शिक्षकहरूको सङ्ख्या मा.वि. मा १७६ (राहत समेत) जना, नि.मा.वि. मा २८५ (राहत समेत) जना र प्रा.वि. मा १०६५ (राहत समेत) गरी जम्मा १,५२६ जना रहेको छ ।[२०] यसरी हेर्दा रुकुम जिल्लाको शैक्षिक अवस्था अन्य कतिपय जिल्लाको तुलनामा न्यून रहेको देखिन्छ ।

यस शोधकार्यमा सीमाङ्कन गरिएको क्षेत्रमा क्याम्पस २, उच्च मा.वि.४वटा (बाँफिकोट, पीपल, मग्मा, आठविसकोट), र माध्यमिक विद्यालय १० रहेका छन् ।

## २.५ आर्थिक अवस्था

रुकुम जिल्ला आर्थिक दृष्टिकोणले अत्यन्तै पिछडिएको जिल्ला हो । यहाँ अहिलेसम्म खासै औद्योगिक विकास हुनसकेको छैन । धेरैजसो मानिसहरूको मुख्य पेशा कृषि हो । तर कृषि पेशाबाट मानिसहरूको जीवनस्तर माथि उठ्न सकेको छैन । यस जिल्लामा आर्थिक हिसाबले सक्रिय जनसङ्ख्या जम्मा ६३.४३ प्रतिशत रहेको छ । जसमा पुरुषतर्फ ६९.२७ प्रतिशत र महिलातर्फ ५७.३४ प्रतिशत रहेको छ । जिल्लाको कुल कृषियोग्य जमिन ३५,३६० हेक्टरमा ५,३६३ हेक्टर मात्र जमिन सिंचित छ । कृषि पेशामा लाग्ने ८१.५४ प्रतिशत र गैरकृषि पेशामा लाग्ने १८.४६ प्रतिशत जनसङ्ख्या रहेको छ ।[२१]

यसरी हेर्दा यस शोधकार्यका लागि सीमाङ्कन गरिएको क्षेत्र पनि सिङ्गो रुकुम जिल्लाकै आर्थिक अवस्थासँग तुलनायोग्य भएकाले यसको आधारमा निर्दिष्ट यस क्षेत्रका मानिसहरूको आर्थिक अवस्थाको व्याख्या गर्न सकिन्छ । यहाँका मानिसहरू भैंसीहरू पाल्ने, घ्यू उत्पादन गर्ने र बिक्री गरेर आर्थिक उपार्जन गरी जीवन गुजारा चलाइरहेको पाइन्छ । कृषि बाली उत्पादनको आधारमा हेर्दा अन्नबालीहरूमा मकै, गहुँ, धान, जौँ, कोदो, फापर र

[१९] **एकीकृत जिल्ला विकास योजना**, पूर्ववत्, पृ. ३ ।

[२०] **शैक्षिक तथ्यांक विवरण**, (रुकुम : जिल्ला शिक्षा कार्यालय, २०६९), पृ. १-२ ।

[२१] ऐजन्, पृ. ४ ।

ऊवा उत्पादन हुन्छ भने दलहनमा सिमी, मसुरो, गहत, मास, चना, केराउ र भटमास उत्पादन हुन्छ । यस क्षेत्रमा तेलहनतर्फ तोरी, सर्स्यू, चिउरी (मिजुला) र तील उत्पादन राम्रो हुन्छ ।

## २.६ निष्कर्ष

राप्ती अञ्चलका पाँच जिल्लाहरूमा सबैभन्दा उत्तरमा पर्ने जिल्ला रुकुम हो । यो जिल्ला उत्तरमा उच्च हिमाली भेगदेखि होचो समथर वेसी र टारसम्म फैलिएको छ । पश्चिममा जाजरकोट, उत्तरमा डोल्पा, पूर्वमा म्याग्दी र बाग्लुङ, दक्षिणमा रोल्पा र सल्यानको बीचमा अवस्थित यस ऐतिहासिक जिल्लामा विशिष्ट प्रकारको हावापानी पाइन्छ । सुन्दर पर्यटकीयस्थल तथा प्राकृतिक सम्पदाले भरिपूर्ण यस जिल्लामा ब्राह्मण, क्षत्री, मगर, कामी, दमाइँ, गाइने, सार्की, वादी आदि जस्ता जाति तथा जनजातिका मानिसहरूले बसोबास गर्दै आएका छन् ।

यस शोधकार्यका लागि सीमाङ्कन गरिएको रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्र जिल्ला सदरमुकाम मुसिकोटबाट पश्चिम-उत्तर दिशातर्फ फैलिएको छ । यस अध्ययन क्षेत्रमा वर्णानुक्रमानुसार आठबीसकोट, आठबीसडाँडागाउँ, गरायला, गोतामकोट, घेत्मा, झूला, दूली, पीपल, पोखरा, बाँफिकोट, मग्मा र स्यालाखदी गा.वि.स. हरू रहेका छन् । रुकुम जिल्लाका कुल ४३ गा.वि.स. हरूमध्ये यस अध्ययन क्षेत्रमा पर्ने १२ गा.वि.स. हरूको कुल जनसङ्ख्या ६५,९५२ जना रहेको छ ।[२२] यहाँ विभिन्न जातजाति, धर्म संस्कृतिका मानिसहरूले बसोबास गर्दछन् । यस क्षेत्रमा बस्ने मानिसहरूको मुख्य भाषा नेपाली हो । परम्परागत गुन्यू, चोली, नाकमा फुली, हातमा चुरा लगाउनु यहाँको आफ्नै भेषभूषाको सङ्केत हो । दिनभरीको थकाइ, भोकप्यासलाई बिर्सन साँझपख युवायुवतीहरू भेला भई गुरुङको रोदीघर झैं तमाखु खाने, दोहरी चलाउने, ख्यालठट्टा गर्ने चलन रुकुम जिल्लाको यस क्षेत्रमा अद्यापि चलिरहेको छ । यसरी भेला हुनेलाई छोट्टे-छोट्टी भन्ने चलन छ । शिक्षाको ज्योति गाउँ-गाउँमा फैलिए तापनि रुकुमेली जनसमाजका मानिसहरू अझै अज्ञानताको भुमरीमा रुमल्लिरहेका छन् ।

शैक्षिक अवस्थामा पहिलेको तुलनामा विकास भएको पाइए तापनि नेपालका अन्य जिल्लाहरूको तुलनामा रुकुमेली जनसमाज कम शिक्षित देखिन्छ । ग्रामीण समाजमा

---

[२२] ऐजन्, पृ. २८४ ।

मानिसहरू अन्धविश्वास, रुढिवादी परम्परामै रुमल्लिरहेका छन् । अहिले मोटरबाटो जिल्ला सदरमुकाम खलङ्गा र अन्य गा.वि.स. हरूमा पुगेको भए तापनि यातायातको त्यति राम्रो व्यवस्था छैन । रुकुमका अधिकांश क्षेत्रमा पुग्न पैदल हिड्नुपर्दछ । सञ्चारतर्फ पुरानो सञ्चारको साधन हुलाक का साथै यस जिल्लामा टेलिफोन, टेलिभिजन जस्ता आधुनिक सञ्चारका साधनको कमै मात्रामा विकास भएको छ । आर्थिक हिसाबले पिछडिएको यस जिल्लाका मानिसहरूको मुख्य पेशा कृषि र पशुपालन हो । कृषक भएर पनि सिंचाइ सुविधाको कमीको कारणले कृषि उपजमा वृद्धि गर्न सकिएको छैन । त्यसैले रुकुममा बाहिरबाट खाद्यान्न धेरै आयात हुनेगर्दछ ।

रुकुम जिल्लाको विकासका लागि नेपाल सरकारले यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य र पर्यटकीय विकासका लागि विशेष बजेट छुट्याएर जनशक्ति परिचालन गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखापरेको छ ।

# तृतीय अध्याय

# लोककथाको सैद्धान्तिक परिचय

## ३.१ लोकसाहित्यको पृष्ठभूमि

लोक साहित्य शव्दमा पाइने 'लोक' र 'साहित्य' शब्दलाई विभिन्न विवेचना भएका छन् । 'लोक' शव्द 'लोक्यते अनेन' विग्रहमा 'लोकृ-दर्शने' धातुमा अ ('घञ्') प्रत्यय लागी बनेको बुझिन्छ ।[१] जसको अर्थ हुन्छ देखिने दुनियाँ, संसार आदि । यस अनुसार 'लोक' शब्दद्वारा जनजीवन वा जनसमुदायलाई बुझ्न सकिन्छ । त्यस्तै 'साहित्य' शब्दले पनि लिखित होस् वा अलिखित मौखिक) जुनसुकै प्रकारको होस्- भावुक मनुष्य हृदयबाट निःसृत सुकोमल तथा निश्छल सरस अभिव्यक्तिलाई बुझाउँछ तापनि यहाँ 'लोक' सन्दर्भले गर्दा खासगरी अलिखित (मौखिक) अभिव्यक्ति सँग सम्बन्धित छ । संस्कृत भाषामा 'लोक' प्राचीन शब्द हो । वैदिककालदेखि नै 'लोक' शब्दले साधारण जनतालाई बुझाउँदै आएको पाइन्छ । वेदमा कहीँ 'लोक' शब्दले समस्त जनसमुदायलाई अर्थ्याएको छ त कहीँ स्थान (संसार) लाई बुझाउन यसको प्रयोग भएको छ, अनि कहीँ चाहिँ दिव्य र पार्थिव दुबै स्थानलाई लिएर पनि यो शब्द आएको देखिन्छ । जस्तै 'देहि लोकम्' तथा 'लोकाँ अकल्पयत्' इत्यादि । अनि वैदिक कालपछिका पौराणिक युगतिर आएर हेर्ने हो भने भारतबर्षमा आर्यहरूको विस्तार हुन लागेपछि रचना गरिएका ग्रन्थहरूमा प्रयुक्त 'लोक' शब्दले कहिलेकाहीँ आर्य-अनार्य दुबै समाजलाई बुझाएको पनि देख्न सकिन्छ ।

जस्तै - 'अतोऽस्मि लोके वेदे च प्रथित पुरुषोत्तमः

'लोक संग्रहमेवापि संपश्यन्कर्तु महँर्सि' [२]

यहाँ प्रयुक्त 'लोक' शब्दले यकातिर जनता र स्थानलाई बुझाएको पाइन्छ भने अर्कोतिर 'लोकसंग्रह' शब्दले चाहिँ साधारण जनता तथा तिनिहरूको आचरण, व्यवहार र आदर्श आदिलाई लिएको बुझिन्छ । यस्तै संस्कृत वैयाकरण पाणिनि, कात्यायन तथा पतञ्जली आदिले पनि भाषिक सन्दर्भमा 'लोक' र 'वेद' दुई सत्ताको अस्तित्व स्वीकार गरेको कुरा उनीहरूका रचना (ग्रन्थ) हरुको अध्ययन बाट स्पष्ट हुन्छ । यसरी ब्यापकता लिँदै

---

[१] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौं : पाठ्यक्रम विकास केन्द्र त्रि.वि.२०४१) पृष्ठ ४ ।

[२] ऐजन्, पृष्ठ. ५ ।


प्रचलित हुन आएको 'लोक' शब्दले बौद्ध दर्शन तिर आएर अझ विशाल अर्थलाई प्रष्टयाएको छ । बौद्ध ग्रन्थहरूमा प्रयोग गरिएको 'लोक' शब्दले समस्त मानव समाज र सम्प्रदायलाई लिएको छ । त्यस्तै अशोकको शिला लेखमा राखिएको 'लोक' शब्दले पनि आफ्ना प्रजाजनलाई लिएको बुझिन्छ । यसप्रकार व्यापक अर्थमा प्रयोग हुँदै आएको 'लोक' शब्द निश्चयनै समस्त जनसमाज र उनीहरुको अवस्थितिलाई बुझाउन समर्थ भएको छ । भारतीय विद्वान् डा. बासुदेवशरण अग्रवालले-लोक हाम्रो जीवनको समुद्र हो, भूत-भविष्यत् र वर्तमान सञ्चित रहन्छ । अतः यो राष्ट्रको अमर स्वरुप हो-भनी उल्लेख गरेका छन् । यस अनुसार आधुनिक साहित्यको प्रबृत्तिमा 'लोक' शब्दको प्रयोग साहित्य, संगीत, कथा, वार्ता आदिसँग मिलेर आएको पाइन्छ जसको तात्पर्य लोक साहित्य लोकजीवनको अन्तर्हृदयबाट प्रष्फुटित हाँसो र आँशुको सहज उद्धार हो भन्ने बुझिन्छ । अनि हाम्रो लोकजीवनका पूर्वसञ्चित भावना, विश्वास र आदर्श आदि यसैमा सञ्चित र सुरक्षित रहेका हुन्छन् । अंग्रेजी भाषाको 'फोक्' शब्द सर्बसाधारण एवं राष्ट्रका सारा मानिसहरूलाई समेत बोध गराउने-बुझाउने शब्द पनि रहेको पाइन्छ । जनताको सर्वमान्यवस्तु-संस्कृति, कला, परम्परा, विश्वास, भ्रम, श्रद्धा, कथा, गीत, उखान आदिलाई लिएर यिनीहरूको सामूहिक वाचक अर्थका रुपमा बेलायतका पुरातात्विक विद्वान् विलियम जोन थोमस्ले ई.सं. १८४६ मा 'फोक्लोर' शब्दको प्रयोग गरे । बिस्तारबिस्तार यो शब्द लोकप्रिय बन्दै पाश्चात्य देशहरूमा मात्र नभई भारतीय भूमिमा समेत यसले व्यापकता लिन पुग्यो । यसरी आज लोकजीवनगत संस्कृति र सभ्यताको अध्ययन क्रममा जताततै 'फोक्लोर' को नै प्रयोग र अध्ययन भएको बुझिन्छ । सभ्यताको प्रभावबाट टाढा रहेका आफ्ना सहजावस्थामा वर्तमान जुन निरक्षर जनता हुन् उनका आशा, निराशा, हर्ष-विस्मात, जीवन-मरण, लाभ-हानी, सुख-दुःखको अभिव्यञ्जना जुन साहित्यमा प्राप्त हुन्छ । त्यसैलाई लोकसाहित्य भनिन्छ । लोकव्यवहारमा लोकहितका निम्ति लोकभाषामा लोकविचारलाई प्रवाहमय शैलीमा लोकले प्रस्तुत गर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ ।[३] लोकसाहित्यले लोकस्तरीय अभिव्यक्तिको माग गर्दछ । साहित्यिक विधा भएकाले यसमा साहित्यिक विशेषता त अवश्य नै रहन्छन् तर लौकिक पक्षको उपस्थिति र मौखिक अभिव्यक्ति अनिवार्य मानिन्छन् । [४]

[३] ऐजन्, पृष्ठ ७ ।

[४] मोतीलाल पराजुली, **नेपाली लोकगाथा**, (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९) पृष्ठ २ ॥

यसरी विभिन्न ग्रन्थ र विद्धानहरूका परिभाषालाई दृष्टिगत गरी लोकसाहित्यका बारेमा यसरी भन्न सकिन्छ- लोकसाहित्य लोकजीवनमा कहिल्यै नहराउने, अजरामर साझा सम्पत्ति हो । लोकसाहित्यको अध्ययन गर्दै जाँदा यसमा विभिन्न जात, जाति, धर्म, संस्कृति, रहनसहन, भेषभूषा, सामाजिक परम्परा एवम् समग्र समाजको छवि झल्केको देख्न सकिन्छ । यसरी शास्त्रीय बन्धनबाट मुक्त रहेर लोकपरम्परामा आधारित, मानव जीवनका दुःख-सुखलाई दुरुस्तै बोकेको, सहजानुभूतिलेयुक्त मौखिक साहित्य नै लोकसाहित्य हो । लोकसाहित्यका विभिन्न विधाहरू रहेका छन् ।

लोक साहित्यलाई यति विधामा नै वर्गिकरण हुन्छ भन्नु त्यति सुहाउँदो र युक्तिसंगत हुँदैन, तर नेपाली लोकसाहित्यलाई विधागत रूपमा वर्गीकरण गर्ने क्रममा लोकसाहित्यका अध्येता मोतीलाल पराजुलीले भाषिक अभिव्यक्तिका आधारमा यसरी वर्गीकरण गरेका छन् :




यसरी लोकसाहित्यका आठवटा विधाहरू देखिए तापनि तिनीहरूका विशेषता संरचना र उद्देश्य आदिका समानता तथा पारस्परिक अन्तर्सम्बन्धलाई ख्याल गरी लोक साहित्यका अर्का अध्येता धर्मराज थापा र हंसपुरे सुबेदीले लोकसाहित्यलाई जम्मा ७ विधामा वर्गीकरण गरेका छन् ।

(क) लोककथा

(ख) लोकगाथा

(ग) लोकगीत

(घ) लोकनाटक

(ङ) उखान-टुक्का

(च) गाउँखाने कथा

(छ) विविध

यो वर्गीकरण एउटा आधारशिला मात्र हो-सजिलोको लागि । अतः यही नै अन्तिम निर्णय वा ठोकुवा होइन । लोक साहित्यका पाठक वर्गले यही धारणाद्वारा लोकसाहित्यका विविधपक्ष (विधा) केलाउन र नयाँ उपलब्धिहरु खोज्दै प्रस्तुत गर्न सजिलो हुन्छ ।

## ३.२ लोककथाको परिचय

सामान्यतः कथा, दन्त्यकथा, लोककथा, यी एउटै कुरा बुझाउने शब्द हुन् । अनि यी हाम्रो चिनेजानेका नै बिषयवस्तु पनि हुन् । लोककथा भनेर खासगरी युगौंयुगको परम्परादेखि जनताको मुखमुखै एकनासले चलिआएका काल्पनिक घटनाप्रधान कथाहरूलाई लिइन्छ । कथा भन्ने, सुन्ने र रसलिई रमाइलो तथा मज्जा मान्ने परम्परा आजको होइन, यो मानव सिर्जनाका प्रारम्भकालदेखिको नै हो । यहाँ जिज्ञासा र कौतुहलताको यस्तो अद्‌भुत शक्ति समाहित छ जसले गर्दा स-साना नानी देखि बूढाबूढी सम्म मुग्ध बन्न पुग्दछन् । हाम्रा पुराणसाहित्यमा कथालाई मनोविनोद साथै संसारताप-तप्त प्राणीको निम्ति जीवन रूप्रदान गर्ने संजीवनीबुटी भनी उल्लेख गरेको पाइन्छ ।

बेलुका पिंडी, मजेरी र अँगेनाको डील कतै होस घरका आफ्ना दाजुबहिनी वा दिदीभाइ एवं दौंतरीहरूसँग बसी बूढाबा अथवा बूढीआमैको थोते दाँतबाट झरेका उडन्ते रमाइला कथाहरू सुनी मख्ख भएको कुरा हाम्रो दिलमा अझै ताजै छ । घरमा बसी-बसी गर्न सकिने काम-मकै छोडाउनु, हत्तेउरी बाट्ने, नाम्लो वा दाम्लो, ढकिया वा ढाकर बुन्ने आदिदेखि लिएर कतै टारी खेतको कुलो कुर्न बस्ने, गोठालो जाने वा गोठ बस्ने आदि जस्ता दिक्क लाग्दा कामहरूको सिलसिलामा समेत त्यो मनको पटयाई (दिक्कत) छल्नका निम्ति युगौंयुगअघिबाट हाम्रा बूढापाकाहरूले हालेका लोककथाको परम्परा पुस्तौँ-पुस्तादेखिको हो । कुनैपनि सुकुमार-हृदय लोककथाका अनौठा-अनौठा पात्र-पात्रा, स्याल, खरायो, भँगेरा, बाज, बाघ, हात्ती, आदिदेखि लिएर राजा-रानी, सुनकेसरी मैँया, राजकुमार-राजकुमारी, टुहुरी केटी, सौतेनी आमा आदिका समेत चाखिला कथाहरू सुन्दा ज्यादै मिठो आनन्द र अनुभूति लिन

पुग्दछ । एकातिर अतिरञ्जनाले भरिएका यहाँका पात्रपात्राहरूले मानवहृदयलाई कल्पनातीत लोकमा घुमाउँछन् भने अर्कोतिर अनौठा-अनौठा कथा बुनाईएको कल्पनाले एउटा चाखिलो र घतिलो मिठास पनि दिन्छ । यसैले आजको दुनियाँमा पनि यो लोकप्रिय र चिरजीवित छ । संसार अनित्य छ, कथा भन्नेको अन्त्य हुन्छ र सुन्नेको पनि अन्त्य हुन्छ तर एउटा मुखबाट अर्को मुखमा सर्दै आएको दन्त्यकथाको पूरापूर अन्त्यचाँहि हुँदैन । यो उस्तै वा परिवर्तित, परिवर्द्धित जुन रूपमा पनि चलिरहेछ र चलि नै रहनेछ । जसरी एउटा मानव-समाजको सम्पर्क अर्को मानव-समाजसित हुँदा एउटा मानव-समाजको भाषा अर्को मानव-समाजमा फैलन्छ । त्यसैगरी एउटा मानव-समाजका घटनाका कथावस्तु अर्को समाजमा गएर लोककथा बन्दछन् । सामान्यतः लोकजीवनका आस्था, विश्वास, व्यवहार र चिन्तनलाई कल्पनाको आवरण दिएर रोमाञ्चक आख्यान तत्त्वहरूको मिश्रण गरी लोकसमुदायद्वारा रचना गरिएका र मौखिक परम्परामा जीवित पम्परित कथाहरू नै लोककथा हुन् । जनमनको समीप हामी अपेक्षाकृत आधुनिक कथाहरूबाट पुग्न सक्छौं भने अपेक्षाकृत आदिम लोककथाहरूबाट संस्कृति, नृवंशविज्ञान, इतिहास र पुरातत्त्वको सम्बन्धमा प्रशस्त ज्ञान पाउन सक्छौं । लोककथाका स्वप्निलता र कल्पनाशीलताको काखमा सुतिरहेका आदिम जीवनका सङ्केतहरूलाई हामीले विश्लेषणात्मक हेराइले आत्मसात गर्नुपरेको छ । समष्टिगत रूपले हेर्दा यिनको उद्देश्य मूलतः लोकरुचि र मनोरञ्जनद्वारा मानवजगत्लाई शिक्षा, उपदेश, आत्मबल आदि प्रदान गर्नु र साहस, धैर्य, तर्क, विद्वता आदिप्रति आस्था र प्रेरणा जगाउनु बुझिन्छ । लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्छ । लोकजीवनका सुख-दुःख, रीतिरिवाज, आस्था, विश्वास र परम्परालाई अभिव्यक्त गर्ने साहित्यिक सौन्दर्ययुक्त कथन प्रणालीमा आबद्ध कथालाई लोककथा भनिन्छ । लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने र अरूले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । लोककथा वास्तवमा आदिम मान्छेको स्मारक निशानी हो र यसलाई हामी प्रेमसाथ पुस्ता प्रतिपुस्ता आफ्ना सम्झनामा सुरक्षित गर्दै आइरहेका छौं । लोकगीत एक्लै गुन्गुनाउन, अलाप्न र मनोविनोद लिन सकिन्छ तर लोककथा त्यस्तो होइन यहाँ श्रोताहरूको अत्यावश्यक हुन्छ । कोही पनि मानिस एक्लै लोककथा गुन्गुनाएर मनोविनोद गरेको पाउन सकिँदैन । श्रोतावर्गको यही अनिवार्य महत्त्वलाई बुझेर हाम्रो लोककथाले कुनै एकदेशबाट सुरु भई टुङ्गिदा भन्नेलाई

फूलको माला पहिरेर सुन्नेलाई सुनको माला पहिराउन भुलेको छैन । यो साहित्य प्रायः मौखिक हुन्छ र परम्परागत रूपमा चल्दै आएको हुन्छ । यस साहित्यले मौखिक रहेसम्म ताजगी तथा जीवन पायो । लिपिको सुरुवातबाट कैदी बनाइएदेखि यसको संजीवनी शक्ति नष्ट हुनगयो । परम्परादेखि लोकजीवनमा मौखिक रूपले चलिआएको कथा ज्ञानबर्द्धन वा मनोरञ्जनको उद्देश्यले लोकमानसलाई समावेश गरी परम्परादेखि नै मौखिक रूपमा प्रचलित कथालाई  लोककथा मानिन्छ । लोककथामा सौन्दर्यको विशिष्ट प्राप्ति छैन परन्तु शिल्पगत नभए पनि बहुशः भावगत सौन्दर्य र प्रभाव लोककथामा सधैं रहन्छ । जुन समयमा मानवको जिब्रोले वर्ण उच्चारण गर्न थाल्यो र मानव मस्तिष्कमा नियन्त्रण केन्द्रको विकास हुन थाल्यो यसैबेलादेखि मानव समाजमा आफ्ना अनुभवका कुरा अरूलाई सुनाउने र अरूबाट सुन्ने परम्परा बस्यो ।

लोककथामा कुनै रुढि र बन्धन नहुने भएकाले घरमा अगेनाका डिलमा होस् वा चौरमा होस् लोककथा भनेर र सुनेर आनन्द लिन सकिन्छ र लोककथामा वक्ताको साथै श्रोताको पनि उत्तिकै आवश्यकता पर्दछ । लोककथामा मानवीय र मानवेत्तर दुवैखाले पात्रहरू पाइन्छन् । यसमा ढुङ्गा, माटो, हावा, नदी, भीरपाखा, जनावर र पन्छीहरू जुनसुकै पात्रले पनि मानवीय क्रियाकलाप गरेर हामीलाई मनोरञ्जन दिइरहेका हुन्छन् । लोककथा लोकजीवनको सुख-दुःखको अनुभूतिलाई प्रभावकारी रूपमा अभिव्यक्त गर्ने एउटा सशक्त लोकसाहित्यिक विधा हो । लोककथा युगौं युगदेखि मौखिक रूपमा मानव समाजमा प्रसारित हुँदै झ्याँगिदै मौलाउँदै आएको जीवित विधा हो । लोककथाले ग्रामीण समाजमा देखापरेका दुःख कष्ट, माया-मोह, धैर्य, क्रोध, उत्साह जस्ता कुराहरूलाई समेटेको हुन्छ । जीवनको यथार्थताभन्दा काल्पनिकताको धरातलमा उभिएका लोककथाले मनोरञ्जन दिनुको साथै नीति शिक्षा दिइरहेका हुन्छन् ।

यसरी लोककथा शब्द 'लोक' र 'कथा' शब्दको संयोजनबाटे निर्माण भएको छ । यसको अर्थ हुन्छ-लोकमा अथवा जनमानसमा प्रचलित कथा । यसलाई अंग्रेजीमा folktale भनिन्छ । भने हिन्दीमा कहानी भनिन्छ । समाजमा परम्परादेखि मौखिक रूपमा जीवित कथा नै लोककथा हुन् । लोकसाहित्यका विविध विधाहरू मध्ये लोककथा आख्यानयुक्त गद्य विधा अन्तर्गत पर्दछ । यो लोककथा लोकसाहित्यको एउटा महत्वपूर्ण विधा हो । यसलाई बालक-वृद्ध, युवा-युवती लगाएतका विभिन्न उमेर समूहका व्यक्तिहरूले भन्न र सुन्न मन पराउने

हुनाले यसको लोकप्रियता दिनानुदिन बढ्दै गइरहेको छ । लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन विधा हो । लोककथाको प्रारम्भलाई कोट्याउने हो भने मानव सभ्यताको उषाकालसम्म पुग्न सकिन्छ । जब मानवले यस धर्तीमा पाइला टेक्यो र आफ्ना अभिव्यक्तिहरूलाई एकअर्कामा साटासाट गर्न सक्ने भयो, त्यसबेलादेखिबाट नै लोककथाको सुरुवात भएको हो । वेदमा यसका उदाहरणहरू भेटिनुबाट यस कुराको पुष्टि हुन्छ ।

संसारका सबै भाषा, जातजाति र क्षेत्रमा लोककथाको अस्तित्व पाइन्छ । यही सर्वव्यापकताका कारण लोककथालाई लोकसाहित्यको महत्वपूर्ण विधाका रूपमा लिइएको हो । लोककथा मौखिक परम्परामा जीवित रहने भएको हुनाले यसमा थपघट पनि भइरहन सक्छ । लोककथा जुनसुकै समयमा पनि भन्न र सुन्न सकिने भए तापनि उपयुक्त समय भने साँझ खाना खाइसकेपछिको समय हो । दिनभरीको थकाइ मेटाएर मनोरञ्जन लिने, केटाकेटीहरूको उत्सुकता मेटाउने र तिनलाई फकाएर सुताउने तथा सबैको बसिबियाँलो गर्ने दृष्टिकोणबाट यसको ठूलो उपयोगिता र महत्व रहेको छ । मनोरञ्जन, नैतिक शिक्षा, व्यवहारिक ज्ञान जस्ता पक्षहरू यसका उद्देश्य अन्तर्गत पर्दछन् । लोकतत्व, कथावस्तु, चरित्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली र अभिप्राय यसका तत्वहरू हुन् । यसका विशेषताहरूमा लोकमानसको अभिव्यक्ति, बोधगम्य भाषा, मनोरञ्जनात्मकता, उपदेशात्मकता, आदि-अन्त्यमा विशिष्ट कथन, विषयगत विविधता, थरीथरीका सहभागी आदि पर्दछन् ।

## ३.३ लोककथाको परिभाषा

लोककथा लोकसाहित्यका विविध विधाहरूमध्ये अत्यन्त प्राचीन र महत्वपूर्ण विधा हो । लोकसाहित्यका कुनै पनि विधाको परिभाषा यही नै हो भनेर किटानीका साथ भन्न गाह्रो छ । त्यसैले लोककथाको परिभाषालाई पनि किटानीका साथ भन्न सकिँदैन । तैपनि यसलाई परिभाषित गर्ने क्रममा विभिन्न स्वदेशी तथा विदेशी विद्वानहरूले आ-आफ्नो तवरबाट प्रयास गरेका छन् । ती मध्ये केही विद्वानहरूका परिभाषालाई यहाँ प्रस्तुत गरिएको छ, जुन निम्नानुसार छन् :-

क) "लोककथाले लोकमानसको मूल भावनाका रूपलाई स्थूल प्रतीकद्वारा अभिव्यक्ति गर्दछ ।"

- सत्येन्द्र [५]

ख) "लोककथाको नाम एक साधारण अर्थवाचक नामका रूपमा प्रयोग हुँदै आएको छ, जसको प्रयोग परम्परागत वृतात्मक र अन्य विविध व्यञ्जनाका रूपमा गर्ने गरिन्छ यसमा मौलिकताको अभाव हुन्छ । यो सुन्ने गरिन्छ र बारम्बार भन्ने पनि गरिन्छ । कहिलेकाहीँ कण्ठ-कण्ठ भएको लोककथामा नयाँ कथावाचकद्वारा केही परिवर्तन र परिवर्द्धन गर्ने गरिन्छ ।"

- श्रीराम शर्मा [६]

ग) "लोककथामा लोकमानवका सबै प्रकारका भावना तथा जीवनदर्शन समाहित हुन्छ । अतीतलाई बुझ्ने जिज्ञासा, घटनाका सूत्र कोमल एवं पुरुष भावना, सामाजिक-ऐतिहासिक परम्परा, जीवनदर्शनका सबै सूत्र लोककथामा भेटिन्छन् ।" - माधवप्रसाद सापकोटा [७]

घ) "लोककथामा न त सामाजिक बैसम्यको वर्णन हुन्छ न आर्थिक शोषणको । राजनैतिक चहलपहल पनि यी कथामा पाइँदैन । यी प्राचीन लोककथाहरूमा जुन समाजको वर्णन छ, त्यो समाज सुखी हुन्छ ।" - कृष्णदेव उपाध्याय [८]

ङ) "लोकसाहित्यको मतलब हो, आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजा दिने चाखिलो वर्णनात्मक विषयवस्तुद्वारा सुनिएको घतिलो रचना हो ।" - धर्मराज थापा र हंसपुरे सुवेदी [९]

च) "लोककथामा प्राचीन-अर्वाचीन अनेक विषयका कथाहरू छोटोमीठो रूपमा मौखिक परम्परामा अभिव्यक्त हुँदै आएका हुन्छन् । तिनमा लोकमानसको भावना अन्तर्निहित हुन्छ । ती मनोरञ्जक र सरल हुन्छन् ।" - जीवेन्द्रदेव गिरी [१०]

छ) परापूर्वकालदेखि मौखिक रूपमा गाउँ-वस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षाप्रधान कथाकुथुङ्ग्रीको बटुलो नै लोककथा हो । - कृष्णप्रसाद पराजुली [११]

---

५. मोतीलाल पराजुली, **नेपाली लोकगाथा**, (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९) पृष्ठ ९ ।

६. तुलसी दिवस, **नेपाली लोककथा केही अध्ययन** (काठमाडौँ : ने.प्र.प्र. २०३३) पृष्ठ १७ ।

७. माधवप्रसाद सापकोटा, **लोकसाहित्यको परिचय र लोककथाको समाजशास्त्रीय अध्ययन**, (काठमाडौँ : सुजाता प्रकाशन २०६६) पृष्ठ ३६।

८. चूडामणि बन्धु, **नेपाली लोकसाहित्य** (काठमाडौँ : एकता बुक्स, २०५८) पुष्ठ-८ ।

९. धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र त्रि.वि.२०४१) पृष्ठ २३३ ।

१०. जीवेन्द्रदेव गिरी, **नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन**, (भक्तपुर : विश्वविद्यालय अनुदान आयोग २०६५) पृष्ठ ८ ।

११. कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, (काठमाडौँ : वीणा प्रकाशन, २०५७) पृष्ठ १२ ।

ज) "मानव मनका सुख-दु:खका, कल्पना र भावना लोकका रुखासुखा घटनाहरूका प्राचीन कथात्मक अवशेषहरू, जो मनोञ्जनपूर्ण कलात्मक भाषामा प्रयोग हुदैँ आएका छन्, तिनलाई लोककथा भनिन्छ ।" - मोतीलाल पराजुली[१२]

झ) "लोकजीवनमा मौखिक परम्परामा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोककथा हुन् ।"

- चूडामणि बन्धु[१३]

ञ) "विश्वका हरेक देशका मूल जातिको धर्म, संस्कृति, परम्परागत विश्वास, आचार-विचार, अन्धविश्वास, तन्त्रमन्त्र, जादू, टुनामुना एवं जीवनको हर्ष, विष्माद लोककथामा सुरक्षित छ । तसर्थः जीवनजगतको आख्यानमूलक लोकमनोरञ्जनपरक, गद्यात्मक प्रस्तुती नै लोककथा हो ।" - शम्भुप्रसाद कोइराला[१४]

ट) "लोककथामा मानवको अतीत मात्र होइन वर्तमान पनि प्रतिध्वनित र निहित हुने गर्दछ ।"

- तुलसी दिवस [१५]

ठ) "मौखिक परम्पराबाट प्राप्त अधिकांश कथाहरू लोककथा हुन् ।"

- मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल[१६]

ड) "परम्परादेखि लोकजीवन मौखिक रूपले चलिआएको कथा, दन्त्य कथालाई लोककथा भनिन्छ ।" - नेपाली बृहत् शब्दकोष[१७]

यसरी लोककथालाई विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाले परिभाषित गरेका छन् । ती विद्वानहरूले दिएका परिभाषालाई अध्ययन गर्दा समग्रमा लोककथाको परिभाषालाई यसरी परिभाषित गर्न सकिन्छ- लोकसमाजमा मौखिक परम्परामा जीवित लोकजीवनका विविध पक्षको आख्यानात्मक अभिव्यक्ति नै लोककथा हो ।

---

१२. मोतीलाल पराजुली, **नेपाली लोकगाथा**, (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९) पृष्ठ १२ ।

१३. चूडामणि बन्धु, **नेपाली लोकसाहित्य** (काठमाडौँ : एकता बुक्स,२०५८) पुष्ठ-२८४ ।

१४. शम्भुप्रसाद कोइराला, **लोकसाहित्य सिद्धान्त र विश्लेषण** (विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५) पृष्ठ ९६ ।

१५. तुलसी दिवस, **नेपाली लोककथा केही अध्ययन** (काठमाडौँ : ने.प्र.प्र. २०३३) पृष्ठ २-३ ।

१६. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य** (काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३) पृष्ठ ३७२ ।

१७. वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोष**, पाँचौ संस्करण, काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८, पृ. ११२० ।

## ३.४ लोककथाको स्वरूप

लोककथा मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै जाने लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । यो भन्ने र सुन्ने परम्परामा हुर्कँदै अघि बढ्छ । लोककथाका रचनाकार अज्ञात हुन्छन् । लोककथा लामा आकारका पनि पाइने भए तापनि अधिकांशतः छोटा आकारका नै हुन्छन् । यसर्थ यो संक्षिप्त हुन्छ । यसमा घटना, प्रसङ्ग, पात्र आदिका माध्यमबाट वर्णनात्मक र कालक्रमिक शैलीमा भनिने हुँदा यो आख्यानात्मक हुन्छ । लोककथा सामाजिक, ऐतिहासिक, अतिरञ्जित आदि विभिन्न किसिमका हुन्छन् । लोककथा 'एकादेशबाट' सुरु भएर 'सुन्नेलाई सुनको माला .....' मा गएर टुङ्गिन्छ । यसमा मानवीय पात्रदेखि लिएर मानवेतर, अतिमानवीय र पदार्थ समेतको अभिव्यक्ति हुन्छ । लोककथा मौखिक परम्परामा जीवित रहने भएकाले यो परिवर्तनशील हुन्छ । भाषा शैली वर्णनको तरिका आदिमा परिवर्तन भए पनि यसको मूल विषयवस्तु र सन्देशमा भने परिवर्तन पाइँदैन । लोककथाको स्वरूपलाई निम्न बुँदाहरूमा आकलन गर्न सकिन्छ :

(क) यो गद्यात्मक कथ्यविधा भएकाले कथानक अनिवार्य रूपमा रहन्छ ।

(ख) लोककथामा रचनाकार अज्ञात रहन्छ ।

(ग) लोककथा 'एकादेश' बाट सुरु भई 'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला'मा गई टुङ्गिन्छ ।

(घ) लोककथामा मानवीय वा मानवेत्तर दुवै खाले पात्रहरू रहन्छन् । मानवेत्तर प्राणीहरूले पनि मानवीय भूमिका खेल्न खेल्न सक्छन् ।

(ङ) लोककथा गद्यात्मक विधा हो तर पनि कुनै-कुनै लोककथामा बीच-बीचमा लोकगीत (पद्य) पनि आउन सक्छ ।

(च) लोककथा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुने लोकसाहित्यको विधा भएकाले स्थान र समयसँगै परिवर्तित हुँदै जान्छ ।

(छ) लोककथा लोक वा जनताबाटै विकसित हुने भएकाले यसमा दुर्बोध्य, क्लिष्ट भाषा नभई सरल र लोकले बुझ्न सक्ने भाषा रहन्छ ।

(ज) लोककथामा श्रोता र वक्ता दुवैको समान महत्त्व रहन्छ ।

## ३.५ लोककथाका तत्वहरू

लोककथा लोकसाहित्यको महत्वपूर्ण विधाका रूपमा रहेको छ । यस्ता लोककथा बन्नको लागि आवश्यक पर्ने सामग्रीलाई लोककथाका तत्व भनिन्छ । तत्वलाई घटक, अवयव, संरचक आदि विभिन्न नामले पनि चिनाउने गरिन्छ । यी तत्वको अभावमा लोककथाको निर्माण हुन सक्दैन । अब यहाँ लोककथाका तत्वहरूका बारेमा चर्चा गरिन्छ ।

१.लोकतत्व

२.आख्यानतत्व

क. कथावस्तु

ख. चरित्र

ग. परिवेश

घ. संवाद

ङ. उद्देश्य

च. भाषाशैली

छ. अभिप्राय

### ३.५.१ लोकतत्व

लोकजीवनमा विद्यमान रुढतत्व नै लोकतत्व हो । यसलाई सामूहिक अवचेतनको स्थिर तत्वका रूपमा लिइन्छ । चेतना जागृत नभैइसकेको साधारण मानवका विचार, भावना र कल्पना यसमा पर्दछन् । यस्तो मानवको सेरोफेरो, भेषभूषा, खानपान, कामधन्दा, उठबस आदिसंग संबन्धित परिवेश पनि लोकतत्व अन्तर्गत आउँछन् । अतिकल्पना, आत्मशीलता, जादू, टुनामुना, धर्म-अनुष्ठान, लोकविश्वास, लोकरितिरिवाज र परम्परित चिन्तन यसको अध्ययन क्षेत्रभित्र पर्दछन् ।

### ३.५.२ आख्यानतत्व

साहित्यमा आख्यानलाई पूर्णता दिन सघाउने तत्वलाई नै आख्यान तत्व भनिन्छ । यस्ता तत्वका रूपमा मूलतः ६ वटा तत्वलाई लिइन्छ । ती हुन्: कथावस्तु, चरित्र, परिवेश,

उद्देश्य, संवाद, भाषाशैली आदि । यिनै तत्वमा अभिप्रायलाई समावेश गर्दा आख्यानतत्वहरू निर्धारण हुन्छन् । अब यहाँ यिनै तत्वहरूको चर्चा गरिन्छ ।

### ३.५.२.१ कथावस्तु

लोककथामा कथावस्तुको महत्वपूर्ण स्थान हुन्छ किनभने कथावस्तुविना कथा निर्माण हुन सक्दैन । यसर्थ कथावस्तु भनेको कथा निर्माण गर्ने विषयवस्तु हो । कथावस्तुले नै लोककथालाई रोचक र विश्वसनीय बनाइदिन्छ । कथा एउटा कल्पनाको बीज रूप मात्र हो । कथानक चाहिँ त्यो बीज रूपबाट हुर्किएको, मौलाएको र फैलिएको रुख जस्तै हो । लोककथा कल्पनाद्वारा निर्मित हुने हुनाले कथावस्तुमा कल्पना र बौद्धिक तत्वले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । लोककथाको आख्यान पक्षलाई हेर्दा यो एउटा संगठित कथा शृङ्खलामा रचिएको हुन्छ । यसमा घटनाको आदि, मध्य र अन्त्यको सु-संगत हुन्छ । यसर्थ लोककथाको प्रमुख तत्वका रूपमा कथावस्तुलाई लिन सकिन्छ ।

### ३.५.२.२ चरित्र

लोककथामा कथानकलाई अगाडि बढाउन चरित्रको महत्वपूर्ण भूमिका हुन्छ । चरित्रको कथानकसँग घनिष्ठ सम्बन्ध हुन्छ । घटना घटित गराउने माध्यमका रूपमा चरित्र रहने भएकोले चरित्र र कथानकको निकट सम्बन्ध हुन्छ । लोककथामा विविध खालका चरित्रहरू रहन्छन् । त्यस्ता चरित्रहरूमा मानवीय, मानवेतर, अतिमानवीय र पदार्थ समेतलाई लिइन्छ । मानव चरित्रको रूपमा राजा, रानी, राजकुमारी, सामान्य मान्छे आदि पर्दछन् । मानवेतर चरित्रमा गाई, भैँसी, कुकुर, स्याल, बाघ, आदि पर्दछन् । यसै गरी अतिमानवीय चरित्रहरूमा अप्सरा, राक्षस, देवता आदि पर्दछन् भने पदार्थ चरित्रको रूपमा ढङ्गा, माटो, रुख आदि पर्दछन् । लोककथा कल्पना प्रधान हुने हुँदा यसका चरित्रहरू पनि सामाजिक जीवनको यथार्थ धरातलबाट भन्दा काल्पनिक जगत्बाट बढी लिने गरिन्छ । यसर्थ लोककथामा आउने चरित्रहरूले प्रायः लोककथालाई लौकिक यथार्थभन्दा पर पुगेर प्रस्तुत गरेका हुन्छन् ।

### ३.५.२.३ परिवेश

परिवेश लोककथाको अर्को महत्वपूर्ण तत्व हो । लोककथामा विभिन्न परिवेश आएको हुन्छ, जसमा ग्रामीण, दरबारिया, आञ्चलिक आदि परिवेश पर्दछन् । लोककथा लौकिक र अलौकिक परिवेशमा रचिएको हुन्छ । आँखाले देख्न सकिने घटना र पृथ्वीमा भएका घटना लौकिक परिवेश अन्तर्गत पर्दछन् भने आँखाले देख्न नसकिने केवल अनुभूति मात्र गर्न

सकिने परिवेश अलौकिक परिवेश अन्तर्गत पर्दछन् । अलौकिक परिवेश अन्तर्गत देवलोक, नागलोक, परिलोक, जादूलोक आदि पर्दछन् । यही परिवेशले गर्दा पात्र अयथार्थ भएर पनि त्यसलाई यथार्थ नै हो भन्ने भ्रम श्रोतालाई पर्दछ । वातावरणको यही जीवन्त चित्रणले गर्दा लोककथा सुनौँ सुनौँ लाग्ने हुन्छ ।

### ३.५.२.४ संवाद

लोककथामा चरित्रहरू आपसमा कुराकानी गर्छन् । लोककथामा आएका मानवीय, मानवेतर, अतिमानवीय र पदार्थ समेतका पात्रहरू एक आपसमा संवाद गर्दछन् । यसरी संवाद हुने क्रममा मान्छे-मान्छेबीच, मान्छे र राक्षस बीच, जनावर र वनस्पति आदिका बीचमा पनि कुराकानी वा संवाद भएको सुन्न सकिन्छ । कहिलेकाहीँ गीत र श्लोक पनि संवादका क्रममा आउँछन् । चरित्रहरूका बीच भएको संवादको भाषा सरल, बोधगम्य र जीवन्त समेत हुन्छ ।

### ३.५.२.५ उद्देश्य

हरेक कुराको आ-आफ्नो उद्देश्य भए जस्तै लोककथाको पनि आफ्ना उद्देश्यहरू हुन्छन् । लोककथालाई सार्थक तुल्याउने तत्व नै उद्देश्य हो । मूलतः लोककथाहरू मनोरञ्जन प्रदान गर्ने उद्देश्यले रचना गरिएका हुन्छन् तापनि यस भित्र मनोरञ्जनका अतिरिक्त धार्मिक, नैतिक शिक्षा वा उपदेश दिने कुराहरू पनि समावेश भएका हुन्छन् । यसर्थ उद्देश्य पनि लोककथाको अर्को महत्वपूर्ण तत्व हो ।

### ३.५.२.६ भाषाशैली

लोककथाको भाषाशैली सरल हुन्छ । लोककथा मौखिक परम्पराबाट हस्तान्तरित हुने भएकाले यसको भाषाशैली पनि परिवर्तन भइरहन्छ । लोककथा ग्रामीण जनजीवनको झलक भएकाले यसमा विशुद्ध ग्रामीण लोकभाषाको प्रयोग गरिन्छ, जसले गर्दा जनसाधारणले पनि सजिलै बुझ्न सक्छन् । लोककथाहरू मूलरूपमा वर्णनात्मक शैलीमा प्रस्तुत गरिन्छ । तापनि अन्तःगर्भित र क्रमसंवर्धनात्मक शैलीको पनि प्रयोग गरेको पाइन्छ । लोककथाको मूल कथामा अन्य साना उपकथाहरू पनि आएका हुन्छन् भने त्यसलाई अन्तःगर्भित शैली भनिन्छ र एउटै कुरा बारम्बार दोहोरिएर आएमा त्यसलाई क्रमसंवर्धनात्मक शैली भनिन्छ । समग्रमा भन्नु पर्दा लोककथामा प्रायः वर्णनात्मक शैलीको प्रयोग पाइन्छ र भाषामा आलङ्कारिकता र पाण्डित्यको जटिलताबाट टाढा रहेको सरल र सजीव जनभाषाको प्रयोग गरिन्छ ।

### ३.५.२.७ अभिप्राय

अभिप्रायलाई कथानक रुढि, कथानक तन्तु, निर्माण तन्तु आदि शब्दले पनि जनाउने गरिन्छ । यसको तात्पर्य रुढिपरम्परालाई संकेत गर्ने तत्व हो । अभिप्राय सामान्य किसिमका नभई विशिष्ट किसिमका हुन्छन् । बिरालाले बाटो काट्नु, सौतेनी आमा, रित्तो गाग्री आदि जस्ता पदावली लोककथामा प्रयोग भएका हुन्छन् । यिनले लोककथामा अनौठोपना, आनन्द र विशिष्टता प्रदान गर्दछन् । यसर्थ अभिप्रायले लोककथाको अध्ययनमा महत्वपूर्ण स्थान राख्दछ ।

यसरी माथि उल्लेखित तत्वहरूले लोककथाको संरचनालाई स्पष्ट पार्दछन् । यी सबै तत्वहरूको संयोजनले लोककथा रोचक, रोमाञ्चक, मनोरञ्जक र पूर्ण बन्दछ ।

## ३.६ लोककथाका विशेषताहरू

लोककथा मौखिक परम्परामा जीवित रहँदै आएको लोकसाहित्यको महत्वपूर्ण विधा अन्तर्गत पर्दछ । बूढाबूढीदेखि बच्चा बच्चीसम्मले यसलाई सुन्न र सुनाउन लालायित हुने भएकोले यसको लोकप्रियता स्वतः प्रमाणित हुन्छ । यो समाजमा मनोरञ्जन र अर्ती-उपदेश दिने महत्वपूर्ण साधनको रूपमा रहेको हुन्छ । मौखिक परम्परामा चल्दै आएको यस विधाको आफ्नो छुट्टै पहिचान छ । यसरी यसले आफ्नो पहिचान देखाउने क्रममा विशेषताहरू पनि ग्रहण गरेको हुन्छ । ती विशेषताहरू हुन्-

- लोकमानसको अभिव्यक्ति
- बोधगम्य भाषा
- मनोरञ्जनात्मकता
- उपदेशात्मकता
- रचनाकार अज्ञात हुन
- आदि-अन्त्यमा विशिष्ट कथन
- विषयगत विविधता
- सामाजिकता
- काल्पनिकता
- भाग्यवादी प्रवृत्ति

- ऐतिहासिकता
- धार्मिक विश्वास
- थरीथरीका सहभागी ।

अब यहाँ विशेषताहरूको क्रमशः चर्चा गरिन्छ ।

### ३.६.१ लोकमानसको अभिव्यक्ति

लोककथामा शिक्षित व्यक्तिका परिष्कारपूर्ण अभिव्यक्ति नभएर लोकमानसकै अभिव्यक्ति रहेको हुन्छ । लोकजीवनमा प्रयुक्त अभिव्यक्ति नै लोककथामा प्रकट भएको हुन्छ । ती अभिव्यक्तिमा लोकजीवनका मूल्य, मान्यता र अन्य विविध पक्ष पनि समेटिएका हुन्छन् । यसर्थ ती लोकका निमित्त अस्तित्वान् हुन्छन् ।

### ३.६.२ बोधगम्य भाषा

लोककथा ग्रामीण जीवनका अन्जान, अपठित र सिधासाधा मानिसहरूको रचना भएकाले यसमा सरल र सुबोध भाषाको प्रयोग भएको हुन्छ । यसर्थ यो सरल, सहज र सम्प्रेषणीय हुन्छ । लोककथा प्राय गद्य भाषामा निर्मित भए पनि कतै कतै पद्यको प्रयोग भएको भेटिन्छ ।

### ३.६.३ मनोरञ्जनात्मकता

मनोरञ्जनात्मकता लोककथाको महत्वपूर्ण विशेषता हो । मनोरञ्जनात्मकताकै कारण कथा सुन्ने मानिस आफ्नो थकाई त्यतैतिर आकर्षित हुन्छ । लोककथामा श्रोतालाई मनोरञ्जन दिन पशुपात्रहरूको पनि उपस्थिति देखाई तिनलाई मानवीय भाषामा बोलाइन्छ । मानव र पशुमा एक आपसमा संवाद गराइएको हुन्छ । पदार्थ पात्रहरूले सक्रिय रूपमा आफ्नो भूमिका निर्वाह गरेको पनि देखाइन्छ । यी सबै क्रियाकलापले श्रोतालाई आनन्द प्रदान गर्दछ ।

### ३.६.४ उपदेशात्मकता

लोककथामा विभिन्न उपदेशहरू हुन्छन् । लोककथाको प्रकृतिअनुसार यसका उपदेशहरू पनि फरक-फरक हुन्छन् । साहसी र वीरका कथाले वीर र साहसी बन्न, नैतिक कथाले नीतिवान् बन्न र धार्मिक कथाले धर्मप्रति आस्थावान बन्न प्रेरित गर्दछ । यसै गरी हास्यव्यङ्ग्यका कथामा पनि विकृतिबाट टाढा रहनु पर्दछ भन्ने उपदेश दिइएको हुन्छ ।

### ३.६.५ रचनाकार अज्ञात हुनु

लोककथा लोकको रचना भएकाले यसमा कुनै एउटा लेखकको प्रभाव रहँदैन । एउटा व्यक्तिले अर्को व्यक्तिलाई सुनाउने र त्यसले फेरी अर्कोलाई सुनाउने गर्दा कथालाई रोचक पार्न त्यसमा थपघट समेत गरिन्छ । लोककथामा सामूहिक अवचेतनको प्रभाव रहने भएकाले यसको रचनाकार अज्ञात रहेको हो ।

### ३.६.६ आदि-अन्त्यमा विशिष्ट कथन

लोककथाको आदि-अन्त्यमा विशिष्ट कथन हुन्छ । यसको प्रारम्भ 'एकादेश' बाट र अन्त्य चाहिँ 'सुन्नेलाई सुनको माला..' जस्ता शब्दावलीबाट गरिन्छ । यसरी विशिष्ट कथनबाट यसको आदि-अन्त्य गरिन्छ ।

### ३.६.७ विषयगत विविधता

लोककथाहरू ऐतिहासिक, धार्मिक, सामाजिक आदि विविध विषयहरूमा सिर्जना गरिएका हुन्छन् । यही विषयगत विविधताका कारण लोककथाले समाजका अनेक पक्षलाई समेटेको हुन्छ । यसै गरी यसको विषयवस्तु लौकिक र अलौकिक दुवै हुन सक्छ ।

### ३.६.८ सामाजिकता

लोककथाले समाजको यथार्थ थाहा पाउन महत्वपूर्ण भूमिका खेल्दछ । समाजका चालचलन, रीतिस्थिति, संस्कृति आदिको यथार्थ तस्विर लोककथामा खिचिएको हुन्छ यसर्थ लोककथाले समाजको दर्पण भएर काम गरेको हुन्छ ।

### ३.६.९ काल्पनिकता

लोककथा कल्पना तत्वले भरिपूर्ण लोकसाहित्यको एक महत्वपूर्ण विधा हो । सामान्यतः सबै लोककथामा कल्पना तत्व प्रशस्त मात्रामा पाइए तापनि राक्षस, भूतप्रेत, परी, अप्सरा, देवीदेवता, वीरता, टुनामुना आदिसंग सम्बन्धित कथामा कल्पना तत्व अत्यधिक मात्रामा पाइन्छ । यस्ता कथामा अलौकिक पात्रहरू आएका हुन्छन् र तिनीहरूलाई काल्पनिक जगत्मा विचरण गराइएको हुन्छ । लोककथामा वास्तविक भन्दा परको कुरालाई प्रस्तुत गरिएको हुन्छ । यस अर्थमा अतियथार्थवादका कोणबाट लोककथालाई हेर्नु उपयुक्त हुन्छ ।

### ३.६.१० भाग्यवादी प्रवृत्ति

लोककथामा भाग्यवादी चिन्तन प्रस्तुत गरिएको हुन्छ । भाग्यमा भए जुन काम पनि सफल हुन्छ भन्ने भाग्य सम्बन्धी विश्वास लोककथामा पाइन्छ, जसलाई लोकविश्वास

भनिन्छ । यसरी लोककथामा कर्म भन्दा पनि भाग्यमा विश्वास गर्ने वातावरण सिर्जना भएको हुन्छ ।

### ३.६.११ धार्मिक विश्वास

समाज धार्मिक विश्वासमा अडेको हुनाले गर्न हुने कुरो के हो, र गर्न नहुने कुरो के हो, त्यसैका आधारमा लोककथा भनिएको हुन्छ । लोककथामा ऋषि, महर्षिहरूका वाणीहरू उल्लेख गरेर राम्रो काम गर्नेलाई वरदान दिने र नराम्रो काम गर्नेलाई दुःख दिने धार्मिक विश्वास सम्बन्धी धारणाहरू उल्लेख गरिएका हुन्छन् ।

### ३.६.१२ थरीथरीका सहभागी

लोककथाको प्रकृत्ति अनुसार लोककथा सुन्ने र सुनाउने व्यक्तिहरू फरक-फरक उमेरका हुन्छन् । धार्मिक र सृष्टिका कथा भन्न र सुन्न बूढापाकाहरू अग्रसर हुन्छन् भने जीव र वनस्पति सम्बन्धी कथाहरूमा बालबालिकाहरू अग्रसर हुन्छन् यसर्थ लोककथामा थरीथरीका सहभागी हुन्छन् ।

यसरी लोककथाले मनोरञ्जनात्मकता, लोकमानसको अभिव्यक्ति, बोधगम्य भाषा, उपदेशात्मकता, भाग्यवादी प्रवृत्ति, आदि-अन्त्यमा विशिष्ट कथन आदि विशेषताहरू ग्रहण गरेर आफ्नो यात्रा गरिरहेको छ । यो लोककथाको आत्म र स्पन्दनका रूपमा रहेको छ ।

## ३.७ लोककथाको वर्गीकरण

लोककथा मौखिक परम्परामा जीवित रहेको लोकसाहित्यको एउटा महत्वपूर्ण विधा हो । यसले संसारका प्रायः सबै जाति, भाषा र क्षेत्रमा आफ्नो अस्तित्व कायम गरेको छ । यसको रचना लोकले गर्दछ । कथावाचकले श्रोतालाई हेरेर कथामा थपघट पनि गर्न सक्छ । यस्तो अवस्थामा केही परिवर्तन पनि आउँछ तर मूल भावमा भने केही फरक आउँदैन । यसको विषय क्षेत्र अत्यन्त फराकिलो छ । यसको विषय क्षेत्र फराकिलो हुँदाहुँदै पनि अध्ययनको सुविधाको लागि यसको वर्गीकरण गर्नु आवश्यक हुन्छ । लोककथालाई विभिन्न विद्वानहरूले आ-आफ्नो तरिकाले वर्गीकरण गर्ने प्रयास गरेको पाइन्छ । संस्कृत साहित्यका आचार्यहरूले कथालाई विषयवस्तुका आधारमा कथा र आख्यायिका गरी दुई भागमा विभाजन गरेर काल्पनिक कथानक भएकोलाई कथा र सत्यघटनामा आधारित ऐतिहासिक विषयवस्तु भएकोलाई आख्यायिका भनेर विभाजन गरेका छन् ।

यसैगरी भारतीय विद्वान् कृष्णदेव उपाध्यायले लोककथालाई ६ भागमा विभाजन गरेका छन् ।[१८]

| | | |
|---|---|---|
| १. उपदेश कथा | २. व्रतकथा | ३. प्रेमकथा |
| ४. मनोरञ्जन कथा | ५. सामाजिक कथा | ६. पौराणिक कथा |

त्यसै गरी लोकसाहित्यका अध्येता मोतीलाल पराजुलीले ४ भागमा विभाजन गरेका छन् ।[१९]

| | |
|---|---|
| १.पौराणिक लोककथा | २. ऐतिहासिक लोककथा |
| ३. सामाजिक लोककथा | ४. अतिमानवीय लोककथा |

आफ्नो परम्परागत रीतिरिवाज, चालचलन, रहनसहन, धर्म तथा मान्यताको विभेदको कारणले गर्दा लोक साहित्यको बनोट फरक फरक हुन्छ । यसर्थ नेपाली लोककथाको पनि आफ्नो छुट्टै बनोट छ । सामाजिक, सांस्कृतिक, धार्मिक तथा अन्य विविध कुराहरूलाई ध्यान दिएर लोककथाको वर्गीकरण गर्नु उपयुक्त देखिन्छ । मूल रूपमा लोकजीवनको सामाजिक र सांस्कृतिक पृष्ठभूमिलाई बिर्सनु हुदैन । यस पृष्ठभूमिमा नेपाली लोककथालाई तुलसी दिवसले १० भागमा विभाजन गरेका छन् ।[२०]

१. सांस्कृतिक ऐतिहासिक लोककथाहरू

२. अर्ती उपदेशका लोककथाहरू

३. पशुपंछीका लोककथाहरू

४. मानवका विशेष स्वभाव र प्रकृतिका लोककथाहरू

५. अतिमानवीय लोककथाहरू

६. दैवी लोककथाहरू

७. फलफूलका लोककथाहरू

८. धार्मिक लोककथाहरू

९. साहस तथा बहादुरीका लोककथाहरू

१०. विविध लोककथाहरू ।

त्यस्तै लोकसाहित्यका अध्येता द्वय धर्मराज थापा र हंसपुरे सुवेदीले लोककथालाई ५ भागमा विभाजन गरेका छन् । जुन यस प्रकार छन्-[२१]

---

१८. कृष्णदेव उपाध्याय, पूर्ववत्, पृष्ठ १३१ ।

१९. मोतीलाल पराजुली, **'धर्मात्मा राजा' नेपाली लोककथा सङ्ग्रह १**, २०५५, पृष्ठ ४ ।

२०. तुलसी दिवस, पूर्ववत्, पृष्ठ ३८ ।

२१. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृष्ठ ३४६ ।

१. धार्मिक तथा सांस्कृतिक-ऐतिहासिक लोककथा

२. मानवीय तथा अतिमानवीय लोककथा	३. पशुपंछीका लोककथा

४. दैवी लोककथा	५. विविध लोककथा ।

माथि उल्लेख गरिएका विभिन्न विद्वान्हरूको वर्गीकरणलाई आधार मानेर लोककथालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ -

१. सामाजिक लोककथा

२. ऐतिहासिक लोककथा

३. सांस्कृतिक तथा धार्मिक लोककथा

४. पौराणिक लोककथा

५. अतिरञ्जित लोककथा

६. पशुपंछी सम्बन्धी लोककथा

७. विविध लोककथा

### ३.७.१ सामाजिक लोककथा

समाजका चालचलन, रीतिरिवाज, उठबस आदिसँग सम्बन्धित कुराहरू अभिव्यक्त भएका कथाहरू नै सामाजिक लोककथा हुन् । यस्ता लोककथाहरूमा मनोरञ्जन र नैतिक उपदेश दिने भावना पनि रहेको हुन्छ । सामाजिक कथाहरूमा मानवीय पात्रहरूको उपस्थिति रहेको हुन्छ । यस्ता कथाहरूमा सौता-सौताबीचको झगडा, भाइ-भाईबीचको झगडा आदि कुराहरू आएका हुन्छन् । सामाजिक लोककथाहरू मानिसलाई कुमार्ग छोडेर सुमार्गमा लागोस् भन्ने उद्देश्यले सुन्ने र सुनाउने गरिन्छ ।

### ३.७.२ ऐतिहासिक लोककथा

ऐतिहासिक विषयवस्तु समावेश भएका लोककथालाई ऐतिहासिक लोककथा भनिन्छ । यस्ता कथाहरू अन्तर्गत वीर पुरुष, राजा, महाराजा आदिका कथाहरू पर्दछन् । ऐतिहासिक लोककथामा वीरत्वको प्रसङ्ग आउने हुँदा यस्ता लोककथाहरूले श्रोताहरूलाई वीरत्वको भावनातर्फ अभिप्रेरित गर्दछन् ।

### ३.७.३ सांस्कृतिक तथा धार्मिक लोककथा

समाजमा विद्यमान धर्म र संस्कृतिसँग सम्बन्धित कथाहरू नै सांस्कृतिक तथा धार्मिक लोककथाहरू हुन् । समाज धार्मिक विश्वासमा अडेको हुन्छ । पूजा-आजा गर्ने, मठमन्दिर जाने जस्ता धर्म अनुष्ठानसँग सम्बन्धित कुराहरू धार्मिक लोककथामा आएका हुन्छन् । यसैगरी राम्रो काम गरे स्वर्ग गइन्छ र नराम्रो काम गरे नरकमा गइन्छ भन्ने जस्ता धार्मिक विश्वास सम्बन्धी कुराहरू लोककथामा पाइन्छ । समाजमा विद्यमान जन्मदेखि मृत्युसम्मका संस्कारका कुराहरू सांस्कृतिक लोककथामा आउँछन् ।

### ३.७.४ पौराणिक लोककथा

पुराण, महाभारत, रामायण आदिका कथाहरू नै पौराणिक कथा हुन् । यस्ता कथाहरूले श्रोताहरूलाई अर्ती-उपदेश दिन्छन् । सृष्टिचक्र र धार्मिक विश्वासका कथाहरू पनि पौराणिक लोककथामा आएका हुन्छन् ।

### ३.७.५ अतिरञ्जित लोककथा

अलौकिक र काल्पनिक संसारका लोककथाहरू समावेश भएका कथाहरू नै अतिरञ्जित लोककथा हुन् । यस्ता लोककथाका पात्रहरूमा धामी, झाँक्री, बोक्सी, अप्सरा, राक्षस आदि पर्दछन् । यी पात्रहरूलाई काल्पनिक संसारमा विचरण गराएर यथार्थ भन्दा परको कुरा देखाइएको हुन्छ । अतिरञ्जित लोककथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो ।

### ३.७.६ पशुपंछी सम्बन्धी लोककथा

मानवेतर पात्रहरू पशु र चराचुरुङ्गी आदिका कथाहरू नै पशुपंछी सम्बन्धी लोककथा हुन् । यस्ता कथाहरूमा मानवेतर पात्रहरू एक आपसमा मानवको भाषामा संवाद गर्दछन् । यिनीहरूको संवाद सुनेर श्रोताहरू अचम्म पर्दै मनोरञ्जन लिन्छन् । यस्ता कथाका पात्रहरूमा बिरालो, भँगेरा, स्याल, गाई, काग, कुकुर आदि पर्दछन् ।

### ३.७.७ विविध लोककथा

यी माथि उल्लेख गरिएका ६ वटा वर्गीकरण अन्तर्गत समावेश गर्न नसकिएका लोककथाहरू विविध लोककथा अन्तर्गत पर्दछन् । विभिन्न जातजाति, धर्मसंस्कृति, वृक्ष, वनस्पतिका कथा लगाएत अन्य थुप्रै प्रकारका कथाहरू विविध लोककथा अन्तर्गत पर्दछन् । बालकथालाई पनि यसै वर्गभित्र राख्न सकिन्छ ।

यसरी लोककथालाई माथि उल्लेख गरे अनुसार विभिन्न प्रकारमा वर्गीकरण गर्दै समेट्ने प्रयास गरिएको छ । लोककथाहरू विभिन्न प्रकारका भए तापनि यिनीहरूको मूल उद्देश्य भनेको मनोरञ्जन र अर्ती-उपदेश प्रदान गर्नु नै हो ।

## ३.८ लोककथा र श्रृजनात्मक/लेख्य कथा

साहित्यका विभिन्न विधाहरू मध्ये लोककथा र श्रृजनात्मक/लेख्य कथा केही समानता भएका विधा हुन् । त्यसैले अहिलेको श्रृजनात्मक/लेख्य कथा लोककथाबाटै विकसित भएको पुष्टि हुन्छ । यिनीहरूमा तत्वगत र आकारगत समानता पाइन्छ । लोककथा र श्रृजनात्मक/लेख्य कथा दुवैमा कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली, दृष्टिविन्दु आदि तत्वहरूमा समानता पाइन्छ । यसै गरी आकारका दृष्टिले पनि यी दुवै समान देखिन्छन् । लोककथा र श्रृजनात्मक/लेख्य कथामा संवाद गौण रूपमा रहेको हुन्छ ।

लोककथा र श्रृजनात्मक/लेख्य कथामा तत्वगत र आकारगत समानता बाहेक अरु सबै कुरामा भिन्नता पाइन्छ । यिनमा पाइने प्रमुख भिन्नता यस प्रकार उल्लेख गरिएको छ, जुन निम्नानुसार छन्-

| लोककथा | श्रृजनात्मक/लेख्य कथा |
|---|---|
| १) यो श्रव्य विधा हो, | १) यो पाठ्य विधा हो, |
| २) अज्ञात रचनाकार, | २) ज्ञात रचनाकार, |
| ३) यो सामाजिक सम्पत्ति, | ३) वैयक्तिक सम्पत्ति हो, |
| ४) यो परिवर्तनशील हुन्छ, | ४) यो अपरिवर्तित हुन्छ, |
| ५) यसमा आदर्शवादको प्रधानता हुन्छ । | ५) यथार्थवादको प्रधानता हुन्छ, |
| ६) यसमा आदिम जीवन र भावनाको अभिव्यक्ति हुन्छ, | ६) यसमा आधुनिक जीवन र भावनाको अभिव्यक्ति हुन्छ, |

| | |
|---|---|
| ७) यसमा कल्पनाको प्रधानता हुन्छ, | ७) यसमा वास्तविकताको प्रधानता हुन्छ, |
| ८) यसको निर्माणमा कथा सिद्धान्त र शिल्पपक्षको अभाव हुन्छ, | ८) यसको निर्माणमा कथा सिद्धान्त र शिल्पपक्षको महत्वपूर्ण स्थान हुन्छ , |
| ९) यो प्रायः सुखान्त हुन्छ, | ९) यो सुखान्त र दुःखान्त दुवै हुन्छ, |
| १०) यसमा रैखिक शैलीमा विन्यस्त कथानक हुन्छ, | १०) यसमा रैखिक वा वृत्तकारीय शैलीमा विन्यस्त कथानक हुन्छ, |
| ११) यसमा अलौकिक पात्रको पनि समावेश हुन्छ, | ११) यसमा अलौकिक पात्रको गौण समावेश हुन्छ, |
| १२) यो मनोरञ्जन प्रधान/नीतिप्रधान हुन्छ, | १२) यो मूलतः यथार्थ प्रधान हुन्छ, |
| १३) यसमा सरल, सहज र सम्प्रेष्य भाषाशैलीको प्रयोग हुन्छ । | १३) यसमा विशिष्ट र अलङ्कृत भाषाशैलीको प्रयोग हुन्छ, |
| १४) यो वर्णनात्मक हुन्छ, | १४) यो वर्णनात्मक र विश्लेषणात्मक दुवै हुन्छ, |
| १५) यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रधानता हुन्छ, | १५) यसमा प्रथम पुरुष र तृतीय परुष दृष्टिविन्दुको प्रधानता हुन्छ, |
| १६) यसको बीच-बीचमा गीत पनि आउन सक्छ । | १६) यसको बीचमा गीत समावेश गरिँदैन । |

यसरी यी माथिका विवरणका आधारमा लोककथा र श्रृजनात्मक/लेख्य कथाको स्वरूपलाई छुट्याउन सकिन्छ ।

## ३.९ नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परा

### ३.९.१ पृष्ठभूमि

नेपाली लोकसाहित्यको अध्ययन परम्परा कहिलेदेखि सुरु भयो भनी ठोकुवा गर्न सकिँदैन । चुडामणि बन्धुले सुरुदेखि वि.सं.१९९८ सम्मको अवधिलाई सम्वर्द्धनकाल भनेका छन् । वि.स.१९९८ देखि २०२४ को अवधिलाई सङ्कलन काल र वि.सं.२०२४ देखि यताको अवधिलाई अध्ययन-अनुसन्धान काल भनेका छन् । अध्ययन-अनुसन्धान परम्पराको सुरुवात

महानन्द सापकोटाको गोर्खा संसारमा प्रकाशित 'नौलो कुरा' शीर्षकको लेखबाट हुन्छ । यसर्थ नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान परम्पराको इतिहासमा एउटा नयाँ युगको सुरुवात सापकोटाले गरेको स्पष्ट हुन्छ ।

नेपाली लोककथाको सङ्कलन परम्पराको इतिहासलाई पहिल्याउने हो भने बोधविक्रम अधिकारी र उनको **नेपाली दन्त्यकथा** (१९९६) सम्म पुग्नुपर्ने हुन्छ । यही विन्दुलाई नै नेपाली लोककथा सङ्कलन परम्पराको आधार विन्दु मानिन्छ । यसपछि पनि निरन्तर रूपमा नेपाली लोककथाको सङ्कलन गर्ने कार्य भइरहेको छ । तुलसी दिवसले वि.सं.२०२४ मा 'लोकवार्ता: गतिशील वैज्ञानिकशास्त्र' शीर्षकको लेख लेखेर प्रकाशित पनि गरे । लोककथा पनि लोकसाहित्यको एउटा विधा भएकाले यसको अध्ययन परम्पराको आधार विन्दु पनि यही अवधिलाई मान्नु पर्ने हुन्छ । अब यहाँ नेपाली लोककथाको सङ्कलन र अध्ययन परम्परालाई छुट्टाछुट्टै शीर्षकमा चर्चा गर्नु पर्ने देखिन्छ ।

### ३.९.२ नेपाली लोककथाको सङ्कलन परम्परा

नेपाली लोककथाको सङ्कलन परम्परामा बोधविक्रम अधिकारीको नाम अग्र स्थानमा आउँछ । यस सन्दर्भमा उनको **नेपाली दन्त्यकथा (१९९६)** महत्वपूर्ण स्थान राख्न सफल छ । यही विन्दुलाई नै नेपाली लोककथा सङ्कलन परम्पराको आधार विन्दु मानिन्छ । १९९६ भन्दा अगाडि अन्य भाषाबाट नेपालीमा अनुवाद गरिएका दन्त्यकथाका संग्रहहरू भेटिन्छन् तर मौलिक परम्परामा जीवित नेपाली दन्त्यकथाहरूको सङ्कलन गर्ने कार्यको प्रारम्भ वि.सं.१९९६ देखि मात्र भएको हो । अब यहाँ नेपाली लोककथाको सङ्कलन कार्यलाई सूचीबद्ध गर्ने प्रयत्न गरिन्छ ।

बोधविक्रम अधिकारी **नेपाली दन्त्यकथा** (१९९६)

ललितजङ्ग सिजापति **दन्त्यकथा माला** (२००३)

सुवर्णशम्शेर जबरा **दन्त्यकथा** (२००५)

काजीमान कन्दङ्वा **आठ कक्षा** (२००११)

शिवमणि प्रधान र अमरमणि प्रधान **कथाकहानी** (२०११)

जुजुराम कुस्ले **सुनौला कथा** (२०१६), **बादलकी रानी** (२०१६)

इमानसिंह चेम्जोङ **किराँती दन्त्यकथा** (२०२१)

करुणाकर वैद्य, **नेपाली दन्त्यकथा सङ्ग्रह** (२०२२)

पासाङ गोपर्मा **बुहारी** (२०२४)

ललितजङ्ग सिजापति **नेपालका लोककथा** (२०२४)

हाम्रो संस्कृति (पत्रिका) **लोककथा विशेषाङ्क पहिलो माला** (२०२७ जेठ)

हाम्रो संस्कृति (पत्रिका) **लोककथा विशेषाङ्क दोस्रो माला** (२०२७ पुस)

हाम्रो संस्कृति (पत्रिका) **लोककथा विशेषाङ्क तेस्रो माला** (२०२८)

हाम्रो संस्कृति (पत्रिका) **लोककथा विशेषाङ्क चौथो माला** (२०२८)

वासु रिमाल **'यात्री' एकादेशमा** (२०२८)

करुणाकर वैद्य **नेपालका लोककथाहरू** (२०२८)

तुलसी दिवस **नेपाली लोककथा** (२०३२)

लीलासिंह कर्मा **हाम्रो लोककथा** (२०३८)

पूर्णप्रकाश नेपाल 'यात्री' **भेरी लोकसाहित्य** (२०४१)

तेजप्रकाश श्रेष्ठ **अछामी लोकसाहित्य** (२०४४)

शिवकुमार श्रेष्ठ **किराँती लोककथाहरू** (२०४७)

रामविक्रम सिजापति **नेपाली लोककथा सँगालो** (२०४८)

करुणाकर वैद्य **अञ्चल लोककथा** (२०५१)

शिवकुमार श्रेष्ठ **किराँती लोककथा सँगालो** (२०५१)

केयरसिंह गुरुङ **नेपाली लोककथा सङ्ग्रह** (२०५३)

कृष्णप्रसाद श्रेष्ठ **सुनौलो सिउर** (२०५४)

जुजुराम कुस्ले **सुनौलो कथा-सङ्ग्रह** (२०५७)

मोतीलाल पराजुली **धर्मात्मा राजा** (२०५९)

रत्नाकर देवकोटा **कर्णालीका लोककथा** (२०६३)

माथि उल्लेख गरिएको विवरणका साथै चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) र मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको **लोकवार्ता विज्ञान र लोकसाहित्य** (२०६३) लगाएतका पुस्तकमा पनि केही कथाहरू सङ्कलन गरिएका छन् ।

### ३.९.३ नेपाली लोककथाको अध्ययन परम्परा

तुलसी दिवसले वि.सं.२०२४ मा 'लोकवार्ता: गतिशील वैज्ञानिकशास्त्र' शीर्षकको लेख लेखेर प्रकाशन गरे । यसपछि वि.सं.२०२५ मा वासुदेव त्रिपाठीले लोकसाहित्य र लोकसाहित्यसम्बन्धी लेखहरू लेखेका छन् । **हाम्रो संस्कृति** (२०२७) पत्रिकाले पनि लोककथाको अध्ययन परम्परामा महत्वपूर्ण स्थान राख्दछ । प्रदिप रिमालले **कर्णाली लोकसंस्कृति** (२०२८) नामक पुस्तकमा लोककथाको चर्चा गरेका छन् । यसैक्रममा वि.सं.२०२८ मा त्रि.वि. नेपाली विभागले स्नातकोत्तर तहमा लोकसाहित्यलाई समावेश गऱ्यो र लोकसाहित्यका अन्य विधाका साथै लोककथाको अध्ययन परम्परा पनि अघि बढ्दै गयो । नेपाली लोककथाको अध्ययन परम्परामा तुलसी दिवसको **नेपाली लोककथाका केही अध्ययन** (२०३३) नामक पुस्तक एक महत्वपूर्ण उपलब्धिको रूपमा देखापर्दछ । यस पुस्तकमा नेपाली लोककथाको वर्गीकरण गरिनुका साथै संस्कृत तथा पाश्चात्य साहित्यका विद्वान्हरूले गरेको लोककथाको वर्गीकरणलाई पनि अगि सारिएको छ । यसै गरी विभिन्न वर्गमा पर्ने लोककथाका बारेमा पनि दिवसले चर्चा गरेका छन् । उनको वर्गीकरणलाई आधिकारिक मानिन्छ । यसै गरी धर्मराज थापा र हंसपुरे सुवेदीले **लोकसाहित्यको विवेचना** (२०४१) नामक पुस्तकमा पनि लोककथाका बारेमा चर्चा गरेका छन् । तेजप्रकाश श्रेष्ठले **अछामी लोकसाहित्य** (२०४४) पुस्तकमा केही लोककथाहरू सङ्कलन गरी तिनको अध्ययन पनि गरेका छन् । मोतीलाल पराजुलीले **नेपाली लोककथाका अभिप्रायको अध्ययन** (विद्यावारिधि शोधप्रबन्ध २०५४, त्रि.वि.) मा लोककथाको अभिप्रायको गहन अध्ययन गरिएको छ । दोस्रो अध्यायमा 'अभिप्रायको स्वरूप र अध्ययन परम्परा' मूल शीर्षक अन्तर्गत अभिप्रायको सैद्धान्तिक अवधारणा अगि सारिएको छ । यसै क्रममा लोककथाको चिनारी गराउँदै अभिप्रायलाई लोककथाको अनिवार्य तत्वका रूपमा चर्चा गरिएको छ । तेस्रो अध्यायमा अभिप्रायको वर्गीकरण गरिएको छ भने चौथो अध्यायमा नेपाली लोककथामा पाइने अभिप्रायको विश्लेषण गरिएको छ । प्रस्तुत शोधप्रबन्ध नेपाली लोककथाको अध्ययन परम्परामा एक महत्वपूर्ण उपलब्धिका रूपमा देखा पर्दछ । अभिप्रायलाई आधार मानेर गरिएको यस अध्ययनले एक पृथक अस्तित्व राख्दछ । केशब सुवेदीले **नेपाली लोकसाहित्यको अध्ययन अनुसन्धान परम्परा** (विशेष अनुसन्धान २०५५) नामक अनुसन्धानात्मक ग्रन्थले नेपाली लोकसाहित्यका अन्य विधाका साथै नेपाली लोककथाको अध्ययन-अनुसन्धान परम्परामा एक नयाँ ईटा थप्ने काम गरेको छ । शम्भुप्रसाद कोइरालाले

**लोकसाहित्यः सिद्धान्त र विश्लेषण** (२०५५) नामक पुस्तकमा लोककथाको चर्चा गरेका छन् । लक्ष्मी सुवेदीले **धिमाल समुदायमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०५५) शीर्षकको शोधपत्रमा धिमाल समुदायमा प्रचलित लोककथाको सङ्कलन गरेर अध्ययन गरेका छन् । त्यस्तै जीवेन्द्रदेव गिरीले **लोकसाहित्यको अवलोकन** (२०५७) नामक पुस्तकमा लोककथाको चर्चा गरेका छन् । यसै क्रममा लोककथाको अध्ययन परम्परामा चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) नामक पुस्तकले महत्वपूर्ण स्थान राख्दछ । यस पुस्तकमा लोककथाको परिचय, प्रकार, विशेषता, उत्पत्ति, लोककथा र आधुनिक कथामा अन्तर, लोककथाको वर्गीकरण, लोककथाको परम्परा, नेपाली बाललोककथा, लोककथाको अध्ययन पद्धति, नेपाली लोककथाका प्रवृत्ति, अभिप्राय आदिका बारेमा चर्चा गरिनुका साथै केही नेपाली लोककथाहरू पनि सङ्कलन गरिएको छ ।

प्रेमबहादुर अधिकारीले **बाग्लुङ जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन र विश्लेषण** (२०५८) शीर्षकको शोधपत्रमा बाग्लुङ जिल्लाका लोककथाको सङ्कलन गरेर अध्ययन गरेका छन् । रेनुका राईले पनि लोककथाको अध्ययनको क्षेत्रमा योगदान गरेकी छन् । उनले **नेपाली भाषाका प्रकाशित किराँत लोककथाहरूको वर्गीकरण र विश्लेषण** ( २०५८) शीर्षकको शोधपत्रमा किराँती लोककथाको अध्ययन गरेकी छन् । मधुपर्क पत्रिकाले **लोककथा विशेषाङ्क** (२०५९) मा नेपाली लोककथाको अध्ययनमा महत्वपूर्ण स्थान राख्दछ । सायतमान राईले **किराँत (थुलुङ) राई समुदायमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०५९) शीर्षकको शोधपत्रमा किराँत अन्तर्गत थुलुङ किराँत समुदायमा प्रचलित लोककथाको सङ्कलन गरेर त्यसको अध्ययन गरेका छन् । दधिराम पन्थीले **गुल्मेली लोककथाको अध्ययन** (२०६०) शीर्षकको शोधपत्रमा गुल्मी जिल्लाका लोककथाको अध्ययन गरेका छन् । अनितादेवी भट्टराईले **पाँचथर जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६१) शीर्षकको शोधपत्रमा पाँचथर जिल्लाका लोककथाको अध्ययन गरेकी छन् । जीवन कुमार राईले **खोटाङ्गे पुमा राई समुदायमा प्रचलित लोककथाहरूको सङ्कलन र वर्गीकरण** (२०६२) शीर्षकको शोधपत्रमा खोटाङ जिल्लाका पुमा राई समुदायमा प्रचलित लोककथाको अध्ययन गरेका छन् । लोकनाथ रिजालले **धादिङ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६२) शीर्षकको शोधपत्रमा धादिङ जिल्लाका लोककथाको अध्ययन गरेका छन् । कमप्रसाद देवकोटाले **रुकुम जिल्लामा प्रचलित खसानी लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६३)

शीर्षकको शोधपत्रमा रुकुम जिल्लाका खसानी लोककथाहरूको अध्ययन गरेका छन् । देवेन्द्र लम्सालले **ज्यागदी खोला क्षेत्रमा प्रचलित लोककथाको अध्ययन** (२०६३) शीर्षकको शोधपत्रमा ज्यागदी खोला क्षेत्रमा प्रचलित लोककथाको अध्ययन गरेका छन् । सुनील आचार्यले **गोरखा जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६३) शीर्षकको शोधपत्रमा गोरखा जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । भक्तबहादुर राईले **नेपाली बालकथामा लोकसाहित्यको प्रभाव** (२०६३) शीर्षकको अनुसन्धान कार्यमा बालकथामा लोकसाहित्यको के-कस्तो प्रभाव छ भन्ने कुरा देखाइएको छ । नेपाली बालकथाको अध्ययनमा उनको यस कार्यले महत्वपूर्ण स्थान राख्दछ । यसै गरी भरतराज पौडेलले **लमजुङ् जिल्लाका लोककथाहरूको सङ्कलन र विश्लेषण** (२०६४) शीर्षकको शोधपत्रमा लमजुङ् जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । हरिभक्त सुवेदीले **तनहुँ जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन एवं विश्लेषण** (२०६४) शीर्षकको शोधपत्रमा तनहुँ जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । धाना धामीले **दार्चुला जिल्लाको दुहु क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन** (२०६४) शीर्षकको शोधपत्रमा दार्चुला जिल्लाका दुहु क्षेत्रमा प्रचलित लोककथाहरूको अध्ययन गरेका छन् ।

जीवेन्द्रदेव गिरीको **नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन** (२०६५) शीर्षकको अनुसन्धान कार्यले नेपाली लोककथाको अध्ययन परम्परामा महत्वपूर्ण स्थान राख्दछ । प्रस्तुत अनुसन्धान कार्यमा लोककथामा प्रयुक्त नारी चरित्रहरूको विभिन्न कोणबाट अध्ययन गरिएको छ । यस अनुसन्धान कार्यको दोस्रो अध्यायमा मूल शीर्षक लोककथाको सैद्धान्तिक विवेचना अन्तर्गत लोककथाको परिभाषा, तत्व, प्रकार र विशेषताको चर्चा गरिएको छ । तेस्रो अध्यायमा मूल शीर्षक नेपाली लोककथामा नारी चरित्रहरू अन्तर्गत दैवी र अतिमानवीय प्राणीका रूपमा नारी चरित्रहरू, सामान्य मान्छेका रूपमा नारी चरित्रहरू, परिवार र सरसम्बन्धभित्र नारी चरित्रहरू, वर्गीय दृष्टिले नारी चरित्रहरू, पेशा-व्यवसायमा नारी चरित्रहरू र नारी माथिका उत्पीडनका विविध रूपको चर्चा गरिएको छ । चौथो अध्यायमा नेपाली लोककथाका सबल नारी चरित्रहरूको विवेचना गरिएको छ ।

हिक्मत दमाइँले **डडेलधुरा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको अध्ययन-विश्लेषण** (२०६५) शीर्षकको शोधपत्रमा डडेलधुरा जिल्लाका लोककथाको अध्ययन गरेका छन् । टेकलाल अधिकारीले **कपिलवस्तु जिल्लामा प्रचलित लोककथाहरूको लोकतात्विक अध्ययन** (२०६५) शीर्षकको शोधपत्रमा कपिलवस्तु जिल्लामा प्रचलित लोककथाहरूको

अध्ययन गरेका छन् । सीता पोखेलले **प्युठान जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६५) शीर्षकको शोधपत्रमा प्युठान जिल्लामा प्रचलित लोककथाहरूको सङ्कलन तिनको वर्गीकरण र विश्लेषण गरेकी छन् । आनन्दकुमार लामिछानेले **दाङ जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६५) शीर्षकको शोधपत्रमा दाङ जिल्लाका लोककथाहरूको सङ्कलन गरेर तिनको वर्गीकरण र विश्लेषण गरेका छन् । नेबबहादुर रावतले **सल्यान जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६५) शीर्षकको शोधपत्रमा सल्यान जिल्लाका लोककथाहरूको अध्ययन गरेका छन् । माधवप्रसाद सापकोटाले **झापा जिल्लामा प्रचलित नेपाली लोककथाहरूको समाजशास्त्रीय अध्ययन** (२०६५) शीर्षकको शोधपत्रमा झापा जिल्लाका लोककथाहरूको समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरेका छन् । उनको यस अनुसन्धान कार्य नेपाली लोककथाको अध्ययन परम्परामा एउटा नवीन उपलब्धिका रूपमा देखा पर्दछ । उक्त अनुसन्धान कार्यमा समाजशास्त्रको सिद्धान्त प्रस्तुत गरेर त्यही सिद्धान्तको कसीमा घोटेर लोककथाको अध्ययन गरेका छन् । यसरी अध्ययन गर्दा राज्य, परिवार, समाज र संस्कृतिलाई आधार मानिएको छ । यस अनुसन्धान कार्यले नेपाली लोककथाको अध्ययन परम्परामा महत्वपूर्ण स्थान राख्दछ । सिताराम घिमिरेले **ललितपुर जिल्लाको दक्षिण पूर्वी भेकमा प्रचलित लोककथाको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६६) शीर्षकको शोधपत्रमा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकका लोककथाहरूको अध्ययन गरेका छन् ।

### ३.९.४ निष्कर्ष

लोककथा लोकसाहित्यका विविध विधाहरू मध्ये एउटा लोकप्रिय विधा हो । यो लोककथा लोकसाहित्यको आख्यानयुक्त गद्य विधा अन्तर्गत पर्दछ । लोककथामा लोकजीवनका आस्था, विश्वास, व्यवहार र चिन्तनलाई समेटिएको हुन्छ । यसका तत्वहरूमा लोकतत्व, कथावस्तु, चरित्र, परिवेश, संवाद, उद्देश्य, भाषाशैली र अभिप्राय आदि पर्दछन् । लोकमानसको  अभिव्यक्ति, बोधगम्य भाषा, मनोरञ्जनात्मकता, उपदेशात्मकता, आदि-अन्त्यमा विशिष्ट कथन आदि यसका विशेषताहरू हुन् । लोककथालाई सामाजिक, ऐतिहासिक, साँस्कृतिक आदि विभिन्न आधारमा विभाजन गर्न सकिन्छ । यसका पात्रहरूमा मानवीय, मानवेतर, अतिमानवीय र पदार्थ समेत पर्दछन् । लोककथाको उद्देश्य मनोरञ्जन प्रदान गर्नुका साथै नैतिक शिक्षा र व्यवहारिक शिक्षा दिनु हो । लोककथामा परोपकार, सत्य,

न्याय, कर्तव्यपालन आदि सकारात्मक भावना प्रकट भएका हुन्छन् । यी भावना लोककथा मार्फत एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुन्छन् । यसर्थ लोककथा मानव सभ्यताको संस्कृतिको संवाहक हो ।

त्यस्तै नेपाली लोककथाको सङ्कलन परम्पराको आधार विन्दुलाई नियाल्दा बोधविक्रम अधिकारी र उनको **नेपाली दन्त्यकथा** (१९९६) लाई मानिन्छ । यसपछि क्रमिक रूपमा लोककथाको सङ्कलन कार्य भएको देखिन्छ । नेपाली लोककथाको अध्ययन परम्पराको सुरुवात भने वि.सं.२०२४ देखि भएको हो । यसपछि निरन्तर रूपमा लोककथाको अध्ययन गर्ने कार्य भएको देखिन्छ । लोककथाको अध्ययन परम्परालाई गति दिने क्रममा संस्थागत तथा व्यक्तिगत रूपमा उपलब्धिपूर्ण कार्यहरू भएका छन् । यस कार्यमा त्रि.वि. नेपाली केन्द्रीय विभागको महत्वपूर्ण स्थान छ । यस कार्यमा महत्वपूर्ण योगदान गर्नेहरूमा तुलसी दिवस, चूडामणि बन्धु, मोतीलाल पराजुली, जीवेन्द्रदेव गिरी, माधवप्रसाद सापकोटाको स्थान उच्च छ । तुलसी दिवसले **नेपाली लोककथा केही अध्ययन** (२०३३) नामक पुस्तकमा नेपाली लोककथाको वर्गीकरण गर्नुका साथै संस्कृत तथा पाश्चात्य साहित्यका विद्वानहरूले गरेका लोककथाको वर्गीकरणलाई पनि प्रस्तुत गरेका छन् । यसै गरी विभिन्न वर्गमा पर्ने लोककथाका बारेमा पनि दिवसले चर्चा गरेका छन् । चूडामणि बन्धुको **नेपाली लोकसाहित्य** (२०५८) नामक पुस्तकमा नेपाली लोककथाको अध्ययन परम्पराको बारेमा उल्लेख गरिएको छ । मोतीलाल पराजुलीको **नेपाली लोककथाका अभिप्रायको अध्ययन** (विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि.२०५४) मा लोककथाको चिनारी दिँदै अभिप्रायलाई लोककथाको महत्वपूर्ण तत्वका रूपमा चर्चा गरेका छन् । यसर्थ प्रस्तुत शोधप्रबन्ध नेपाली लोककथाको अध्ययन परम्परामा एक महत्वपूर्ण उपलब्धिका रूपमा देखा पर्दछ । जीवेन्द्रदेव गिरीको **नेपाली लोककथाका सबल नारी चरित्रहरूको अध्ययन** (२०६५) शीर्षकको अनुसन्धान कार्यले नेपाली लोककथाको अध्ययन परम्पराको कार्यमा महत्वपूर्ण स्थान राख्दछ । नेपाली लोककथाको अध्ययन परम्पराको पछिल्लो समयमा माधवप्रसाद सापकोटाले **झापा जिल्लामा प्रचलित नेपाली लोककथाको समाजशास्त्रीय अध्ययन** (स्नातकोत्तर शोधपत्र, त्रि.वि.२०६५) मा झापा जिल्लामा प्रचलित नेपाली लोककथाको समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन गरेर नेपाली लोककथाको अध्ययन परम्परामा थप योगदान गरेका छन् ।

# चतुर्थ अध्याय

# रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको परम्परा, सङ्कलन, वर्गीकरण र विश्लेषण

## ४.१ रुकुम जिल्लाको लोकसाहित्यको अवस्था

मानव सभ्यताको इतिहासमा अभिव्यक्तिको प्रथम सोपानका रुपमा जन्मेको जेठो साहित्य लोकसाहित्य हो । आदिम अपठित मानवको सहज स्वाभाविक र अकृत्रिम भावना र कल्पनाको सोहीबमोजिमको सरल, सहज, स्वाभाविक र अकृत्रिम भावनात्मक अभिव्यक्ति नै लोकसाहित्य हो । अबोध आदिम मानवका स्वान्त सुखाय वा मनोरञ्जनका निमित्त अथवा हर्ष-विस्मात् वा पीडा व्यथादिको बन्धन बिहीन बेरोकटोक गरिने त्यस्ता अभिव्यक्तिमा काव्यशास्त्रीय कुनै नीति, नियमहरू थिएनन् । शब्द, वाक्य वा अर्थका तहको कुनै एकाग्रह थिएन, पूर्वाग्रह थिएन । ती पहाडी खोलाका झरना जस्ता उन्मुक्त, स्वच्छ र पवित्र थिए । बनेलु पञ्छीका कलरवजस्ता सहज र स्वाभाविक थिए । त्यही श्रृङ्खलाले क्रमशः जब विकसित हुँदै जाँदा यम, नियम र व्यवस्था वरण गर्न थाल्यो । मानसिक विकास र चिन्तनका चरणमा पुगेर एकरुपताको खोजी गर्न थाल्यो । जव भाषाले लिपिको आधार ग्रहण गऱ्यो अनि लिखित साहित्यको जन्म भयो । लिखित साहित्यले उत्तरोत्तर परिष्कृत परिमार्जित हुँदै विराट् प्रतिभाका लेखनी बाट रामायण, महाभारत जस्ता मानक काव्यकृतिहरूको रचना भएपछि त्यस्तै प्रकारका कृतिहरूलाई आधार मानेर बिषय र शिल्प सम्बन्धी लक्षण ग्रन्थहरू तयार हुँदै गए । पूर्वमा रस, अलंकार, रीति, बक्रोक्ति, ध्वनि र गुण जस्ता काव्य शास्त्रीय सिद्धान्तहरू तयार भए । भरतको नाट्य शास्त्र तयार भयो । भामह, विश्वनाथ, कुन्तक आदि हुँदै जगन्नाथ सम्म आइपुग्दा साहित्य सम्बन्धी अध्ययन, विश्लेषण र सिर्जनाका सूक्ष्मातिसूक्ष्म पद्धतिहरू विकसित हुँदै गए । सिर्जनातर्फ वेदपूर्वका श्रुति र स्मृतिले वैदिक ऋचाका रुपमा सङ्गृहीत भइसकेपछि पुराण, उपनिषद् र अन्य उत्तरवैदिककालीन साहित्यको सिर्जना पनि हुँदै गयो । उता पश्चिममा पनि होमरका इलियट, ओडिसी आदिको रचना भयो । सैद्धान्तिक व्यवस्थातर्फ प्लेटोका अवधारणा पश्चात् अरिष्टोटलका अनुकरण, विरेचन सिद्धान्तका साथै दुखान्त सम्वन्धी मान्यताहरू आए । बिस्तारै साहित्य बौद्धिक कसीको रुपमा रुढिगत परम्परामा आबद्ध हुँदै साँघुरिँदै गयो । अर्कोतर्फ अशिक्षित जनसमुदायद्वारा बन्धन र

मान्यतामुक्त लोकसाहित्यिक अभिव्यक्तिको परम्परा पनि यथावत् रुपमा अगाडि बढ्दै आजसम्मै आइनै रह्यो, तर भाषा, अभिव्यक्ति र त्यसको कारक प्रतिभाका वेगसँगै स्वतः सिर्जित लयात्मकता बाहेक त्यस्तो कुनै लयात्मक मान्यता अथवा अभिव्यक्ति वैशिष्ठ्यको उपक्रम छन्द, अलंकार आदि सम्बन्धी आग्रह लोकसाहित्यमा देखिँदैन । यिनै कारणले गर्दा कतिपय विद्धानहरूले लोकसाहित्यलाई पूर्वचर्चित प्रकृतिप्रदत्त, छाँगा, छहरा वा झरना सँग र लिखित साहित्यलाई मानव निर्मित इनार वा पोखरी सँग तुलना गरेको पाइन्छ । लोकसाहित्यलाई वनमा फुल्ने स्वच्छन्द वन-गुलाफसँग र लिखित साहित्यलाई कुनै मालीद्वारा काँटछाँट गरेर सजाइएको कुनै बगैचाको गुलाफसँग तुलना गर्न सकिन्छ । यसरी हेर्दा वनमा फुलेको गुलाफमा गुलाफत्व अथवा सौन्दर्य छैन भन्न सकिन्न । अनादिकाल देखि नै मानव हृदयलाई प्रभावित र विकसित गर्दै आएको साहित्यवाङ्मय आज पनि आफ्नै तौर तरिकाले आफ्नो उद्‌गारमा विचरण गरिरहेछ । हाम्रो उच्च वर्गदेखि लिएर सामान्य जनजीवनको हरएक पक्षसँग सम्बन्ध गाँसी मौलाउँदै आएको लोकसाहित्यले युगौं युगका बिभिन्न धारलाई पार गर्दै आएको छ । यो पुरानो युगौं युगको भएकाले यसमा बिभिन्न विशेषताहरू हुनु स्वभाविक हो । हाम्रो भाषागत इतिहास नै छोटो अवधिको भएकोले यहाँका कतिपय तथ्यहरू भाषा र भावनाको अज्ञानमा हराए पनि होलान् ।

मूलतः हामीले अनुभूत गर्दै आएका रुकुमेली लोकसाहित्यका विशेषताहरूलाई मोटामोटी रुपमा यसरी उल्लेख गर्न सकिन्छ ।

१. लिखित नभई परम्परागत श्रुतिमा आश्रित रहनु ।

२. रचयिताको अज्ञातता पाइनु ।

३. सहज जनउद्‌गार : आभ्यासिक र अलंकृत शैली प्रायः नपाइनु ।

४. लोकसंस्कृति र ऐतिहासिकताको संवाहक हुनु ।

५. नीति जस्तो कोरा औपदेशिकता नहुनु ।

रुकुमेली लोकसाहित्यको महत्वपूर्ण विशेषता श्रुतिपरम्परा नै हो । अज्ञातकाल देखिनै लोकसाहित्य लोकगलामा विचरित हुँदै र त्यसद्वारा नै फस्टाउँदै आएको कुरा बुझिन्छ । प्रारम्भिक कालको मानव समाजमा लेख्यविधाको परम्परा नै थिएन, त्यस समयमा पनि श्रुतिपरम्परामा लोकसाहित्य मुखरित थियो । किनभने सुख-दुःख तथा हाँसो र आँशु मानिसले सिर्जनदेखिनै प्राप्त गरेको हो । यसैले लोकसाहित्यलाई मानव जातिको आदिम वेद (ज्ञान) भन्नु त्यति अत्युक्ति नहोला । आर्यहरुको धार्मिक ग्रन्थ वेदलाई ‘श्रुति’ भनिन्छ । यसको

तात्पर्य हो - आरम्भिक कालमा वेद पनि महामना महर्षिहरूको गलागलामा सञ्चारित थियो र एक गलाबाट अर्को गलामा सर्दै  पुस्तौँपुस्ता बाँचेर आएको थियो । यसरी श्रुति परम्पराबाट आएको लोकसाहित्य हुनाले नै वेदलाई संस्कृतवाङ्मयले अपौरुषेयको संज्ञा दिएको छ । यसरी आर्यहरूका ताजा र अनुभूत हरिया स्मृतिहरूलाई दिगो र चिरन्तन रूप दिने आर्य साहित्य श्रुतिले कालान्तरमा आएर लेख्य रूप पायो तर पनि हाम्रो लोकसाहित्यले अझैँ राम्रो लेख्य रूप पाइसकेको छैन । यसको अध्ययन र अनुसन्धान हुन सकेको छैन । यसको सहज सौन्दर्य र ताजा शाश्वत अनुभूति अझै लोकगालाबाट निख्खर रूपमा मुखरित भईरहेको पाइन्छ । अनि कति गाथा र नाट्यविधाहरू त विस्मृत र विरूप स्थितिमा समेत पुगिसकेको अनुभव भै रहेको छ यसैले लोकसाहित्यको त्यो वृहद्रूपलाई संबद्ध एवं अविनाशी रूप दिन हामीले समयमा नै सोच्नु अपरिहार्य छ ।

लोकसाहित्य लोकसंस्कृतिको एउटा महत्वपूर्ण अंग हो । यो कलाकारका अनुभूतिहरूको तीव्रतामा आपसेआप निर्मित हुन पुग्छ । यसका रचनाकारको कुनै नियमबद्ध तरिका छैन । लोकसाहित्यको विविध क्षेत्र हाम्रा जीवनपद्धतिको हरएक पल-पलमा घुलमिल भएको पाइन्छ । लोकसाहित्य यति नै विधामा वर्गीकरण हुन्छ भन्न सकिँदैन । तर सजिलो र आधारशिलाको लागि रुकुम जिल्लामा प्रचलित लोकसाहित्यलाई निम्न प्रकारमा विभाजन गर्न सकिन्छ ।

१. लोकगीत

२. लोकगाथा

३. लोककथा

४. लोकनाटक

५. गाउँखाने कथा

६. उखान-टुक्का

## १. लोकगीत

लोकगीत हामीले जीवनको प्रथमकालदेखि नै सुन्दै आएको मीठो लय हो । आमा-बुबा, बज्यै आदिले हाम्रो शिशुकाल देखिनै कोक्रोमा हल्लाउँदा र काखमा थुम्थुम्याउँदा हामीलाई फुल्याउने गीत लोकगीत हो । लोकगीत भाषाको माध्यमद्वारा उद्गारित अलेख्य विधा भएकाले यो लिपि भन्दा पनि पुरानो र सभ्यता भन्दा पनि जेठो वस्तु हो । आफ्नो

लिपिनै नभएका भाषिकाहरूका पनि प्रशस्त लोकगीत छन् । रुकुममा प्रचलित लोकगीतहरू संगिनी गीत (तीज गीत, भैले गीत, रत्यौली, संगिनी आदि), संस्कार गीत (न्वारन, पास्नी, वर्तन, विवाह, मृत्यु आदि), व्रत संम्बन्धि गीत (तीज, ऋषिपञ्चमी, सत्यनारायण पूजा, सप्ताह आदि), ऋतुगत कर्मगत गीत (जाँतो पीस्ने, असारे, धाननाच आदि) प्रचलित छन् । यहाँका लोकगीतका विशेषताहरूलाई निम्नप्रकार व्यक्त गर्न सकिन्छ ।

क. लोकजीवनको सामाजिक धरातलमा आधारित

ख. प्रेमसम्बन्धी विश्लेषणमा विरचित

ग. धार्मिक परम्परागत आस्थामा अवलम्बित

**२. लोकगाथा**

नेपाली लोकसाहित्यको परम्परामा गाथाको प्रचलन ज्यादै पुरानो मानिन्छ । जसरी यहाँको माटोले लोकगीतलाई आफ्नो हाँसो र आँशुको कविता मानी पुरानो कालदेखि आत्मीय रूपले ग्रहण गर्दै आयो त्यस्तै गाथालाई पनि ग्रहण गरेको बुझिन्छ । आफ्ना मालिक र पुरूखाहरूको गुणगान गाएर घर-घरै र गाउँ-गाउँ डुल्ने गाइने जाति द्वारा यी गाथाहरूलाई चिरायु गराउने काम भएको छ । यस्ता गाथामा अमरसिंह थापाको गाथा, जंगबहादुरको गाथा, रामायण गाथा आदि प्रचलित छन् । यस्ता लोकगाथाहरू लोप हुने अवस्थामा पुगेका छन् । रुकुममा प्रचलित लोकगाथाका विशेषताहरू यसप्रकार उल्लेख गर्न सकिन्छ ।

क. गेयको साथै नृत्यमय हुनु

ख. मौखिक र रचनाकार अज्ञात हुनु

ग. संक्षिप्त, सरस र सरल हुनु

घ. गौरवगाथा हुनुको साथै स्थानीय हुनु

ङ. गीतको चरण बारम्वार दोहोरिनु ।

**३. लोककथा**

सामान्यतया कथा, दन्त्यकथा, लोककथा यी एउटै कुरा बुझाउने शब्द हुन् । लोककथा भनेर खासगरी युगौंयुगको परम्परा देखि जनताको मुखमुखै एकनासले चलिआएका काल्पनिक घटनाप्रधान कथाहरूलाई लिइन्छ । लोककथाको सर्वाधिक महत्व हो मनोरञ्जन । तर यसको सामाजिक महत्व पनि कम छैन । लोककथामा श्रोताको आवश्यकता पर्छ । रुकुम जिल्लाको पूर्वी भेग तर्फ मगरखाम भाषाको बाहुल्यता रहेकाले यहाँको साहित्यको

बारेमा अध्ययन गरिनु अति आवश्यक छ । पश्चिम भेग तर्फ नेपाली भाषाको पूर्वेली भेद अन्तरगत खसानी भाषिका प्रचलित भएकाले यहाँ प्रचलित लोककथाहरूमा पाइने विशेषताहरू यसप्रकार उल्लेख गर्न सकिन्छ ।

क. रचनाकार अज्ञात भै परम्परागत पाइनु ।

ख. प्रेममय भावना प्रदर्शित हुनु

ग. रोमाञ्चमय अद्भूततत्वको प्राधान्य हुनु ।

घ. अप्राकृतिक र अमानविय तत्वको समावेश पाइनु ।

ङ. रचना लोकरञ्जक हुनु ।

**४. लोकनाटक**

लोकनाटक लोकजीवनको पुरानो विधा हो । लोकनृत्य र गीतनै यसका मूल आधार हुन् । यसलाई वेदका अंगको रूपमा पुरानो जमाना देखि नै ग्रहण गरिएको हो । हाम्रो जनजीवनमा प्रचलित लोकनाटकहरू बिभिन्न प्रकृति र स्वभावमा निर्मित छन् । चार वर्ण छत्तिस जातको फूलवारी भएकाले यहाँको बिभिन्न जातिय परम्परा र लोकसंस्कृति अनुसार नाटकहरू विरचित र प्रदर्शित भएका पाइन्छन् । रुकुम जिल्लाको पूर्वी भेगको लोकनृत्य र पश्चिमी भेगको लोकनृत्यमा जातिगत विविधता पाइन्छ । पूर्वी भेगको मगर जाति र पश्चिमी भेगका बाहुन क्षत्रीहरूका समाजमा गाइने लोकनाटक भिन्नै प्रकारको देखिन्छ । यहाँका लोकनाटकमा सोरठी, घाटु, रामायणको बालुन आदि प्रचलित छन् । यहाँका लोकनाटकहरूको बिशेषताहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ ।

क. सरस र सहज भावना पाइनु,

ख. गेयात्मक सरल भाषा हुनु,

ग. संवादात्मकता हुनु,

घ. कुनैनकुनै कथावस्तुमा आधारित हुनु,

ङ. सहज निर्माण साध्य हुन

**५. गाउँखाने कथा**

वास्तविक विषयलाई प्रकारान्तरले भनिएको र त्यसको सामान्य आभाष मात्र दिइएको चुड्किला वाक्य वा वाक्यांशलाई गाउँ खाने कथा भनिन्छ । मध्यपश्चिमाञ्चलको पहाडी भेगतिर यसलाई साइतर (सातर) भनिन्छ । यस्ता कथाहरूमा कथा भन्दै गएर आखिरीमा पुगी विभिन्न अड्को थापी अड्को फुकाउने आकांक्षा श्रोतावर्गमा राखिएको

हुन्छ । यस्ता रोचक, मन-मस्तिष्कलाई कसरत गराउने खालका कथाहरूको परम्परा उहिले पुरानो जमानामा पनि निकै भएको बुझिन्छ । रुकुम जिल्लामा प्रचलित गाउँखाने कथा भित्र हाम्रा पुर्खाहरूका चिन्तन-पूर्ण भावधाराहरू छताछुल्ल भएर बगेका पाइन्छन् । निश्चय नै गाउँघरको गल्ली र गोरेंटो, भीर, पाखा, खोला, नदी, आदि चहार्दै जीवन मेसोमा हिँड्ने निरक्षर दाजुभाइ र वन-पात र डोको नाम्लो सँग वन चहार्ने सरल दिदीबहिनी आदि बाट यी सम्वर्द्धित भएका छन् । यिनै दाजुभाइ-दिदीबहिनीहरूले यी गाउँखाने कथा भित्र आफ्ना जीवनका विविधता, वस्तुस्थिति आदिको चित्र प्रकट गर्दै रमाइलो ढंगले प्रस्तुत गरेको पाइन्छ । जस्तैः बाहिर सुन भित्र चाँदी क्या हो ? - केरा, मामा भन्छ आइज-आइज, भानिज भन्छ नाइँ-नाइँ के हो ? - केरा र पीपलको पात आदि ।

**६. उखान-टुक्का**

लोकजीवनबाट परिष्कृत अनुभव र विवेकद्वारा खारिएका शाश्वत चिन्तनपरक उक्तिहरूनै उखान-टुक्का हुन् । उखानद्वारा मानिसले विवेक र मार्गदर्शनको आलोक प्राप्त गर्दछ भने टुक्का चाहिँ भाषा र भावनालाई मधुरता र मिठास भर्ने कडी हुन् । यिनमा लोकपरम्पराको भाषागत रुढता रहेको हुन्छ र अप्रत्यक्षतः बोध्यताको तिक्खरपना तिखारिएको पाइन्छ । जस्तैः अगुल्टोले कुकुर नहान्नू : औँलोले स्वास्नी नकुट्नू, कुलको छोरी र मूलको पानी हेर्नू आदि ।

यसरी लोकसाहित्यको धनी रुकुम जिल्लाको समग्र लोकसाहित्यको अध्ययन विश्लेषण गरिनु जरुरी छ । आधुनिक सभ्यताको अनुकरणसँगै हाम्रो युगौँयुग पुरानो लोकसाहित्यको बेवास्ताको अवस्था छ अनि अभिजातवर्गको तिरस्कारपूर्ण हेयतामा पिछडिएको छ । लोकको अनुकूल वा प्रतिकूल सामयिकतालाई आत्मसात गरी बगेको लोकसाहित्यिक प्रवाहलाई हाम्रो समाजले यसको राम्रो गरिमाबोध गरी यसप्रति दृष्टि दिनु, चासो राख्नु आवश्यक छ । यसको तथ्यपूर्ण संकलन, अध्ययन र बिश्लेषण गरी संरक्षित गर्नु पनि जरुरी छ । रुकुम जिल्लाको लोकसाहित्यको अध्ययन विकासको तथ्यपूर्ण क्रम राम्रो रूपले खोज र लिपिवद्ध हुन सकेको छैन । यहाँका गीत, कथा, नाटक र उखानहरू कहिल्यै सिद्धिदैँनन्, अक्षय छन्, अनि सँधैनै ताजा, नयाँ र आकर्षक पनि छन् । अहिलेसम्म पाइएका, जोगिएका वा संरक्षित भएका लोकसाहित्य मुखैमुख गरी पुस्ता-पुस्ताको स्मृतिले मात्र अड्याएका हुन् । हामीले लोकसाहित्यप्रति भएको मानवीय उदासीनतालाई पर सारी साहित्यप्रेमीहरूले यिनीहरूको संरक्षण र संवर्द्धननिम्ति जाँगर देखाउन आवश्यक भएको छ ।

रुकुम जिल्लाको लोकसाहित्यलाई राष्ट्रिय स्तरमा पुऱ्याउन सके नेपाली लोकसाहित्यको भण्डारमा केही साहित्यिक इँटा थपिने थियो ।

## ४.२ रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको परम्परा

रुकुम जिल्ला राप्ती अञ्चलको पश्चिम-उत्तरी क्षेत्रमा अवस्थित दुर्गम जिल्ला हो । भौगोलिक विकटताका कारण यो क्षेत्र अहिलेसम्म पिछडिएको महशुस हुन्छ । यातायात, सञ्चार, सिँचाइ, खानेपानी, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवाको अभावका कारण रुकुमेली जनसमुदायहरू पिरोलिएका छन् । यातायातको असुविधा रहेको रुकुम जिल्लामा भर्खरै मात्र मोटरबाटोले जिल्ला सदरमुकाम मुसिकोट खलङ्गा छोएको छ । सदरमुकाम देखि विभिन्न गा.वि.स हरुमा भर्खरै मात्र कच्ची मोटरबाटोले जोड्ने प्रयास भइरहेतापनि यसले यातायातलाई त्यति सुगमता दिन सकेको छैन ।

रुकुम जिल्लामा आधुनिकताको अतिरिक्त लौकिक संस्कृतिकै परम्परा, परिवेश र पृष्ठभूमिको बाहुल्यता रहेको छ । यस किसिमको लौकिक संस्कृतिको माध्यमबाट यस जिल्लामा अझै पनि लोकसाहित्यका विविध पक्षहरू झल्किरहेका छन् । जस्तै : विवाहको अवसरमा गरिने खुकुरी नाच, माघे सङ्क्रान्तिमा बरगाइ नाच, बलुपूजा नाच, मयूर नाच, पैंसेरी नाच, विभिन्न देवी-देवताको पूजामा देखाईने नाच आदि ।

यिनीहरूको आफ्नै परम्परा छ । यस अवसरमा आहान, पुराण, सिलोक शास्त्र गर्ने प्रचलन रहिआएको छ । रुकुम जिल्लाका अधिकांश  मानिसहरू कृषि पेशामा लागेको हुनाले जेठ महिनादेखि भाद्र महिनासम्म भैंसी लेकमा चराउन लग्ने चलन छ । सबैजसो गोठालाहरू दिनभरीको अथक परिश्रमपछि रातिमा दुःख-सुखका कुराकानी गर्दा अतिरञ्जनात्मक लोककथाहरू भनाभन गरी एकापसमा आनन्द लिई दिउँसोको परिश्रमको थकाइलाई भुल्ने गरेको पाइन्छ । यहाँको लोकसंस्कृतिको स्थानीय मानव जीवनको विविध पक्षलाई समेटेर अभिव्यक्ति दिन सकेको छ, जस्तै : कुनै घरमा अशुभ वा विरामी पर्दा धामी-झाँक्रीको प्रयोग गर्ने प्रचलन, पापी काम गरेमा त्यसको फल आफै भोग्नुपर्छ भन्ने विश्वास, भाग्य र कर्म सुधियो भने निर्धो पनि धनी, महाजन बन्न सक्छ भन्ने विश्वास, भूतप्रेत देवीदानवको अद्भूत घटना सिर्जना गरी सताउँछ भन्ने लोकविश्वासमा जीवनयापन गर्ने स्थानीय लोकजीवनका पक्षहरू, स्थानीय लोककथाहरूमा अभिव्यक्त भएको पाइन्छ ।

उदाहरणको रूपमा यस शोधपत्रमा उल्लेख गरिएका स्थानीय लोककथाहरूलाई अघि सार्न सकिन्छ ।

यस क्षेत्रमा विभिन्न किसिमका अद्भूत, रहस्यमय, कौतुहलपूर्ण लोककथाहरू अगेनाको डिलमा वा पिँढीमा बसेर बूढाबूढीहरूका मुखबाट सुनाउने परम्परा कायमै छ । यहाँ प्रचलित लोककथाहरूले जीवनको यथार्थताभन्दा काल्पनिकतालाई बढ्ता जोड दिएको पाइन्छ । यस्ता लोककथाहरूमा मानवीय तथा मानवेत्तर दुवै प्रकारका पात्रहरू पाइन्छन् । मानवेत्तर पात्रहरूले पनि अतिमानवीय भूमिका खेलेको देख्न सकिन्छ । यहाँ विशेष गरी लोककथाहरू दिउँसोमा भनिदैनन् । यस्ता प्रकारका लोककथाहरू राति मकै छोडाउँदा, बत्ति कात्दा, टपरी बनाउँदा, छोट्टेछोट्टी (केटाकेटी) भेला हुँदा भनाभन गरी आनन्द लिने गरिन्छ । वक्ताको कथनकौशलको कारण स्रोताहरू मन्त्रमुग्ध भई सुन्ने गर्दछन् । लोककथामा कथावाचकहरूले हावभावका साथ स्थानीय भाषाशैलीको प्रयोग गरी लामा-लामा कथाहरू भन्ने र आफ्नो कार्यलाई लगनशीलता दिएको पाइन्छ ।

रुकुम जिल्लाको यस क्षेत्रमा लोककथाको परम्परा जीवित भए तापनि लोककथा सुन्ने र सुनाउने परम्परा लोप हुन लागेको गुनासो यस क्षेत्रका लोककथावाचकहरूको रहेको छ । साथै यस्ता प्रकारका लुकीछिपी रहेका लोककथाहरूलाई लिपिबद्ध गराई सुरक्षित राख्नसमेत माग गरेका छन् । पुराना पुस्ताका कुरामा नयाँ पिँढीले बेवास्ता गर्नु, देवीदेवता भूतप्रेतप्रति मानिसहरूको विश्वास पूर्ण रूपमा हराएर जानु, एकल परिवारप्रतिको अवधारणा विकासको कारणले बाजे बज्यैजस्ता आदरणीय व्यक्तित्वहरूसँग स-साना केटाकेटीहरूको सङ्गत हुन नपाउनु आदि यस क्षेत्रमा लोककथा परम्परा लोप हुने मुख्य कारण भएको कुरा अध्ययन-सङ्कलनको अभियानले प्रष्ट पारेको छ । यस क्षेत्रको लोककथा परम्पराको सम्बन्धमा प्राचीन कालमा भाषालाई वाणीको अभिव्यक्तिको माध्यम बनाएपछि आफ्नो जीवनमा घटेका तीता-मीठा अनुभवहरूलाई आफूले अरूलाई सुनाउन, अरूका सुनेर आनन्द लिन र नैतिकवान् हुनका लागि नै लोककथाको परम्परा सुरु भएको हामी अनुमान गर्न सक्छौं । अझै पनि यहाँ प्राचीन परम्पराकै परिवेश र पृष्ठभूमिमा यस क्षेत्रमा लौकिक संस्कृतिमा आधारित कथा सुनाउने परम्परा कायमै छ । रुकुम जिल्लाका जम्मा ४३ गा.वि.स. हरूमध्ये अधिकांस गा.वि.स. हरू नेपाली भाषाको पूर्वेली भेद अन्तर्गतकै खसानी भाषिकाको प्रयुक्त क्षेत्र मानिन्छन् । यस क्षेत्रमा विभिन्न जाति तथा जनजातिका मानिसहरू बसोबास गर्दछन् । यीमध्ये फरक संस्कृति र भाषिक लवज हुनसक्ने गा.वि.स. हरू अनुमान

गरी जम्मा १२ वटा गा.वि.स. हरूबाट मात्र नेपाली लोककथाहरू संकलन गरिएको छ । यिनै लोककथाहरूको आधारमा रुकुम जिल्लामा प्रचलित नेपाली लोककथाको परम्परा बुझ्न सकिन्छ । अन्य गा.वि.स. हरूमा भौगोलिक विकटता तथा कथावाचकको अभाव, कतिपय बूढाबूढीहरूले कथावाचन गर्न नसक्ने स्थिति, भाषिक भिन्नताका कारणले सबै क्षेत्रहरूमा गएर सामग्री सङ्कलन नभए तापनि सङ्कलन गरिएकै गा.वि.स. का लोककथावाचकहरूबाट प्राप्त लोककथाहरूले नै रुकुमेली नेपाली लोककथा परम्परालाई झल्काउन सक्ने कुरामा विश्वास लिइएको छ । लोककथावाचकहरू अथवा स्रोतव्यक्तिहरूको तालिकागत विवरण परिशिष्ट २ मा राखिएको छ ।

### ४.२.१ रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाका आधारहरू

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूनेपाली भाषाको पूर्वेली भेद अन्तरगत खसानी भाषिकाबाट प्रभावित छन् । यहाँ सङ्कलन गरिएका लोककथाहरू यहाँको भौगोलिक अवस्था, वनजङ्गल, भीरपाखा, नदीनाला, उकाली-ओराली, महत्त्वपूर्ण स्थान आदिलाई सङ्केत गर्नमा सक्षम रहेका छन् । रुकुमेली समाजमा प्रचलित शोषण, दमन, अन्याय, अत्याचार र थिचोमिचो यी लोककथाहरूमा प्रष्ट देख्न सकिन्छ । रुकुमका मानिसहरूले गर्ने खेतीपाती, पशुपालनको कुरा यी लोककथाहरूमा आएको छ । रुकुमेली लोकजीवनसँग सम्बन्धित पारिवारिक समस्याहरूमा आधारित सामग्री अधिक मात्रामा फेला पारिएको छ । अतः रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरू अन्यत्र प्रचलित लोककथाहरू भन्दा भिन्न देखापरेका छन् ।

## ४.३ रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरू

### १. काग कति बाठो

उइलै न एका ठाउँमा एउटा रूखका हाँगामा खोर बनाएर एउटा काग बस्थ्यो । त्यई रूखको फेदनु एउटा हाँस बस्थ्यो । तिनेरूका बीचमा नाम्रो सम्बन्ध थियो । काग निकै बाठो भएकाले सँदै अचम्म अचम्मका कौतुक देखाउँथ्यो । हाँस भने आफ्नु जीवन चलाउनी बाहेक अरू ढाँटढुट छलछाम गर्न जानेको थिएन ।

एकदिनको कुरा हो, हाँस चर्न गया छेक पारिगिन कागले आप्ना र हाँसा अण्डाहरू फेरेछ । त्यो कुरो हाँसलाई थाहा भएन । उता कागले राजासित गएर भन्यो- "महाराज, मले हाँसा अण्डा फेऱ्या छु । केइगर्दा हाँस मेरा चल्ला किन काला भया भनिगिन हजुरसित उजर गर्न आयो भन्यापछि हाँसा चल्ला पनि काला हुन सक्छन् भन्दिबक्सेला अनि म बरु हजुरका मऱ्या ज्याब्वा देखाइदिउला ।" मऱ्या ज्याब्वा देख्न पाइजान्छ भन्यापछि त्यत्ति भन्नलाई क्या भो र भन्ने विचारले राजाले त्यो कुरा स्वीकार गऱ्यो ।

एक महिनापछि हाँस र कागले आ-आप्ना अण्डाहरू कोरले । कागा चल्लारू सेता भए भने उता हाँसा चल्लारू काला भए । काला चल्ला देख्यापछि हाँसलाई चित्त बुझेन र यो सप्पै खेल कागा हुन् भन्ने शङ्का गरिगिन राजासित उजर गर्दै भन्यो- "महाराज, म सेता हाँसका चल्ला कस्तोरी काला भया । कागा चल्ला फिरी सेता छन् । कागले अण्डा फेरेछ । त्यसलाई कारबाई गरिपाऊँ ।" राजाले हाँसलाई झपार्दै भन्यो- "धत् ! यस्तो पाजी कुरा गर्नी सेता हाँसका काला चल्ला हुनसक्छन् भने काला कागका सेता चल्ला हुनसक्छन् । कागले केई गल्ती गऱ्या हैन । तँ गइहाल् ।" हाँसलाई राजाको यो फर्सिलाले चित्त बुज्या ता थिएन तैपनि मिर्मट्टीगन बस्या थियो । कागो यस्ता चालाले हाँस पचक्क पऱ्या थियो ।

उता राजाले कागलाई न्याय दिया हुनाले मरेका ज्याब्वा हेर्नी विचार गरेछ र कागलाई बोलाएर भनेछ- "ए काग, मैले तिम्रो न्याय गर्दै तिमीले हाम्रा मऱ्या ज्याब्वा देखाउनी भन्या हैनौ देखाइदिनु पऱ्यो ।" कागले हाँस्दै भन्यो- "महाराज, हजुरका आमाबुवा देखाउन ह्याँ सकिन्न । त्यका लागि अलि पर डाँरामा जानुपर्छ ।" राजाचाँहि मरेका राजारानी देख्न पाइनी भो भन्ने आशाले पुठ्ठीदै कागा पछि-पछि लाग्यो । कागले बाटानु फसङ्गा लाउँदै नजीकै डाँरामा गुइयेबारी रछ त्यई लगेर गुनु भया किराहरू देखाउँदै भनेछ- "हेर्नुहोस् महाराज, हजुरका आमाबाबा इनै हुन् । यिनीहरू पनि हजुरजत्तिकै घुस्याहा भया हुनाले, दुनियाँलाई ठग्या हुनाले यस्तै गरी नर्कको पिपकुण्डमा पाकिरहेका छन् । हजुर पनि मऱ्या पछि त्यई सवारी हइबक्सनेछ ।" कागलाई गाल गर्दै राजा घर फर्के ।

कागले राजालाई मान्छ बनायापछि आफ्नै साथी हाँससित गएर भनेछ- "मीत मले तपाइका अण्डा फेऱ्या हौं राजाले कत्तिको घुस खान्छ भनी विचार गऱ्या हुँ । राजा असाध्यै घुस्याहा रछन् । म तिमीलाई ननाम्रो गर्दैन लग्नोस् तपाइका सेता चल्लाहरू ।" कागको चतुऱ्याइँ बुज्यापछि हाँस खुशी भएछ र दुइटै फिरी मिलीजुली सातै दिन बिताएछन् ।

**स्रोतव्यक्ति :**

**नाम :** लालबहादुर शाही **लिङ्ग :** पुरुष **उमेर :** ६५ वर्ष

**सङ्कलन मिति :** २०६९/९/१ **ठेगाना :** बाँफिकोट गा.वि.स., वडा नं. २, तलीगाँउ, रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ**

| | | | | |
|---|---|---|---|---|
| खोर | - | गुँड | डाँरामा | - डाँडामा |
| कौतुक | - | जादू | फसङ्गा | - ढाँटेका कुरा |
| उजर | - | उजुर | गुइये बारी | - गुहूँले भरिको ठाउँ |
| ज्याब्वा | - | आमाबुवा | गुनु | - गुहूँमाथि |
| पचक्क पर्नु | - | वाक्क हुनु | मान्छ बनाया पछि | - मुखभरिको जवाफ दिएपछि |
| बुज्या पछि | - | बुझेपछि | सातैदिन बिताए | - सँगै दिन बिताए। |

## २ कुर्मी नेवारको कथा

कुनै ठाउँमा एकजना साउ कुर्मी नेवार थियो । उको एउटो मात्र छोरो थियो । उका चार ढाल रुप्या रछन् । छोराको व्या गर्नी हैसियत्ले ब्वारी खोज्न गयो र धुमधामसित एक ढाल रुप्या सगी व्या गर्‍यो । ब्वारी घर ल्यायापछि छोरालाई बोलाएर बावुले भन्यो- “आज राति सुतिगन बिउतिनी बेला सम्मराति ब्वारीलाई बिउताइगिन मलाइ भोग लाग्यो खानीकुरा बनाइदे भन्नू ।”

रात पर्‍यो सप्पै परिवार सत्यापछि छोराब्वारी पनि आप्ना खोपीमा सुत्या । उले सम्मराति मैतालुलाई झाङ्ल-झुङल पारी उठाएछ । मस्तैपछि मैतालुले क्या गिद्धले खानी हात हुन् राति सुत्न पनि नदिनी भनेर गाल गरी । पोइले मलाई भोग लाग्या छ केई खानीकुरा बनाइ दे भन्यो तर जोईले पर बाटनु गाईको डाँङग्रो मर्‍या छ त्यइ खा भनी ।

छगालपल्ट छोराब्वारी उठे र ब्वारी काम गर्न गई । छोरो भन्या बावुसित गो । बावुले छोरालाई राति क्या भो भनी सोध्यो । छोराले आफूलाई गाईको डाँङ्ग्रो खा भनी भनेर बावुसित बतायो । बावुले त्यलाई गाली, दुवेली हानमार केही नगर् बरु खसी कसार गराइगिन माइत लैजा र जाऔं नभनी सुटुक्कै आइजानू भनिगन छोरालाई अह्रायो । छोरोले त्यो कुरा मान्यो र माइत लिइगन गयो र बावुका सल्लाहअनुसार फाल्याइगिन घरमा आयो ।

कुर्मी नेवारले फिरी एक ढाल रुप्या सगी अर्की ब्वारी व्या गऱ्यो । फिरी आज राति पनि ब्वारीलाई भोग लाग्यो भनी उठाउनू भनी बावुले छोरालाई अरायो ।

साँजपख रात परिसग्यापछि सुते र रातिमा छोराले आफ्नी जोईलाई पइलास्तै गरी भोग लाग्यो मलाई खानीकुरा बनाइदेऊ भन्यो । जोईले फिरी क्या गिद्धले खानी खात हुन् राति सुत्न पनि नदिनी पर काल्नानु एउटो मऱ्या बालक स्यालले उताऱ्या छ त्यई खा भनेर भनी । त्यो सप्पै कुरा छोराले बावुसित गऱ्यो । बावुले पनि पैला गऱ्यास्तै पानपावर, खसी कसार गरी माइत फाल्याउन भन्यो । छोराले बावुले भन्यास्तै गऱ्यो र माइत फाल्याइगिन घर आयो ।

अर्कोदिन कुर्मी नेवारले अर्को ढाल रुप्या सगी अर्की ब्वारी खोजी ल्यायो र पइलास्तै छोरालाई सल्लाह दियो । छोराले पनि सम्मराति जोईलाई मलाई ता भोग लाग्यो भनी उठाउँदा उसले क्या स्यालले खानी हात हुन्, राति सुत्न पनि नदिनी, पर बाटानु कोले छेऱ्या थ्यो, त्यई खा भनिछ । त्यो सप्पै कुरो बावुसित गऱ्यापछि बावुले फिरी पानपावर, खसी, कसार बनाइ उसलाई माइत लगी फाल्याउन अराछ । छोराले पनि जोईलाई माइत फाल्याएर आछ ।

अर्कोदिन नेवार फिरी ब्वारी खोज्न एक ढाल रुप्या लगेर गएछ र एउटी ब्वारी ल्याइगिन आछ र छोरालाई उस्तै गरी भोग लाग्यो भन्नू भनेछ । छोराले बावुको अर्तीअनुसार रातको बीचमा मलाई भोग लाइगो खानीकुरा बनाइदे भनी डर मान्दै भनेछ किनकि उका चार ढाल रुप्या सक्किग्या; अर्को व्या गर्नी रुप्या पनि थिएन । जोईले किन राति उठाउनु भो केई अप्ठयारो पऱ्यो कि भनेर सोध्दा पोइले मलाई ता भोग लाग्या छ केई खानी गराया खादाउ भनेछ । ब्वारीले झट्पट् उठी खाना बनाउँदा पोइचाँहि आनन्दले निदाइगछ । जोईले चिसो पानी आँखानु लाइदिई र मालिक उठ्यो र अगिन भोक लाग्यो भन्नु हुन्थ्यो अइले मले बनाइद्या छु खानोस् भनी । दुईजनाले खाया एक भाग ससुरा र एक भाग सासुका सिरानमा नबोलाई राख्दिछे ।

छगालपल्ट बावुसित छोरो जाँदा बावुले ब्वारीका बारेमा सोध्यो । छोराले मलाई सोध्नुभन्दा सिरान हेऱ्या था हुन्छ भन्यो । बूराले सिरान हेऱ्यो र खुशी हुँदै मले बल्लै साँच्चैकी ब्वारी पाएँ भन्यो । उका चार ढाल रुप्या सक्किगन नाङो भयो । छोरालाई सम्पत्ति सप्पै सक्कियो अब जीउ कस्तोरी पाल्ने भनी चिन्ता लाग्यो । बावुले छोरालाई केई चिन्ता

नमान्, कोइ राजाका दरबारमा जाऔं र को राजाले दरबार हाल्छ, त्यहीबाट हामी पैसा कमाई आउँछौं भन्यो ।

कुर्मी नेवारका बाउछोरा राजाको दरबार हाल्न जानी भनी कुम्लीलाम्ली बोकी हिरेछन् र हिर्दाहिर्दै टारा पुग्यापछि उगालो लाग्यो र विस्सीगन एक चिलिम तमाखु खाए र बूराले म त थेग्लिगें । म यो उगालो हिर्नै सक्तैन तोले यो उगालो कानामाथि हाल्छौं भन्या जानी भएँ नत्र म सक्तैन भन्यो । छोराले खानीपिनी, ओर्नी, ओछ्याउनी, पगाउनी र खोर्सनी भारीले मलाई ठिक्क छ, उगालो कानामाथि हाल्न म सक्तैन भन्दाखेरी बावुले नसक्नी भयापछि त फर्कि जाउ तो भन्यो । छोरो पनि मञ्जुरी भो अनि दुबै घर फर्के ।

घरमा ब्वारीले खानापिना ख्वाई र छोरा ब्वारी सुत्न गया । ब्वारीले कमाउन कजाउन गया किन फर्किनु भो भनी सोध्दा बाबाले मेरो खानीपिनी ओर्नी ओछ्याउनी छँदाछँदै उगालो कानामाथि हाल्नी भन्या मले नसक्नी भएँ र क्या गर्नी फर्कनै ता पऱ्यो तो भनेर भनेको लोग्नेको कुरा सुन्यापछि ब्वारीले त्यो पाजी उकालो ता मै कानामाथि हाल्लेल्दाउँ क्या मति भत्यो र फर्किनु भत्यो भनी तपाइको क्या बुद्धि हो; हरहर बाबै तिम्रो ढल छ, मेरो बल छ, हाम्रो कमाइ कोइ चोरले ठग्नी हो कि ? कोइले छल्नी हो कि ? भन्दै कुरा गर्दै गएको भया ता उगालो आफै काटिन्थ्यो, त्यईता उगालो काना माथि हाल्नी भन्या हो भनेर ब्वारीले भनिछे ।

भोलिपल्ट बावुसित गएर काम खोज्न जाऔं बावै भन्यो र उई कुम्लो बोगी बाउछोरा उई बोटो हिडेर गए र उई ठाउँमा बास बसे । बाउले फिरी उगालो कानामाथि हाल भन्यो छोराले जोईले सिकायास्तै गऱ्यो र बाटो काटेको थाहै भएन । बाउछोरा पाल्पा राज्यमा पुगे । पाल्पाली राजाको दरबार हाल्न लाग्यो । एकवर्षसम्म काम गऱ्यापछि दरबार निब्ज्यो र राजाले पाप कथ्यो । यिनले ता पैसा पाया भन्यापछि कामी, दमाइँ, वादी, ठागुर र राजा सप्पैको घर यस्तै बनाउँछन् । राजा रैती केई नबेग्तिनी भो यस्तैले यसलाई जीउभरी खानी पैसा दिऔं र दुबै बाउछोराका हात काटी पठाइदिउ भन्ने सल्ला गऱ्यो । त्यो कुरा एउटी स्वान्चरीले सुनिछ र पँधेरामा पानी ल्याउन गएको बेला एकापासमा कुरा गर्निरछन् । त्यईबेला झट्टै कुर्मी नेवारको छोरो पँधेरामा पुग्दारी सप्पै मालमिल्ल भएछन् । त्यईबेला उले कुरा बुजेछ । पँधेर्नीले उलाई चाँरै पानी भर्न दिई पठाए । छोरो अँध्यारो मुख लाएर बाउती आयो । उसले किन अँध्यारो मुखालाई ? घरमा केई फुर्चो कुरो सुनि कि ? भनी सोध्दा

छोराले पँधेराको सप्पै कुरा बतायो तर बूराले क्या मानिस है तो छोरा ए, मेरा मुख हेर न भनेर छोराको मन ठूलो बनायो ।

राजाले बुधवारा दिन कई भाइर नजानू । त्यई दिन दरबारमा सुनको गजुर राख्नी दिन जुऱ्या छ भन्यो । कुर्मी नेवार मञ्जुर भयो । भोलिपल्ट नेवारले राजासित मेरा अरू सप्पै मालताल आएछन् तर सुनको गजुर बसाल्नी साँचो आएन्छ । त्यसका लागि ता हामी बाउछोरा घरमा जानुपर्छ भन्यो । राजाले घरमा गयापछि कोईले रोक्छ, कोईले रोक्छ तेरा बाउछोरा नजाऊ बरु म सिपाई पठाउँछु भन्दाखेरी नेवारले किता हाम्रो बाउछोरा जानुपर्छ किता काजीको छोरा र राजा छोरा गयापछि मात्रै मेरी ब्वारीले दिन्छे भनेछ । नेवारा बाउछोरालाई पठाउनुभन्दा आफ्नो छोरो र काजीको छोरा पठाउनु नै वेश हला भनी तिनेरूलाई कुर्मी नेवारा घर पठाएछन् । कर्मी नेवारो घर सोध्दै पाल्पामाट रुक्मासम्म आया र घर पनि भेटाया ।

नेवारै ब्वारी घरमा बसेइ रइछे । सप्पै कुरा राजा र काजीका छोराले बतायापछि ब्वारीले त्यो माल मात्थेल्ला तलामा छ खोज्नोस् भनेर खोज्न पठाइछे । उनेरूले छाम्छाम् छुम्छुम् गर्न लागे । उसले आफू भाइर निक्लदै ढोका ताल लाउँदै आइछे र मेरा लोग्न्या र ससुरा हातखुट्टा नभाँचिएका नाम्रै आया भन्यापछि राजा छोरा र काजीका छोरा पनि नाम्रै आउनन् । कुर्मी नेवारा बाउछोरा हात काट्या आया भन्या पछि राजा र काजीका छोरा पनि हात काट्या पठाउन्या छौं भनी दरबार चिठी पठाइछे ।

राजा थर्कमान भई कुर्मी नेवारसित आएर क्या भसाउरा हाली ए कुर्मी नेवार, भन्दाखेरी नेवारले यी भसाउरा मेरा हैनन् राजाकै हुन् भन्यो । राजाले कुर्मी नेवारा बाउछोरालाई नाम्रैसित सम्मान गरी पठाउन्या भयापछि सुनो गजुर बसाली कुर्मी नेवारले राजाबाट पैसा, पानपाखुरी, हाँसी-खुशी बनाई कुर्मी नेवारा बाउछोरालाई टिकाटाला लाइदिएर पठाइदियो । उता नेवारै ब्वारीले खसी, पानपावर बनाई राजा र काजीका छोरालाई पनि पठाई । दुइटै ठाउँबाट गया मान्छहरू बाटामा भेट भया । राजा छोरा र काजीका छोराले कुर्मी नेवार क्या भसाउरा हाल्यौ भन्दाखेरी कुर्मी नेवारले मेरा भसाउरा हैनन् राजाकै भसाउरा हुन् भन्यो । कुर्मी नेवारा बाउछोरा आफ्ना घर आए र उनेरू दुइटा पनि दरबारमा गया ।

खान्तेपिन्तें मआइगतें राजाले घोरो लैजा भन्ते र म नल्याइगिन आइगें ।

**स्रोतव्यक्ति :**

**नाम :** जगवीर घर्ती **लिङ्ग :** पुरुष **उमेर :** ७० वर्ष

**सङ्कलन मिति :** २०६९/९/५ **ठेगाना :** मग्मा गा.वि.स., वडा नं. ६, जिपसिङ (रुकुम)

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

| | | | | | |
|---|---|---|---|---|---|
| साउ | - | धनी | पइलास्तै | - | पहिलेको जस्तै |
| उका | - | उसका | अराछ | - | अह्राएछ |
| व्या | - | विवाह | निदाइगछ | - | निदाएछ |
| ब्वारी | - | बुहारी | अगिन | - | अगाडि |
| रुप्या | - | रूपैयाँ | नाङो | - | गरीब |
| बिउँतनी | - | बिउँझने | हिर्दाहिर्दै | - | हिड्दाहिड्दै |
| सम्मराति | - | मध्यराति | ओर्नी | - | ओड्ने |
| त्यई | - | त्यही | हरहर | - | हिडहिड |
| छगालपल्ट | - | बिहानीपख | हाल्न | - | बनाउन |
| फाल्याइगन | - | पुऱ्याइकन | नबेग्तिनी | - | नछुट्टिने |
| स्वान्चरी | - | स्वास्नीमान्छे | | | |

## ३. घुरु जैसीको कथा

धेरै वर्ष पैलाको कुराको हो । रुकुम गोतामकोट भन्नी गाउँमा एकजना बामनका छोरा जर्मिए । छोराको जरमपछि बामन र बाम्नी खुशी भए । छोराको नाउँ हेराउँदा घुरु जैसी निस्कियो । घुरु जैसी बढ्दै ठूला भए । उनको स्वभाव अरू मान्छजस्तो थिएन । उनका क्रियाकलाप अचम्मका हुन्थे । कसैको डरै नमान्ने नबिराउनी खालका थिए ।

एकदिनको कुरा हो, घुरु जैसी आफ्नु घरमा वर्षभरी चाइने मालताल ल्याउन बल्लामपुर हाट जानी विचारले घरमा तम्तयार गरे । डोको, गँजेवा, दाब्ली काम्लाको गादो, पितलका सुइरा, काम्लाको टोवी, खाने चिउरा, खाजा, कसार, आठ पाथी पीठो, नून, बेसार र तेल सप्पै चिजबीजहरू बनाएर गाउँका साथीभाइसित दुई बाकस भैंसीको घ्यू लिएर बल्लामपुर हाट हिरे । बाटामा दुःख-सुखका कुराकानी गर्दै खदीस्याला हुँदै लेख झारमारेमाट जिपसिङमाट गाँराघाटमा सानोभेरी तर्न नसकिने भएकाले घाट खेलेर तरे । बाह्र दिनसम्म हिरेपछि बल्लामपुरमा पुगे । घ्यू बेचे र घरमा ल्याउनी मालताल सप्पै तयार पारी कुम्लो गुन्टो पारेर डोगामा हालेर आए । हटारी धेरै ठूलो दफ्फाको थियो ।

धेरै दिनपछि उनेरू गाँराघाटदेखि नजीकै कुशेतरा भन्ने ठाउँमा खाना पकाएर खाए । उनको सातमा बरगाउँको तिल्चाङ मगर गएको थियो । उसको अत्यन्तै ख्यालठट्टा गर्नी बानी भया हुनाले उसले घुरु जैसी बाउनको पित्तलको सुइरा र काम्लाको गादो लुकाइदिएछ । यताउता हेर्दा कँही पनि नपाएपछि उनलाई अरू सुइराहरू पनि दिइयो तर लिएनन् । तिल्चाङले उनको माल नदिया पछि विदोसी हुँदै मन रुवाउँदै उनेरू बास बस्न गारकटेरा भन्ने लेखमा पुगे ।

घुरु जैसी हाट गया धेरै भैगो फर्केनन् भनेर गोतमकोटमाट उनलाई खोजन आया मान्छरू पनि गारकटेरा पुगे । सप्पै कुरा बुझे । तिल्चाङ मगरबाट बाउनका छोराले बिज्यात गरी माग्ने भनेर घुरु जैसीलाई थुके । यई पीरले उनले त्यई वनमा पाइने एउटा सेलो विष एउटा गालामा र अर्को अमृतको सेलो अर्का गालामा हाली खोलीकाँरा बरामाज आफ्ना भिनाज्यु रामा जैसीका घरमा गए । उनले घरमा भिनाज्युलाई भेटाएनन् । दिदीले पर्वत सिर्तो झर्न भरकल् भरकल् निक्ल्या हुन् सल्लेचौर धानन‍ु पानी हालीगिन जानी भन्त्या भनिन् । घुरु जैसी चाँरैचार सल्ले चौर गया । खोलीबरखाउमाट भिनाज्युलाई देखेर बोलाउँदै भने भिनाज्यु तिङचाङ मगरले मेरो ठूलो विज्यात गऱ्यो निसाफ गर्दिनी भया गर्देऊ नत्र म मर्छु । भिनाजुले भने, “साला म पर्वत सिर्तो झारी चाँरै आइजाला । तिमी मेरो घरमा गई बस । म त्यो निसाफ गर्दिउला । सालाले सोधे, “भिनाज्यु कैले ढिलो हुन्छ कि ? आउनुहुन्न कि ?” भिनाजुले उत्तर दिए, “म जस्तोरी भया पनि आउँछु । यदि म आइगिन तिम्रो निसाफ गर्दिन भन्या जो काल तिम्रो हला त्यो काल मेरो पनि हला भनि दाँतेपाखुरी गरेछन् ।” यस्तो सल्लापछि घुरु जैसी बरामाज आइगिन बसे ।

धेरै समयसम्म बस्दा पनि भिनाजु आएनन् । घुरु जैसीको मन स्थिरमा रहेन । भिनाज्युले आफ्नु कबुल पूरा गरेनन् । उनलाई पर्वतमा मस्तै हन्डर ठक्कर खानुपऱ्यो । भन्या बेला आउन सकेनन् ।

घुरु जैसी तिङचाङको घरदेखि माथि बरगाउँको गऱ्यौलीमा विष खाइगिन मरिहाले । तिल्चाङले घुरु जैसीका ह्लासलाई लिइगिन एउटा खान्टानु घोप्टोमुखी हाली टिम्मुरा काँरा र डल्सिङ ढुङ्गाले अँच्याटेर गारे । त्यो ह्लास तोपाइ ननाम्रो मानी रामा जैसीका मान्छरू गइगिन उनको ह्लासलाई खाल्टानुमाट उतारेछन् र बाजागाजासहित मलाम्या लामसितै गाँराघाटमा लगिगिन पोले । उता भिनाजु रामा जैसी पनि वायोधारामाट घर नपुग्दै मरे ।

केही वर्षपछि घुरु जैसीले मान्छो अवतार लिएर बरगाउँदेखि तल्तिर हाँसखोलामा न्वाउन लागेको बेला एउटी पानी भर्न गएकी सर्केनीले देखिछे । मरेको मानिस जिउदै देख्दा अचम्म प्रकट गरी । घुरुजैसीले आप्ना बारेमा बरगाउँ गइगिन कुरा नगर्नू । कुरा गऱ्या नराम्रो हला । नत्र म आम भन्या आम निम भन्या निम दिन्छु भनेछन् । सर्केनी मञ्जुर भएर गई त घरमा धेलभित्र एउटो खुट्टो धेल भाइर अर्को खुट्टो गरी घुरु जैसीको कुरा गर्न क्या लागेइथी खुक्रक्कै भई ।

रिसाएका घुरु जैसीले तिल्चाङको साखा सन्तान केई बाँकी नराखी सिध्याए तर एउटी स्वान्चरी माइत गई गर्भ जोगाया हुनाले मात्रै तिनका सन्तान बाँकी रहे ।

घुरु जैसी आफ्नो जर्म ठाउँ गोतामकोट देखिने खोलीकाँरामा बसे । पछि मान्छरूले त्यहाँ मूर्ति पलाएको देखे र त्यस ठाउँमा वर्मामन्दिर बनाएर बारै महिनाको पुनिमा पूजा गर्नी चलन बसाले ।

भिनाजु रामा जैसीका सन्तानले सम्मान गऱ्या हुनाले त्यस मन्दिरका धामी पुजारा उनकै सन्तानमाटै छानिने परम्परा बस्यो । यो मन्दिर घुरु जैसीको नाउँबाट अहिले पनि प्रख्यात छ । उता रामा जैसीको मन्दिर बायोधारामा रहेको छ ।

**स्रोतव्यक्ति :**

**नाम** : बलवीर न्यौपाने **लिङ्ग :** पुरुष

**उमेर** : ५२ वर्ष **सङ्कलन मिति :** २०६९/९/८

**ठेगाना** : गोतामकोट गा.वि.स., वडा नं. ८, होली (रुकुम)

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ**

| | | | | | |
|---|---|---|---|---|---|
| जरमपछि | - | जन्मपछि | लेख | - | लेक |
| बर्देबर्दै | - | बढ्दै बढ्दै | एउटा सेलो | - | एउटा टुक्रो |
| गँजेवा | - | डोकमा राखिने डोरीको जाली | | | |
| सिर्तो झार्ने | - | ऋण झार्ने | दाँतेपाखुरी | - | कसम खानु |
| गादो | - | पिठ्यूमा लगाउने कपडा | मलाम्या | - | मलामे |
| धेलभित्र | - | ढोकाभित्र | | | |

## ४. चलाख आइमाईको कथा

एकादेशमा एउटी बड्डी रहिछ । उका पाँच भाइ र एक बहिनी छोरा-छोरीहरू थिए । बहिनी सन्तानकै सबैभन्दा कान्छी पनि थिई । एकदिन सप्पै घरमै बस्या तर त्यो घरको कान्छो छोरो र कान्छी छोरी घाँस ल्याउन वनमा गए । वनमा औंलिसाको घाँस काट्न लाग्दा त्यसै वनमा बस्ने भूतले कराउँदै भनेछ- "ए तिमेरू मेरा डाला नकाट, काट्ने भया त्यो आइमाईले मसित व्या गर्नुपर्छ ।" केटाले भूतको कुरामा सहमति जनाएछ र सहमतिकै आधारमा बहिनीको व्या भूतसित गर्देछ ।

साँज घरमा फर्किदा त कान्छालाई सप्पैले हप्काएछन । उले बैनी पछि आउँदै छे भनेर ढाँटेछ तर आमाले सोध्दाखेरी भने भूतको पोइल पठाएको कुरा गरेछ । आमाले छोरालाई भनिछन्- "बैनीको व्या त गर्दिइस अब भोलि साँझ पुऱ्याइल्याउन पनि खबर पठा ।" छोराले भूतलाई बैनी पुऱ्याएर ल्याउन खबर पठायो ।

घरमा भोलिका लागि बड्डीले भूतमाट छोरी छुटाउने षडयन्त्र रच्न थालिछन् र एउटो सेतो, एउटा कालो र एउटा तउवो तताएर रातो पारेर तीनोटा चखट्टीहरू तयार पारिन् ।

साँझ परेपछि छोरी ज्वाइँ आए र सासूले सेतो, कालो र रातोमध्ये कुन चखट्टीमा बस्नुहुन्छ ज्वाइँ भनी सोध्दा भूतले आफू रातोमा नै बस्नी विचार देखाएछ । जब भूत मजासँग तताएको रातो तउवोमा बस्यो त्यसैबेला सासूले तउवोमा अच्याटिछिन् र भूतको ढेल पोल्लिएर रुन थालेछ र स्वास्नी त्यई छारेर कहिलै नआउनी गरी भागेछ र चलाक बड्डीले छोरीलाई भूतको पञ्चामाट फुत्क्याइछिन् ।

**स्रोतव्यक्ति :**

**नाम :** मनवीर बुढामगर **लिङ्ग :** पुरुष **उमेर :** ७२ वर्ष

**सङ्कलन मिति :** २०६९/९/३

**ठेगाना :** झुला गा.वि.स., वडा नं. ३, भेडाखेत, रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

| | | | | | |
|---|---|---|---|---|---|
| बड्डी | - | बूढी | तउवो | - | तावा |
| तिमेरू | - | तिमीहरू | भूतको ढेल | - | भूतको चाक |
| हप्काएछन् | - | झपारेछन् | पञ्जामाट | - | पञ्जाबाट |

## ५. चलाख मान्छेको कथा

उहिलै न एका ठाउँमा एकजना मान्छका पाँच भाइ छोरारू थिए । ती पाँच भाइहरूमा कान्छो चाँहि अलि चत्तुर थियो । त्यो मान्छ समाजमा निकै इज्जतका सात बस्याथ्यो । उका घरमा नपुग्नी केही पनि थिएन धनसम्पत्ति जिमी जग्गा, बट्को, भाँरो, लुगालत्ता भरिभराउ थियो ।

एकदिनको कुरा हो, त्यो मान्छा पाँच भाइ छोराहरू छुट्टिगन छुट्टाछुट्टै बस्नी विचार गरी भागविलो बार्न थालेछन् । सप्पै भाइले आफ्नु भाग समाते तर कान्छाले भाग लग्दैन बरु मलाई एउटो मुठो बाब्यो दियापछि पुग्छ भन्यो । सप्पैले भाग लिनैपर्छ कसरी खालाई भने तर नमाने पछि कान्छालाई एउटा बाब्यो मुठो मात्रै भाग देछन् ।

त्यो केटो एकदिन जङ्गलको नजीकै बसेर वाब्या दाउँलो बाट्यो । साँजपख एकजना बाखाग्वालाले बाखा त्यई बाटो हुनै ल्यायो । त्यो चलाख केटाले आफूले बाट्या दाउलो बाखाको घाँटीमा बाँनीगन छोरिदिएछ ।

केटाले मेरो बाखा हरियो भनेर बाखा ग्वालाका घरमा आउँदा बाखा ग्वालाले हाम्रो बाखा बाँन्ने चलनै छैन तपाइको बाखो दाउलासित आया भया तपाईकै भयो लैजानोस् भनेछ । केटाले खोरमा दाउलासितको बाखो देखाएछ र भाका बमोजिम बाखो लेछ ।

केही समयपछि ऊ बाखो लगिगन एउटा बाउनका घरमा गएछ र बास मागेछ । बाउनका घर उसलाई खान बोलाए तर चलाख केटाले भन्यो- “मलाइ बासदिया पुग्यो खानी लाउनी यई बाखाले पुऱ्याल्छ अनि यसले जारो भया बेला जारो पनि बुगाल्छ तर पुराना लुगा जलाई र नयाँ लुगा भीरबाट छराउनु पर्दछ ।” यस्तो सुन्यापछि बाउनका परिवारले मुखामख गरे र बाउनले यस्तो बाखो आफूले राख्न पाए हुन्थ्यो भन्ने सोचेर भन्यो- “बाखो बेच्नुहुन्छ ? बेच्नी भया मोल कति हो ?” केटाले जवाफ दियो- “सय रुप्या मात्रै हो बाउनले सय रुप्या बुझाएर बाखो किन्यो । उता केटाले नयाँ कपरा छराया ठाउँमाट कपरा ल्याइ वैपारी पल्टेछ र गाउँगउँमा डुली मस्तै रुप्या कमाएछ ।

उता बाउनको घरमा भने राति भएपछि सप्पै परिवार बाखा वरीपरी सुतेछन् । पुस माघको जारोमा ब्वारीले जारो मान्या बाखालाई बुगा बाखी भन्नी रछे, ससुरा सासू लगायत सप्पैले त्यस्तै भनी रछन् तर बाखाले जारो बुगाएनछ । रातिभरी जाराले तिनेरूको हालत

भएछ । बाउन रिसाएर त्यो केटालाई खोज्न जाऊ र हाम्रा लुगालत्ता खसीगन ल्याऊ भनी ब्वारीलाई पठाएछ ।

बुहारी मूर्ख केटालाई खोज्दै जाँदा एउटा चौतारामा बसीगन कपरा फिँज्या केटालाई देखी । त्यस्तोरी हतारिदै आया देखिगिन केटाले पैलै सोधिहाल्यो- “ए नानी तिमी किन ह्याँसम्म केई समस्या ता परेन ?” बाउनीकी बुहारीले भनी तपाइले हामीलाई फसाइगिन जारो नबुगाउनी बाखो दिएर हालत पार्नु भो त्यस्तैले ससुराले बोलाउनु भाछ तपाइ तुरुन्तै हिड्नोस् ।” केटाले हाँस्दै भनेछ- “पख नानी, मलाई एकछिन आराम गर्न दिनोस् अनि सातै जाउँला ।” यत्तिकैमा तातो घामले रातभरि सुत्न नपाएई बाउनीकी ब्वारी लुटुक्कै निदाई ।

केई समयपछि कतैमाट एउटा मान्छ आयो र केटालाई सोध्यो- “तपाइ किन यहाँ बस्नु भाछ ?” केटाले बताएछ- “म यिनी मैलालाई बेच्न बस्या हुँ ।” त्यो मान्छले सप्रेइ देखेपछि किन्नी विचारले सोधेछ- “यिनको मूल्य कति होला उठाइदिनोस् ।” केटाले भन्यो- “मूल्य खाली सय रुप्या हो तर यिनलाई म ह्याँ भइबेला उठाया तपाइका जान्निन त्यस्तैले मलाई पैसा दिनोस् म डाँरा पारी गया पछि उठाउनुहोला ।” मान्छले ठीकै होला भनी पैसा बुझायो । केटाले डाँरो काट्यो । त्यो मान्छले त्यो आइमाईलाई उठाउँदै भन्यो- “हिर्नोस् मले तपाइलाई सय रुप्यामा किन्नेलें ।” मैलाले अचम्म मान्दै भनी- “हरे भगवान, त्यो अपराधीले ता हाम्रा लुगालत्ता लिइगिन अझ मलाई बेचेछ ।” त्यो मूर्खलाई पक्रन त्यो मान्छ र त्यो आइमाई सातै हिरेछन् ।

उता केटाले भइयाँ एक रुप्यो फालिगिन भालुलाई आङनु चरिगिन मल्निरछ । घोरामा चरिआया एकजना राजाले त्यो अवस्था देख्या पछि सोधिहाले- “बाबु, भालुलाई किन हल्लाउछौं ?” केटाले भन्यो- “यो भालुले जति हल्यायो त्यति रुप्या हग्छ हेर्नोस ह्याँ गोजानु मस्तै रुप्या हाल्याछु केई भइया टिप्या छैन ।” राजाले भालुदेखि खुशी हुँदै भने- “बाबु यो भालु बेच न कति रुप्या पर्छ ? म दिन तयार छु ।” केटाले भन्यो- “भालुको ता मोल सय रुप्या हो । लिन्यै हो भन्या घोरो अलि टारै बाँनिगिन लुगालत्ता छराएर आया मात्रै भालुले हग्छ, नत्र हग्दैन ।” राजाले रुप्या बुजाएर लुगालत्ता फुकाली घोरो टारै बानीगिन भालुलाई हल्लाउन आया बेला त्यो केटाले चौरैचाँर राजाका लुगा लाएर घोरामा चरिगिन भागिहालेछ । उता राजालाई भालुले च्यातिगिन हैरान पारेछ । त्यईबेला अगारि धोका पाया मान्छहरू आएर रक्ताम्मे भएको राजालाई सोध्दा त्यो काम पनि त्यई केटाले गर्‍या था पाएर त्यो राजालाई पनि मूर्ख केटो खोज्नी काममा लाए ।

मूर्ख केटो एउटा किसानीका कमदतिर पुग्यो । किसानीले जोतिरह्या थियो । बल्ल नहिरिगिन हैरान भएको रछ । केटाले किसानीको मर्का बुज्यास्तै गरिगिन बल्ल म हिर्नी बनाइदिन्छु तर मलाई सय रुप्या दिनुपर्छ भन्यो । किसानीलाई ठीकै लाग्यो र बनाइदिन बिन्ती गऱ्यो र सय रुप्या दियो । केटाले एउटालाई सेतो कमेरो एउटालाई रातो माटो दलिदिएछ जल्केर बल्ल हिर्न लागेछन् । केटाले पानी तिर्खा लाग्या छ तपाइको घर सिकाइदिनोस् भन्यो । किसानीले घर देखाउँदै जानोस् भनेछ ।

केटाले घरमा गइगिन किसानकी स्वास्नीलाई भनेछ- “मैले तपाइका लोग्नेसित बल्ल फेऱ्या छु । ह्वाँले मलाई सय रुप्या दिनु पर्नी हो त्यस्तैले घरमाट लैजानोस् भन्या हुनाले तपाइसित आया हौं ।” आइमाईले शङ्का मान्दै नहेरी कस्तोरी दिउ र भनी ठानी डाँरामा गइगिन जोत्नी बल्ल हेरी नभन्दै बल्ल अर्कै थिए उले लोग्नेलाई सोधी- “दिउँ कि नदिउँ ?” लोग्नेले भनेछ- “देल् देल् ।” लोग्नेले पानी देल् भन्या थियो स्वास्नीले बाकसबाट पैसा तानेर दिई । त्यो मूर्ख केटो सरासर गइगो ।

साँझ लोग्ने घर आयापछि ता बल्ल आफ्नै ल्यायो र स्वास्नीले किन पैसा दिन लाउनु भो भनी सोधी । लोग्नेले आफूले त पानी देल् भन्या हौं भन्यो । यस्तैमा दुई जनाको भनाभन भो । त्यति गर्दा अगारि फसाइएका सप्पै त्यई घरमा पुगे र सप्पै कुरा बताएपछि अब चारजना मूर्ख खोज्न हिरे ।

उता केटाले एउटा घरमा बास मागेछ । घरका बूराले बास पाइने तर घरा वरीपरी कई दिसापिसा भेट्टिए पछि जरिवाना तिर्नुपर्छ भन्यो । केटाले स्वीकार गरी बास बस्यो । राति सप्पै सुते केटाले हगेछ र गु चूलो, धेलो, गाग्रो, भाँरावर्तन सप्पैनु लाछ र राति नै घोरामा चरिगिन भागेछ । छगाल त्यो स्थिति देख्या पछि बूरो रिस्सिएछ तर केटो थिएन । त्यलाई राजासित उजूर गरेर खतम पार्नी सुरले गु कुम्लो पारेछ । त्यईबेला अगारिका सप्पै आएछन् ।

हिर्दाहिर्दै केटालाई बाटामै उज्यालो भयो । राजाको यज्ञमण्डपको बीचमा बस्यो । घोरालाई नजीकै बान्यो । केईछिन पछि त्यलाई खोज्नेको लाम आयो । उनेरूले घोरा र मूर्ख केटा त्यई देख्दा खुशी भए । यत्रा राजा ह्याँ छन् भन्या हामी काँ गइगिन उजर गर्नी । इनै राजासित उजूर गरौं भन्नी सल्लाह गरेर राजालाई नजीकै बोलाएर दर्शन ढोग गर्न लाग्दा गुको कुम्लो राजाका शरीलै भरी भएछ । राजाको यस्तो बेइज्जत गर्नी इनी काँका डाँका रछन् भनेर पिट्नसम्म पिटेछन् । त्यो केटो त्यसरी धनसम्पत्ति कमाउन सफल भएछ ।

**स्रोतव्यक्ति :**

**नाम :** कविराम शर्मा **लिङ्ग :** पुरुष **उमेर :** ५६ वर्ष

**सङ्कलन मिति :** २०६९/९/२ **ठेगाना :** पिपल गा.वि.स., वडा नं. १, लागिम, रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

| | | | | | |
|---|---|---|---|---|---|
| बाँर्न | - | बाँड्न | फुकाली | - | फुकालेर |
| बाव्या मुठो | - | बावियाको मुठो | चाँरैचाँर | - | चाँडैचाँडो |
| छराया ठाउँबाट | - | खसालेको ठाउँबाट | कमदतिर | - | जग्गातिर |
| साते जाउला | - | सँगै जाउँला | गु | - | गुहूँ, दिसा |
| मैलालाई | - | महिलालाई | इनी | - | यिनी |
| सप्रेइ | - | सुन्दर | केइछिन् | - | केहीछिन |
| उजुर | - | उजुरी | | | |

## ६. छट्टुलालको कथा

धेरै धेरै वर्ष पैला कुनै गाउँमा एकजना छट्टुलाल नाम गरेको मानिस बस्थ्यो । उसकी एउटी स्वास्नी पनि थिई । उनेरू मिलीजुली बस्या थ्या ।

एकदिनको कुरा हो, लोग्न्याले आज म माइत जान्छु भन्यो । तर बैसाख मैना भया हुनाले गौं काट्नी काम थ्यो त्यस्तैले स्वास्नीले अनुमति दिन सकिन तर लोग्न्याले म जान्छु जान्छु भन्यापछि दुई जनाको झगरा परेछ । स्वास्नीले मुख खेलाइछ । रिस थाम्न नसकी पोइले स्वास्नीलाई पिटेछ । स्वास्नी रुन कराउन थालिछ । छट्टुलालले जोई भागी भन्यापछि ता गौं कोले काट्ला बरु म प भाग्नु पर्‍यो भनेछ र छट्टुलाल घरमाट निक्लेछ ।

छट्टुलाल गाउँमा चार छ दिन घुमेछ । उले सातिभाइमाट मान पाउनुको साटो गाली पाएछ र स्वास्नीसित झगरा गर्नी काम नाम्रो रइन्छ भन्नी ठानी ऊ सरासर घर गएछ ।

घरमा पुग्यापछि छट्टुलालले स्वास्नीलाई घरदेखि तल्तिरको कमदमा गौं काट्न लाग्या देखेछ र झगरा गर्‍या हुनाले लाजले बोलाउन सकेन्छ र आफूले जोईसित गरेको कुकार्यप्रति पछुतो मान्दै गीत गाएर जोईलाई कुरा सनाएछ ।

म भागी गैगैथ्वा भन्थें मुठा पार्छेउ गौंकी

हात धोएँ, मुख पनि धोएँ भोगै बसी रौंकी

गीत सुन्यापछि स्वास्नी चाँहिले घरतिर हेरिछ र आँगनमा बस्या पोइलाई देख्दा उसलाई पनि दया पलाएछ । झगरा गरी क्या फाइदा छ र मिल्नु नै नाम्रो ठानीछे र गीतैबाट उत्तर दिइछे ।

कल गर्छौं, झगरा गर्छौं, चोली दिन्छौ छोटो

भारमाथि तरकारी ए, घारी मैरा रोटो ।

यो गीत सुन्यापछि लोग्न्याले घरभित्र पसेर रोटातरकारी खाछ र स्वास्नीले गौं काट्नी ठाउँमा गछ र गौं काटिसकिकन घरमा आछन् र मिलीजुली काम गर्न थालेछन् ।

**स्रोतव्यक्ति :**

**नाम :** शेरजंग खनाल **लिङ्ग :** पुरुष **उमेर :** ५३ वर्ष

**सङ्कलन मिति :** २०६९/९/५ **ठेगाना :** मग्मा-९, डारुगाउँ, रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

उनेरू - उनीहरू

म प - म पो

साटो - सट्टा

कमद - जग्गा

नाम्रो - राम्रो

## ७. छट्टु स्याल र भालुको कथा

एकादेशमा एउटा घना जङ्गल रछ । त्यस जङ्गलको एउटा छेउमा भालु त अर्को छेउमा स्याल बस्ने रहेछन् । स्याल निकै बाठो रहेछ ।

एकादिन स्याल र भालु जङ्गलको बीचमा भेटिएछन् । स्यालले भालुसित मीत लाउन खोज्दा दुइटैको मिलेमतो भएछ र एउटो कुटी बनाएर सँगै गाईहरू पाल्न थालेछन् । दुई मीतमा कइलै भालु गाई ग्वाला त कइलै स्याल ग्वाला जानिरछन् । स्यालले गाई चराउन गएइबेला गाई कैल मर्दो र पेट भरी खादाउँ भन्ने सोच्नी रछ भने भालुले भने नाम्रोरी गाईलाई चराएर ल्याउनी रछ ।

कुनै दिन स्यालको गाई हेर्ने पालो आयो । उसले गाईलाई चराउन लगेको भीरबाट छराइदिएछ र गाई मऱ्यापछि अघान्जीसम्म गाईको मासु खाएछ र भालुलाई फसाउनापता पुच्छर भीरको छेउमा रहेको साँगुरो आँदानु राखेछ । कुटीमा गएर मीतलाई गाई लोटेर आँदानु पऱ्या छ जाउँ मीत भनेछ । सोजो भालुले स्यालले भनेको कुरो पत्याएछ । दुई मीत सरासर गाई भएको ठाउँमा गएछन् । स्यालले गाईको पुच्छर देखाएर गाई यहाँ भित्र छ; तपाइ यति स्यानो प्वालमा जान सक्नु हुन्न; म जान्छु भनेछ र भित्र गएछ । आफूले पुच्छरको एउटा छेउ अठ्याएछ र भालुलाई सक्यासम्म तान्नुहोस् मीत भनेछ । भालुले भएभरको तागत लगाएर गाईको पुच्छर तानेछ र भित्रबाट स्यालले पुच्छर छोरिदिँदा भालु भिरमा लोटेर खञ्जमञ्ज भएर तल पुगेछ । भालु घाइते भएछ ।

उता स्याल भालु पक्कै पनि मऱ्यो होला भनिगन डारु, खोप्या र कुटो लिगन भालु भएको ठाउँमा गएछ तर भालु मरेको थिएन खाली चोट लागेर सख्त घाइते थियो । भालुले मीत किन यी सरसामान ल्याउनु भो भन्दा चतुर स्यालले ओखती पकाउने, खन्ने चीज हुन् भनेर भालुलाई फसाएछ । दुई मीत कुटीमा आछन् र स्यालले म धामी हेराउन जान्छु भनेछ । भालुले पनि स्वीकार गरेछ । चामल भेटी लिएर गएको स्यालले बाटामै सो चीज लुकाएर कुटीमा आछ । एक मुरी पानी खाया पछि निको हुन्छ गरे भनेर भालुलाई खान लगाएछ । भालुले उसको भनाइअनुसार गरेछ तर सञ्चो भएनछ । अर्को दिन फिरी धामीका गयास्तै गरेछ र एक मुरी चिउरा खाया हुन्छ गरे भनेछ । भालुले सकि नसकि खाएछ तर सञ्चो नभएपछि फिरी अर्को दिन धामीकाँ जान्छु भनेर फसाएछ र एक मुरी दुदे मकै खाया हुन्छ गरे भनी खबर गरेछ र भालुले खाएछ तर सञ्चो भएनछ ।

भालुलाई केही गर्दा पनि सञ्चो भएन । खाएको कुरा अपच भएर भालुको भूँरी फुटेछ । नजीकै बसेको स्याल भालुको छेरले बगेछ । ऊ बग्दै बग्दै जाँदा रुनी कराउनी गर्दै मलाई बचाऊ भन्नी रछ ।

तलतिर गाई ग्वालाहरूले गाई चराउने रछन् । स्यालले तिनेरूलाई मलाई बचाऊ केही अर्तीबुद्धि सिकाइदिउँला भनेछ । केही अर्तीबुद्धि सिकाल्छ कि भनेर ग्वालाहरूले त्यसलाई उतारेछन् । ग्वालाहरूले हामीलाई छिटो अर्तीबुद्धि सिका भन्दाखेरी स्यालले मलाई तात्तिन दिनोस् सिकाउँला भनेछ । । केहीछिन पछि आराम भएपछि वरीपरीको बालुवा छरेर ग्वालाहरूलाई आँखा मिन्न लगाएछ । आफू भागेर अर्कै ठाउँमा गएछ ।

उता भालु स्यालको चतुऱ्याइले गर्दा मरेछ र स्यालले आफ्नो ज्यान जोगाएछ ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला, भन्दाखेरी तात्तातै आइजाला ।

**स्रोतव्यक्ति :**

**नाम :** हर्क बहादुर भारती **लिङ्ग :** पुरुष **उमेर :** ६४ वर्ष

**सङ्कलन मिति :** २०६९/९/५ **ठेगाना :** दुली गा.वि.स., वडा नं. ३, घापागार, रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

| | | | | | |
|---|---|---|---|---|---|
| लाउन | - | लगाउन खोज्दा | फसाउनापता | - | झुक्याउनका लागि |
| कइलै | - | कहिल्यै | आँदानु | - | प्वाँलभित्र |
| छराइदिएछ | - | खसालिदिएछ | लोटेर | - | लडेर |
| आछ | - | आएछ | गयास्तै | - | गएको जस्तै |
| भूँरी | - | भूँडी | | | |

## ८. दिदी र भाइको कथा

उइलै न एकाठाउँमा दुई भाइबिना थिए । तिनेरू वनवनै डुल्नी रछन् ताँबाट चराचुरुङ्गीहरूलाई हेर्न जानिरछन् । ता भैंसाको बगाल रहेछ । ताँ गएर भैंसालाई घाँस काट्नी काम गर्नि रछन् तर भैंसा बगालले देख्नी रैनछन् । तिनेरू हव्रीमाट लुक्ने तलिमाट काम गर्नी रछन् । भैंसाहरूलाई त्यो अचम्म लागेछ । आफूलाई घाँस काटिदिने मान्छ पत्ता नलगाई नछार्नी विचार गरे ।

एकदिन सप्पै भैंसाको सल्लाले एउटो मोटो भैंसो गोठमै बसेछ । अरू सप्पै भैंसा चर्न गैगछन् । त्यो बड्डो भैंसो घामले खालिनु पल्ट्या रछ । त्यईबेला मौका पारी दुई भाइबिना आछन् र स्याउलोसोत्तर, गोबरसोवर फालीगन दूध दही खाइगन हव्रीमाट लुक्न गैगछन् ।

अर्को दिन फिरी एउटा बड्डो भैंसोलाई गोठमा छारेर अरू सप्पै चर्न गएछन् । त्यो बड्डो भैंसो घामनु पल्टिरह्यारछ । त्यसैबेला तिनेरूले त्यो बड्डो भैंसी मन्यारछ । अरू भैंसारू चर्न गयारछन् जाऔं भने । गोठमा आएर स्याउलोसोत्तर गरी दूध, दही खाई अब

जाने भनेर तम्तयार भएको बेला ता त्यो बड्डा भैंसाले ता तिनेरूलाई नाक्चाको प्वाँलभित्र सनक्कै लेलेछ ।

केहीछिन्पछि अरू भैंसारू चर्नबाट आछन् र आज क्या गरी भनी सोध्दा आज ता समातेको छु भन्दै तिनेरूलाई नाक्चाका प्वाँलमाट फ्वात्त फालेछ । भैंसाहरूले तिमेरू को हौ ? यस्तो किन गर्छौ ? भन्दाखेरी हामी मान्छ हौं । हामी धेरै गरीब छौं । तिमेरूलाई पाल्छौं भनेछन् । त्यो सुन्यापछि एउटा भैंसाले बैसाख लाग्या कालापोला जानुपर्छ । असौज लाग्या घर आनुपर्छ भनेछ । बैसाख कालापोला जानी र असोज लाग्या पछि घर आउनी काम गरेछन् । यसैगरी दिनरात दिनरात गर्दागर्दै दिदीचाहिँ छोट्टी भइगछे र त्यसलाई हेर्न धेरै छोट्टेहरू आउन थाल्यापछि एउटाचाहिँले दिदीलाई लग्ने विचार गरेछ । दुबैको मञ्जुरी भइगछ । भाइले भने दिदीलाई सप्रेको ठानेर धेरै छोट्यारू आउन लाइग्या भनिगन दिदीका मुखैभरी मोसो दलिदिएछ । छोट्यारू आइगिन सुनपानी छर्दिदा त्यो मोसो गैगछ ।

भाइ भैंसा ग्वाला गया थियो । त्यई मौका पारी दिदीलाई कोईले जोई लग्देलेछ । भाइ ग्वालामाट आयापछि दिदी है, दिदी है, चरी हा हा कम्द चरा गैग्या तहाँ चरा हान् भन्निरछ । तहाँ कोई नभएको थाहा पाइगिन ऊ घर आई दिदै भन्दै यताउति हेर्न लाग्यो । दिदीलाई नभेटाएर रुन कराउन थालेछ । भित्र कतै लुगेई छ कि भनी दिदै भन्निरछ नाम्लाले 'हुँ' गर्नी रछन् । त्यस्तै गर्दै ऊ रातभरी रोछ ।

छगालपल्ट उज्यालो भयापछि उले पैला एउटा परी समातेछ र गाउँगाउँमा डुल्न थालेछ र परीको आवाज सुन्नि रछ । परीले कुक्कुर्या ऱ्वाइँ यो देश नाइँ भन्नी रछ । ऊ अगारि बर्दै गएछ । त्यो ठाउँमा परीले 'कुक्कुर्याँ ऱ्वाइँ यो देश छे' भनेछ र काँ छे भनी खोज गर्दा गाउँमा दिदीलाई भेट्टाएछ र भनेछ "दिदै ह्याँ किन आयौ ह्वाँ भैंसा भोगले मरिग्या ।" दिदीले भनिछ- "भाइ म ता आइगे म अब जान्न तो गइजा" भाइले म एग्लै जान्न भनेर गइन्छ र आखिरीमा दुई भाइबिना साथै गएछन् र भाइले भोक लाग्यो दिदै भनेछ । दिदीले अलि हिरेपछि पाइन्छ भनिछ । भाइले पानी माग्दा दिदीले बादो पर खोपेर पानी ख्वाछे । हिर्दाहिर्दै दिदी अग्लाअग्लै जान लागिछे भाइचाहिँ तलतलै गएछ र एउटा चम्फाडालीमा गछन् भाइले आफूपनि रूख आउनी विचार राखेछ । दिदीले म ता माथि माथि जानिउँ म उर्न पनि सक्छु तो त्यई बस भनिछे । भाइले पनि म पनि उर्निउँ भन्यापछि दिदीले सेतो कालो धागो छारिदिछे । त्यई लाई समातिगिन भाइ माथि गछ । एउटा न्याउलो एउटी न्याउली भएछन् ।

**स्रोतव्यक्ति :**

**नाम :** शेरबहादुर यरी **लिङ्ग :** पुरुष **उमेर :** ४४ वर्ष

**सङ्कलन मिति :** २०६९/९/१० **ठेगाना :** खदीस्याला गा.वि.स., वडा नं. ७, पहाडा, रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

| | | | | | |
|---|---|---|---|---|---|
| भाइबिना | - | भाइबहिनी | छोट्टे | - | विवाह गर्न लायकको केटो |
| ताँबाट | - | त्यहाँबाट | लुगेई छ कि | - | लुकेकी छ कि |
| हाब्रिमाट | - | माथि | छगालपल्ट | - | बिहानीपख |
| खालीनु | - | पोखरीमा | उले पैला | - | उसले पहिला |
| बादो पर | - | कडा पहर | कालापोला | - | निर्जन जङ्गल |
| ख्वाछे | - | खुवाइछे | | | |

## ९. दुई सौताको कथा

एकादेशमा दुइटी सौताले तोरामेरा गर्नी रहिछन गरे । दुइटी सौताका एगन भाइ छोराहरू रछन् । एउटी सौतालाई मर्नी काल आइगो । सौतालाई हेर्दै जेठी हुनेले भनिछ- “म मरिजान्छु; मेरो मर्नी अवस्था आयो; यो मेरो छोरो हैन दुईभाइ तेरै छोरा भया नाम्रोरी पालेई । मेरा छोरालाई कोट नपठाइदिएई बरु गोठ पठाइदिएइ, हलो नजोताइदिएई, हाट नपठाइदिएई, मेरा छोरालाई तेरै काखीमा बसाली ठूलो बनाइदिएई, तेलले भुट्या बासी भात खान नदिएई ।” यति अर्ती सौतालाई दिएर जेठी सौताको काल भएछ । सौताने गिर्को ता भइगो सौताले सोचिछे त्यका छोरालाई काखीमा राख्छु भनेर कइलै कुरा पर्नी बेला कोट, कइलै गोठ, हाट जानीबेला हाट, घाँस जानीबेला घाँस हलो जोत्नीबेला हली बनाउने रछे । खानेबेला सँदै तेलले भुट्या बासी भात खानदिनी रछे । अनि त्यो सौता छोरो पौठाबीर भएछ । बाठै बाठो भएछ । उता आप्नो छोरो भन्या पातलो सोजो भएछ । सौताले आफ्ना छोरालाई लेक (गोठ), सौता छोरालाई कोट पठाइरहन्थि ।

एकदिनको कुरा हो, भाइले दाज्युलाई जम्म म कति गोठ मात्रै जाउँ र आज तिमी गोठ जाऊ म कोट जान्छु भनेछ । त्यो कुरा दाज्युले मञ्जुर गरेछ र भाइचाहिँ दैको भुर्को लिइगन कोट राजासित गयो । राजालाई दैको भुर्को दिएर ठुम्म परिगन बसिरो केई अरू

कुरा गरेन । राजाले अचम्म मान्दै भने- “तेरा दाज्युले ता केइ कुराकानी गर्थ्यो । तोले ता केई कुरा पनि गर्दै नै ।”

केटाले भन्यो- “म ता केइ कुरा गर्न जान्दैन क्या कुरा गरौं र ।” राजाले कर गर्दै भने- “किन जान्दैनाइ र केई न केई ता गर कोट आया कुरा ता गर्नु पऱ्यो ।”

केटाले बाध्य भइगिन मुख खोल्यो- “एक पुला घाँसले सय गाईलाई ओर्नी ओछ्याउनी बनायौं ।” राजाले अरू कुरा गर्न अराए ।

उसल भन्यो- “अहिल ता गारा माछाले लेखो कोदो खाया ।” राजाले अरू भन्न लगाए । केटाले भन्यो- “हाम्रा बाबा दारीनु भँगेराले खोर लायो ।” राजाले फेरी कुरा गर्दै राख् भने । उसले फिरी भन्यो- “अइल लेखा जौं बञ्चराले ढाल्नी भया ।” राजाले अझै भन्न लगाए । उसले भन्यो- “ठेगी सेगी दिनोस् राजा म गैजान्छु ।” उल्लू उल्लू कुरा गऱ्या देखिगिन राजा रिस्सिदै ठेगी भन्या ता ठेगी भइगो सेगी भन्या क्या हो । काँ का बञ्चराले ढाल्नी जौं, काँ का एक पुला घाँसले सय गाईलाई ओर्नी ओछ्याउनी भयो । यसलाई हुल भनिगिन सिपाइलाई अराए सिपाइहरू आइगिन त्यसलाई हुले ।

दाजुले गोठमा भाइ राजाका दरबारमा हुल्या कुरा सुन्यापछि उलाई चिन्ता लाग्न थाल्यो । घरमा आउँदा सौतान्या आमाले तेरो भाइ हुल्या छ, जा निकालेर ल्या भनी । दाज्युचाहिँ राजाको दरबारमा कुरा गर्न गयो र भाइ किन हुल्लियो भनी राजासँग बिन्ती चरायो ।

राजाले भने- “ठुस्स बस्याथ्यो कुरा गर भनें अनि ता एक पुला घाँसले सय गाई अघाया भन्यो । कसरी एक पुला घाँसले अघाया ?” दाज्युले हाँस्तै भन्यो- “हो राजा, एक पुलो तेल्यारो ल्याछ त्यो खाएनन् र त्यो ओछ्याएकै हुन् ।”

राजाले रिस्सिदै भने- बाबा दारीनु भँगेराले खोर लाया भन्या क्या हो तो ।”

केटाले भन्यो- “हो राजा, बाबाले भाउव दारी चिलाया फाल्दे भन्या र पर्थि फाल्द्या थें त्यो ल्याइगिन भँगेराले खोर बनाएकै हो ।

राजा- “लेखा जौं बञ्चराले ढाल्यो भन्छ तो त्यो क्या हो ? अर्थि ला ।” केटा- “हो राजा खोरिया खन्या थ्यौं त्यानु जौं छिट्याएका थ्यौं जौं नाम्रो भैन उक्लन आक्लन पारिगिन अचानानु राखिन बञ्चराले जरा काटिफाल्या हौं र बालाभरी थक्याएका हौं ।”

राजाले भने- “गारा माछाले लेखो कोदो कस्तोरी खाया तो ?” केटाले अर्थि लायो- “उ हो राजा, भकारी भरी कोदो राख्याथ्यौं कोदो अरूसित मीठो भैन गारमाट ल्याया माछा तिउनले मीठो मान्यौं र टक्रक्कै कोदो सक्केकै हो ।”

राजाले अच्चम्म मान्दै सोधे- ठेगी ता ठेगी भैगो सेगी भन्या क्या हो तो ?"

केटाले अर्थि लायो- "ठेगी भन्या ठेगी सेगी भन्या बिर्को हो ।"

यसरी कुरा मिलाएर भाइलाई छुटाइगिन ल्याछ । भाइ भन्या त्याँ नबस्नी विचार गरी भागेछ र मस्तै टारा गछ । एउटा घरमा बास मागेछ तर घरकोटीले बास दिउँला पाउनौ खाजा खानी भया ह्याँ बस रोटी खानी भया मात्थेट जाऊ भनेछ । केटाले रोटै खानुपर्ला भन्नी विचारले मात्थेट गएछ । फिरी त्याँ पनि बास मागेछ त्यो घरकोटीले बास दिन सक्ने तर आफूसित रोटी भएको तर दालभात खानी भया मात्थेट जाऊ भन्दाखेरी दालभात नै खानुपर्ला भन्ने सुरले मात्थेट गएछ र बास माग्दा त्यो घराले पनि दालभात खानीभया ह्याँ बस घिउखीर खानी भया मात्थेट जाऊ भन्दाखेरी खीर खानी विचार गरी मात्थेटै गएर बास मागेछ । घरकोटीले अहो ! यस्ता मान्छलाई बास किन दिन्नाउ र भन्दै ओछ्यान सोछ्यान लाइदेछ । एक थाल खीर हाल्देछ । आलो घिउ तताइ हाल्देछ र खाउ पाउनौ भनेछ । पाउनाले मुछेर खीर खानी भनेर हात उठाया मात्रै क्या थ्यो घरकोटीले एउटा उलबादको सिलोक हाल र त्यो गास खाउला नत्र त्यो खीर खानै पान्नौ भनेछ । टिट्लाग्दो पाउनाले घिउ घिरको गास मुखमा हाल्न पाएन हातमा समातेको मात्रै थ्यो समात्या समात्यै भैगो उलबादको सिलोक क्या भन्नि हो अप्ठारो पऱ्यो ।

भोलिपल्ट भाइ कता हर्रियो भनिगन दाज्यु खोज्न जाँदा त्यई गाउँमा बास परेछ । भाइलाई भन्यास्तै खाजा खानी भया ह्या बस रोटी खानी भया मात्थेट जाऊ भन्दा उले त्यई खानी विचारले मात्थेट गयो । त्यस्तै गर्दै क्रमैसित ऊ पनि भाइजस्तै घिउ खीर भएको घरमा पुग्यो । भाइसित भेट भो र घरकोटीले घिउ खीर बनायो र खान बोलायो । उले खान सुरु क्या गऱ्या थ्यो पख-पख पाउनौ ह्याँले उलबादको सिलोक हाल्न नसकी त्यसै बस्नु भाछ । तपाईले पनि उलबादको सिलोक हाल्यापछि खान पाउनु हुन्छ नहाल्या पछि खान पाउनु हुन्न भन्यो । उले म दिनभरी थेक्ल्या छु पहिला खीर खालु तो त्याँमाट हाल्लो उलबादको सिलोक भन्दै थप्दै खाँदै, थप्दै खाँदै अघान्ची खायो र सुबैतो र काम्लो माग्यो र मलाइ एक्कैछिन आराम गर्नदिनोस् त्याँमाट सिलोक हाल्लो भन्यो । घरकोटीले सुवौतो, काम्लो दिएछ त्यो मान्छ सुत्यो र निँद पुऱ्याया पछि घरकोटीले कस्ता पाउना हौ चाँर भन उलबादको सिलोक भन्दाखेरी केटाले सिलोक हाल्न सुरु गरेछ- "आज राति फलाना गोठो ग्वालो मरिगछ" त्यो कुरो सुन्दा घरकोटीले अलानी कलानी गर्दै भनेछ- "त्यो ता मेरा गोठ हो कस्तोरी मऱ्यो ।" केटाले म जान्छु कुरा बुझ्न क्या भइ मरेछ भनिगन गोठमा गएछ अनि

छोरालाई खीर हाल्न लाछ खाछ पेछ अनि पछि मात्रै तिम्रा बाबा मरिग्या किर्या बस्नी खबर ल्याइ आया हौं भनेछ । छोराले क्या भइ मरेछन् तो भनीगन सुर्ता मानेछ । उले टिट्लाग्दो छोरालाई किर्यापूर्ति बनाइगिन ल्याछ र म पानी ल्याउँछु पानी चाइन्छ भनेछ र हिती बस भनिगन पर गछ । बाबुलाई तिम्रै छोरो रछ अब सुर्ता मानी क्या गर्दान र बरु किर्या बस्नी काम गऱ्या प हला भनेछ । अनि छोरो बसेको ठाउँतिर लागेछ । दुबै बाउछोरालाई किर्यापूर्ति बनाएर दुबैलाई घुम्चो हाल्न लगाछ । उता उनी बाउछोराले अपराधी ए क्या गरी यो भन्दा उसले उलबादको सिलोक हाल भन्नु हुन्थ्यो तो यई ता हो उलबादको सिलोक भनेछ । उता उका बाउछोराले उजुर गर्दा त्यो केटो पक्राउ पऱ्यो र राजाले यस्तो क्या गरी तोले भन्दा राजा म क्या गरौं तो उलबादको सिलोक हाल भन्या पछि क्या हाल्दाउ तो भनेछ । पछि राजाले त्यो कुरा मानेछन् र पछि उकै जिति र घरकोटीको हार भछ र त्यका दुई भाइहरू घर आछन् । खान्तें पिन्तें म आइगतें ।

**स्रोतव्यक्ति :**

**नाम :** हर्कु जैसी **लिङ्ग :** पुरुष **उमेर :** ४० वर्ष

**सङ्कलन मिति :** २०६९/९/७ **ठेगाना :** घेत्मा गा.वि.स., वडा नं. ८, रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

| | | | | | |
|---|---|---|---|---|---|
| तोरामेरा | - | भनाभन | भुर्को | - | सानो ठेकी |
| एगन | - | एकएक वटा | गारा माछा | - | गाडका माछा |
| गिर्को | - | डाहा | | | |

## १०. दूरवीनवालाको कथा

एकादेशका एउटै बावुका तीन भाइ छोराहरू थिए । तिनेरू जवान भैसक्या पछि केइ इलम पाइन्छ कि भनिगन परदेशमा गए । तिनेरूले एउटै काम लिएनन् जेठाले बाइपङ्खी छोराको तालिम गऱ्यो । माइलाले दूरवीनको तालिम गऱ्यो भने कान्छोले भने डाक्टर हुने विचारले औषधीको तालिम गऱ्यो ।

धेरै समयसम्म तालिम लिएपछि तिनेरू आ-आफ्ना काममा सिपालु भए । अब घर फर्किउ भन्नी सम्बन्धमा तीनजनैको सल्ला भो र तिनेरू घरतिर फर्क्या । बाटामा ठूलो लेख पऱ्यो । तिनेरू भोगप्यासले हैरान भया हुनाले त्यई लेखमा बसिगिन खर्चपर्च खानी सुर

गऱ्या । त्यत्तिकैमा दूरवीनवाला भाइले भन्यो- “तिमेरूले खर्चपर्च बनाउ । म घरतिरको हालखबर कस्तो रछ दूरवीन नलाइकिन हेर्छु” अरू दुई भाइ मञ्जुरी भए ।

जब दूरविनवालाले दूरवीन लाइगिन घरतिर गर्दा मसानघाट मान्छरू खेऱ्या देख्यो । क्या रछ भनीगिन नाम्रोरी हेर्दा ता तिनेरूकै बाको काल भइगिन पोल्न ल्यारछन् । मसानघाटमा एउटो छोरो पनि थिएन सलो चाँचिरह्याँ छन् । ठाउँ धेरै टाढा छ क्या गर्नी समस्या पऱ्यो ।

मसानघाटमा भया सप्पै कुरो गऱ्या पछि तिनेरूले खर्चपर्च खानी भएन । त्याँ कस्तोरी पुग्नी हो । आगो बाल्नै लाग्या छन् । जेठाले वाइपङ्खी घोरामा भाइहरूलाई बसाल्यो र वायुवेगमा घोरा दौरायो । त्यस्तोरी दौराउँदा तिनेरू एक चिलिम कक्कर नसिध्याउँदै पुगिहाले । पुगेर घाटमा जाँदा साँच्चिकै आफ्ना बाबाको लाश जलाउन लाग्या रछन् । आगो दिनै लाग्या बेला छोराहरूले आगो नलगाउन भनेछन् । बावुलाई सलोबाट ताने ।

कान्छा छोराले औषधीको तालिम गऱ्या हुनाले औषधी गर्दा बावु तयार भो । फिरी बाजागाजाका सात बूरालाई घरमा पुऱ्याए । सप्पै छक्क दङ्ग परे । तिमेरू ता परदेशमा गइगिन ठूला मान्छ भाइगिन आएछौ भनीगन मानसम्मान गर्न थाले ।

एकदिन तीन भाइको बाजावाज पऱ्यो । सप्पैले बावुलाई बचाउने आफू नै भया दावी गरे । माइलाले भन्यो “तिनेरू खर्चपर्च बनाउन लाइग्या थ्यौ । मले डाँरातिर बसिगिन पैला घरतिर नहेऱ्या भया ता बाबा काल ता भैजानी थियो त्यस्तैले म ठूलो हौं ।”

जेठाले भन्यो- “तेरो दूरवीनले देखिगिन क्या भो र तोले देखि ता, हुइँ टारैमाट देखी ह्याँ ता बाबालाई जलाल्नी थिया त्यस्तैले मेरा वाइपङ्खी घोराले पुऱ्यायो र प बाबालाई बचाउन पाइयो त्यस्तैले म नै ठूलो हौं ।”

तिनेरूबीचमा मस्तै भनाभन भयापछि यसले झगरा रूप लियो र मुद्दा पऱ्यो । मुद्दा पर्दा लर्दालर्दा लरे । न्यायधीशले सप्पै कुरा बुझे र पैला देख्नीले देखे पछि मात्रै अरू उपायले काम गऱ्यो । उसले नदेख्या भया ता अरूको क्या काम थियो र भनिगन न्यायधीशले दूरवीनवालाको जितीको फर्सिला गरिदियो ।

**स्रोतव्यक्ति :**

**नाम :** देवबहादुर के.सी. **लिङ्ग :** पुरुष **उमेर :** ६२ वर्ष

**सङ्कलन मिति :** २०६९/९/१० **ठेगाना :** पोखरा गा.वि.स., वडा नं. १, पोखरा, रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

| | | | |
|---|---|---|---|
| छोरारू | - छोराहरू | सलो | - जलाउन भनी चाँचिएका दाउरा |
| वाइपन्खी | - वायुवेगमा दौडने घोडा | नहेर्‍या भया | - नहेरेको भए |
| खर्चपर्च | - खानापिना | लर्दालर्दा | - लड्दालड्दा |
| खेर्‍या | - भेला भएका | एक चिलिम कक्कर | - एकपटकमा खाने तम्बाकु |

## ११. पापी राजाको कथा

एकादेशमा एउटा राजा थियो । उले राति प्रीतिको पेट, चाँदीका डाला, सुनका पात, मोतीको झप्पा भएको रूखको सुइना देखेछ र गाउँका सप्पैलाई जम्मा गरिगिन त्यो रूख खोजिगिन ल्याउन आदेश दिएछ । मन्नामीमा नभया चीजको सुइनै देखिन्न त्यस्तैले त्यस्तो रूख ल्याउन सकेमा आदा राज्य बिर्ता दिनी तर ल्याउन नसकेमा नुन चुक लाई काट्नी कुरा गरेछ । कसैले पनि आँटन नसके पछि अन्तमा एकजना मान्छले आदा राज्य बिर्ता दिने नै हो भन्यापछि म ल्याउछु भनेर आँटेछ ।

त्यो मान्छ रूख खोज्न जाँनेवेला बाटानु सर्प भेटिएछ । त्यलाई दुई गिर पारेछ र टाउकापट्टीको साँप जता जान्छ त्यईका पछि पछि गछ । साँप एउटा प्वालमा पस्दा उले त्यई ठाउँमा गएर फाट् धर्ति म यईसित जानिउँ भन्दा धर्ति फाट्यो । ऊ तल्ला मन्नामीमा गयो । त्यई साँपले उलाई प्रीतिको पेट, चाँदीका डाला, सुनका पात र मोतीको झप्पा गरेको रूखमा ल्याछ । त्याँ मन्सुते गन्ना आयो भन्नी हल्लाखल्ला मच्चेछ । त्यो ठाउँमा सूर्जको घाम र मर्दको मुख नदेखेकी चार बैनी स्वान्चरी रइछिन् । उनेरूले हामी ता मन्सुत्या गन्ना मान्छौं तपाइ किन आउनुभो भन्दाखेरी त्यो मान्छले हाम्रा ठाउँको एउटा पापी राजाले प्रीतिको पेट, चाँदीका डाला, सुनको पात र मोतीको झप्पा गर्‍या रूख ल्याया ल्याउनी, नल्याया काट्नी भन्या हुनाले यहाँसम्म आएका छौं भनेछ । एउटीले प्रीतिको पेट भन्या मै हो भनी । माइलीले चाँदीका डाला, साइँलीले सुनको पात र कान्छीले मोतीको झुप्पा आफै भएको बताइछिन् । उनेरूले रूखै बनाऔं तो भनिछन् र त्यो मान्छले रूखै बनाउन आग्रह गरेछ । चार बैनीले सुना झारीमा पानी ल्याउनू, असी हातको डोरी बाट्नू र दलिन पोत्नू हामी उताबाट केश कलाउँदै आउँला त्यै बेला त्यई असी हातको डोरीले मचक मचक बाँन्नू

र खुक्राले हामीलाई च्याट-च्याट काट्नू अनि सुना झारीको पानी चाँदीका झारीमा हाल्नू भनेर जुक्ति लाएर उनेरू गइगिन ।

त्यो मान्छले ती चार बैनीहरूले भन्यास्तै सप्पै गऱ्यो । उनी चारवटै बैनी आउनासात डोरीले मचक मचक पारेर खुक्राले काट्यो र सुना झारीको पानी चाँदीका झारीमा हाल्यो । घुगुता कराउनी, न्याउला बास्नी गर्न थाले । ती बैनीहरूले भन्यास्तै रूख भैगो । अब त्यो मान्छ तल्ना मन्नामीबाट माथेल्ला मन्नामीमा कस्तोरी जानी हला । यो रूख राजालाई क्या गरी पौंचाउने हला भनिगन विरले रुन थाल्यो । त्यो मान्छो अवस्था बुझेर तिनेरूले नरुनोस् तपाईका लागि हामी नै जान्छौं भनिन् र बाटा लागिन् ।

पहिलाकै साँपो ठुटो त्यई रछ । ऊ अगिअगि उनेरू पछि पछि गए । ती आइमाईहरू राजाको घरदेखि टारै रहे । त्यो मान्छ राजाका नजीक गो र पैला दिएको अर्तीबमोजिम सुना झारीमा पानी ल्यायो, असी हातको डोरी बाट्यो, दलिन पोत्यो राजाले किन ल्याइनै भनेर काट्न तम्तयार हुँदा म अइलै रूख बनाउँछु भनेछ । यतामाट चारैवटी केश कलाउँदै गइछन् र त्यो मान्छले मचक मचक डोरीले बाँनेछ र खुक्राले काटेर सुना झारीको पानी चाँदीका झारीमा हाल्देछ । उनेरू झुलक्कै देखिएर घर गइगिन ह्या राजाले खोज्यास्तै रूख देखियो । राजा पापीले तोलेता चारोटी स्वास्नी ल्याएर रूख बनाई चारोटी ता मेरै हुन् भनेर बिर्ता ठग्नी विचार गरी आफैले पनि गर्न सक्ने बतायो ।

राजाले आप्नी चारोटी रानीहरूलाई पानी ल्याउन खेद्यो र त्यो मान्छले गऱ्यास्तै डोरीले मचक मचक बानेर खुक्राले काट्यो । सुना झारीको पानी चाँदीका झारीमा हाल्यो । रूख पनि भएन जोई सप्पै मरिगिन फिरी जिउँदी भइनिन र त्यस पापी राजाको साखा सन्तान सकिएछ र आदा राज्य बिर्ता दिनी भन्या राजाको पूरै बिर्ता खाएछ । राजा पनि भएछ । प्रीतिको पेट, चाँदीका डाला, सुनको पात र मोतीको झप्पा भएको रूख पनि बनाएछ र निकै ऐस आरामका सात राज्य चलाएछ ।

**स्रोतव्यक्ति :**

**नाम :** मनबहादुर क्षत्री **लिङ्ग :** पुरुष **उमेर :** ५२ वर्ष

**सङ्कलन मिति :** २०६९/९/९ **ठेगाना :** गरायला गा.वि.स., वडा नं. ९, ज्यामिरे रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

| | | | |
|---|---|---|---|
| सुइना | - सपना | खुक्राले | - खुकुरीले |

| | | | | | |
|---|---|---|---|---|---|
| मन्नामीमा | - | पृथ्वीमा | घुगुता | - | ढुकुरहरू |
| मन्सुते | - | मानव | पौंचाउने | - | बुझाउने |
| केश कलाउँदै | - | कपाल हल्लाउँदै | खोज्यास्तै | - | खोजेको जस्तै |
| उतामाट | - | अर्कोतिरबाट | | | |

## १२. बुद्धिसम्म ठूलो केही छैन

एकादेशमा एउटी बूरी र तिनको लाटो छोरो रछ । छोरो लाटो भया हुनाले आमाले निकै शोक सुर्ता मान्नि रछिन् । छोरा भने जोले जता लायो त्यतै लाग्ने खालको रछ ।

एकदिनको कुरा हो, आमाले छोरालाई व्या गरिदिइन् । छोराब्वारी माइत गए । माइतमा उले फुलौरा खायो । भोलिपल्ट घर आउँदा उले फुलौरा माग्दै जोईसित 'हा हा हु हु' गरी करायो । जोईले कुरा बुझिन । पोइले मस्तै प्रयास गर्दारी पनि जोईले कइले भात, कइले खीर, कइले मासु दिई तर पनि लाटो कराइ रह्यो । हार मानी जोई बस्या अवस्थामा लाटाले लठ्ठीले टाउकामा हान्दा जोईले गाली गर्दै फुलौरा उठ्नी गरी हान्यो भन्दाखेरी लाटाले सङ्केत गर्दै त्यई टाउकामा उट्यास्तै ल्या भन्यो कुरा बुझेर जोईले फुलौरा बनाइ दिई लाटाले मीठो मानी-मानी खायो ।

लाटा बानाले पचक्क परेकी जोई कुनै दिन माइत भागेर गई । घरमा कामकाजो समस्या पर्‍यापछि बूरीले ब्वारीलाई घरमा ल्याउन लाटालाई माइत पठाइन् । बूरीले बाटामा जङ्गल पर्छ त्यस्तैले डर हुन सक्छ 'हा हा हु हु' गरिगिन हिर्नू भनिछन् । लाटाले 'हा हा हु हु' गर्दै हिर्‍यो । त्यई जङ्गलमा एउटा शिकारी एरा गया रछ । लाटा स्वरले मृग अर्कातिर भागेछ र रिस्सिएको शिकारीले उलाई पिट्नसम्म पिटेछ । यसरी कराउने हैन बरु 'हा हा हा हा' गर्दै हाँस्दै जानुपर्छ भनेछ । लाटाले हाँस्तै गया बेला अगारिमाट एउटा मर्‍या मान्छ बोक्या मलामेहरू आउनी रछन् मलामेहरू धुरुधुरु रोइरह्या थिया तर अर्कातिरमाट आया लाटो भन्या हात पिट्दै हास्तै आइरह्या देख्यापछि मलामेलाई रिस उठ्यो र पिटे । यस्तो बेला ता रुनु पर्छ भन्यापछि ऊ रुदै कराउँदै अगारि बर्‍यो । केइ टारागए पछि अर्कातिरबाट कोईका जन्तीहरू आउँदै रहेछन् । सप्पै जन्तीहरू हाँस्दै रमाइलो मनाउँदै आइरह्या रछन् । उता लाटो भन्या रोइरह्या देख्यापछि यस्तो राममा रुनी कस्तो अपसगुनी भनी पिटेछन् । सप्पैले

पिटिगिन थङ् थला पऱ्या लाटो माइत पुगेछ । लाटाका बानाले पचक्क परेई जोई लाटासित फर्किनछे र बरु छुटापत्र भएछ ।

छोराले ब्वारी ल्याएर आउला भनेको त छोरा एग्लै आया देख्या पछि बूरीले झन सुर्ता मान्न थालिन् र एकदिन बूरीले छोरालाई आफै मैतालु खोजिगिन ल्याउने तरीका सिकाउन थालिन् । बूरीले छोरालाई सम्जाउँदै भनिन्- "नजीकै एउटा धारो छ । त्याँ सप्रेइ सप्रेइ छोट्टेरू आउछिन् । त्याँ जानू र जोलाई मन पर्छ त्यईलाई पैला स्याना ढुङ्गाले हान्नू, नहेऱ्या पछि अल्ली ठूलाले हान्नू अनि कुराकानी गरिगिन मैतालु ल्याउनू ।" लाटाले मञ्जुरी जनाएर धारामा गई बस्यो । त्यईबेला एउटी साउकी ब्वारी आई । उसलाई लाटाले पैला स्याना त्यसपछि अल्ली ठूला ढुङ्गाले हान्यो तर पनि त्यो स्वान्चरीले लाटाले हान्या पनि क्या हेर्नू भनिगिन हेरिनछे । लाटाले दुई हातले उच्चाएर एउटा जुरले स्वान्चरीलाई हान्यो र त्यो स्वान्चरी आमै पनि भन्न पाइन ।

घरमा आइगिन सप्पै आफूले गऱ्या काम भरी आमालाई बतायो । आमालाई फर्साद पऱ्यो । छोरालाई गाल गर्दै थुकदै त्यो मरेइ स्वान्चरी भया ठाउँमा गैगन लाटाको मद्दतले कोईले नदेख्नी गरी राति गारिदिइन् र सम्मराति भयापछि आमाचाहिँले स्वान्चरीको लास तानेर अर्कै ठाउँमा गारिन् र त्यो ठाउँमा मऱ्या बाखो गरिन् र घरमा आइन् ।

छगालीपल्ट साउकी ब्वारी हरिएको खबर यताउति फैलियो । गाउँमा हल्लाखल्ला चल्दारी लाटाले मले देख्या छु । मले पँधेरामा माऱ्या हुनाले आमा र मले खौलामा गाऱ्या छौं भन्यो । सप्पैले लाटालाई गाऱ्या ठाउँ लैजा भन्दाखेरी लाटाले स्वान्चरी गारेको ठाउँमा लग्यो र खनेको ठाउँ सिगाइदियो । गाउँल्याले उलाई निकाल्न अराए । उले खन्न थाल्यो र पैला सिङ भेटायो र भन्यो- "टिम्रा ब्वारीका ठिङ् ठ्या ?" सप्पैले अलि खन भन्या । लाटाले अल्तै खन्यापछि लाटाले फिरी भन्यो- "ब्वारीका लामा कान ठ्या ?" सप्पैले अलि खन् भन्या । लाटाले खन्दै जाँदा रौं नै रौं पुच्छर, चारखुट्टा पायो र आखिरीमा एउटो सग्लै बाखो ताऱ्यो सप्पै मालमिल्ल परे । उनेरूको रिस सप्पै सकियो र बूरी आमाले आफ्ना बुद्धिले आफ्नो छोराको अपराध लुकाउन सफ्फल भइन् ।

**स्रोतव्यक्ति :**

**नाम :** शितला मल्ल **लिङ्ग :** महिला **उमेर :** ५२ वर्ष

**सङ्कलन मिति :** २०६९/९/९

**ठेगाना :** झुला गा.वि.स., वडा नं. ३, ठाँटी रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

| | | | | | |
|---|---|---|---|---|---|
| जोले | - | जसले | छोट्टी | - | केटी |
| मस्तै | - | धेरै | स्याना | - | साना |
| पचक्क परेकी | - | वाक्कै भएकी | जुर ढुङ्गो | - | धेरै गह्रगो ढुङ्गो |
| अगारिमाट | - | अगाडिबाट | ल्हाश | - | लाश |
| सप्रेइ | - | सुन्दर | टिम्रा | - | तिम्रा |
| ठ्या | - | थिए | | | |

## १३. बोल्ने कद्‌दुको कथा

एकादेशमा बूराबूरी रछन् । तिनेरूका छोरा नजर्मेका हुनाले चिन्ता मान्नी रछन् । बूरीले दुइटा थालनु भात राख्दारी तीनोटा थालनु हैजानी रछन् । सँदै त्यस्तै भया पछि तिनेरूले दुई भाग लाउनी बेला तीनभाग हुन्छ भन्यापछि एउटो भाग खानी क्या छई देख्खे भन्दारी घरको छानामाट कद्‌दु खसेछ । कद्‌दुले एक थाल भात खाएछ । बूराबूरीले कद्‌दुलाई नाति भन्न थालेछन् ।

एकदिन बूराबूरीले भात खानी नाति ता थियो ब घर काम पनि गर्नी भया कति नाम्रो हुद्‌वा भनीगिन कुरा गरेछन् । त्यो कुरा सुन्यापछि कद्‌दुले आफूलाई अरायापछि सप्पै काम गर्न सक्छु भन्यो । मेरा बीरमा हतासो बाँन्दिनी हो भन्यापछि म जग्गा पनि जोत्छु भन्यो ।

बूरो रिमी जिउला बुगी पाटन जोत्न गो । नातिलाई बूरीले अर्नी लगेर बूरोलाई भेटाउन अराई । कद्‌दुले बूरालाई अर्नी लगिदियो । बाटामा गङ्गा पऱ्या हुनाले बाज्यलाई गार वारीबाटै बोलायो र बाज्याले कद्‌दुलाई तारे । बाज्याले अर्नी खान्जीसम्म कद्‌दुले जोत्यो र बाज्या नातिसाँज घर आया ।

कद्‌दुले एकदिन व्या गर्नी विचारले बाज्यालाई भनेछ - "बाज्यै म अब ठूलो भैगें मलाइ व्या गर्दिनी भैगो ।" बाज्यले छक्क पर्दै भन्यो- "तो जस्तो कद्‌दुलाई कोले छोरी दिद्‌वा र व्या गर्दाइ ।" नातिले भन्यो- "एउटा घर मस्तै छोरीहरू छन् । तिमी माग्न गया पछि एउटी पक्कै दिन्छन् बरु जाऊ त्यई घरमा ।"

बड्डो कुम्लो बोगिगीन नातिले भन्या घर नातिनी ब्वारी माग्न गएछ । त्यो घरका बाबुलाई कुरा गऱ्यो- "मेरो घरमा एउटा कद्दु नाति छ । त्यले खाना खानी, कुरा गर्नी, कामकाज गर्नी गर्छ त्यले व्या गर्छु भन्छ त्यस्तैले तपाईका घरमा छोरीहरू भया हुनाले नातिनी व्यारी माग्न आया हौं । दिनुहोला कि ?"

छोरीका बावुले भन्यो- "म ता क्या भन्दाउ र मान्या पछि सोधौं ।" यति भनी जेठीलाई सोधे- "एकजना मान्छ नातिनी ब्वारी माग्न आउनु भा छ जालेइ की ।" छोरीले जवाफ दिई- "म कद्दुका पोइल जान्छु बरु कद्दु ल्याया भया काटेर खादाउ ।" बावुले माइली, साइँली र काइँली सप्पैलाई सोध्दा त्यस्तै जवाफ दिइन् । बावुले कान्छी छोरीलाई सोध्दा उले बाबाले दिया ठाउँमा जान्छु भनी कद्दुसित पोइल गई । सप्पै बैनीहरूले उलाई बिज्याति गरे ।

अब कद्दुका जोईपोइ सातै घाँस, सातै दाउरा जान लाग्या । एकदिन तिनेरू काफल गछन् । जोईले काफल आफूले टिपीगिन ल्याउँछु तिमी भइँयै बस भनेको कद्दुले नमान्या पछि कद्दु पनि रूख चरेछ । काफल खाइगिन भइयाँ झर्दारी कद्दु रूखबाट खसिगिन फुटेछ र त्यका भित्रबाट मान्छ निक्लेछ । उले कद्दुका कप्टरा हातमा समाइछे र दुईजना हिर्दै घर आउँदा बूराले नाति कता गयो भन्दाखेरी उले सप्पै कुरा बताइ । कद्दुका पोइल गया अब मान्छ बन्यो र ऊ धेरै खुशी भई ।

उता कद्दु अब राम्रो मान्छ भइसक्या हुनाले अरू बैनीहरूले आफू जान खोजे तर कान्छीले पैला कद्दु भने हेला गर्नी अहिले काँ पाउँछ्यौ भनिछ । त्यो बूराको अंश वंश त्यई केटाले खाएछ । घरमा छोरा नभया हुनाले भगवान्ले अंश खानी मान्छ बनाइदिया रछन् ।

**स्रोतव्यक्ति :**

**नाम** : ईन्द्रलाल रिजाल **लिङ्ग** : पुरुष **उमेर** : ६६ वर्ष

**सङ्कलन मिति** : २०६९/९/६ **ठेगाना** : आठबिसकोट गा.वि.स., वडा नं. ९, झिन्चौर रुकुम

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ :**

| | | | | | |
|---|---|---|---|---|---|
| कद्दु | - | फर्सी | ब्वारी | - | बुहारी |
| थालनु | - | थालमाथि | काफल गएछन् | - | काफल टिप्न गएछन् |
| बीरमा | - | बीँडमा | झर्दारी | - | ओर्लदाखेरी |
| हतासो | - | हातले समात्ने | | | |

# १४. लिखे टोग्याको कथा

एकादेशमा एउटा ठुल्लिएका राजा थिए । धेरै मान्छहरू राजाको काममाट असन्तोषी भएका थिए । त्याँ एउटो लिख्या टोग्या पनि थियो । उले फोहरमा खेल्नी झिंगा ल्यास्स ल्यास्स पारी मार्निरछ । त्यसलाई कसैले नाम्रो मान्नि रहेन्छन् ।

केही समयपछि त्यो गाउँमा बागले सताएर कसैका बाखा, कसैका गाई भैंसा र मान्छ खाएर हैरान पाऱ्या रछ । राजाले त्यो बाग मार्न सक्न्यालाई आदा राज्य दिनी वाचा गऱ्या रछन् । कसैले पनि बाग मार्ने आँट गर्न सकेनन् । लिख्या टोग्याले म मार्न सक्छु भनिगन राजासित बिन्ती गरेछ । राजाले यस्तो झिंगा मान्वा फोहरी पाजीले कसरी बाग मार्न सक्छइ भनीगन पत्यार गरेनछन् तर लिख्या टोग्याको ढिपीपछि राजाले बाग मार्नी तरवाली दिइगन पठाएछन् ।

लिख्या टोग्या असाध्यै बाठो थियो । ऊ बाग हिर्ने डोरानु एउटा रूखमा तरबाली लिएर चरेछ र रूखको हाँगामा तरबाली सन्जे बनाएर बसेछ । एकछिन पछि ठूलो बाग आएछ र रूखको भनी आया बेला लिख्या टोग्याले ल्याङ्ल्याङ्ल्याङ् पारिगन रूख हल्लाएछ र ट्याक्क तरबाली खसेर बागको टाउकानु लागिगन मरिगछ । लिख्या टोग्याले रगतसितको तरबाली राजालाई बुजाछ र राजा असाध्यै खुशी भछन् अनि ऊ सासी रछ भन्नी कुरा विश्वास गरेछन् ।

कुनै ठाउँमा ठूलो लराइँ चल्या रछ । त्यो लराइँमा यई लिख्या टोग्यालाई हाल्दिनुपर्छ । त्यई गएर मऱ्या यही लिख्या टोग्या मर्छ भनी विचार गरी सरकारी सेनासित लिख्या टोग्यालाई पनि पठाएछन् । त्यलाई पनि सैनिकका लुगा लाइदेछन् । ऊ पुट्टीदै लराइँमा जानी तयार भएछ ।

सेनाहरू सप्पै घोरामा जानी कुरा भएछ । लिख्या टोग्याले एउटो ढ्याङ्ग्रो घोरो पाएछ तर त्यो ढ्याङ्ग्रो घोरो वायुपङ्खी रछ । त्यो ढ्याङ्ग्रो घोरो हिर्न सक्दैन भनिकन लिख्या टोग्यालाई अगारि लाउछन् । लिख्या टोग्या चऱ्या घोरो वायुवेगमा दौरेछ । यस्तोरी दौरेछ कि लिख्या टोग्या यता ढल्छ कि उता ढल्छ कि भएछ । यस्तोरी ढल्न लाग्दा वरिपरिका रूख वृक्ष सप्पै स्याम्म स्याम्म ढल्निरछन् । त्यस्तै गर्दै लिख्या टोग्या लराइँको गाउँमा पुगेछ । उतातीरबाट सजिसजाउका साथ आएका विदेशी सेनाले लिख्या टोग्या ढल्काइ र रूख ढलेका देख्दा बरो ठूलो मान्छ रछ भन्नि मानिगन लराइँमा हार स्वीकार

गरीगन लिख्या टोग्यालाई जितारीको फूलमाला पैऱ्याइदेछन् र फूलमाला पैरेर ऊ आफ्नो राज्यमा फर्कनी बेलामा बाटामा अरू सेनासित भेट भएछ । सप्पै सेनासित कुरा भएपछि सप्पै सेनारू राज्यमा फर्केछन् ।

राजाले लराइँ क्या भो भनी सोध्दा लिख्या टोग्याले भनेछ, "मलाई लिख्या टोग्या भन्त्या, झिंगा मान्वा भन्त्या, लराइँ ता मले जिते त अरू ता पुगेइका थिएनन् नि ।" यस्तो कुरा सुन्दा अत्यन्तै खुशी भया राजाले लिख्या टोग्यालाई अगारिको वाचाअनुसार आधा राज्य दिएछन् । त्यो लिख्या टोग्याले पछारि आदा राज्य पाएर खुशी राजीका साथ दिन बिताएछ ।

**स्रोतव्यक्ति :**

| | | | |
|---|---|---|---|
| **नाम** | : बालकृष्ण खत्री | **लिङ्ग** | : पुरुष |
| **उमेर** | : ४५ वर्ष | **सङ्कलन मिति** | : २०६९/९/६ |

**ठेगाना** : आठबिसडाँडागाउँ गा.वि.स., वडा नं. ८, चिसापानी (रुकुम)

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ**

| | | | | | |
|---|---|---|---|---|---|
| ठुल्लिएका | - | घमण्डी | पुट्टीदै | - | खुशीले गद्गद् हुँदै |
| मान्वा | - | मार्नेवाला | लराइँ | - | लडाइँ |
| ढ्याङ्गो | - | मरन्च्याँसे | हिर्ने डोरानु | - | हिड्ने बाटामा |
| बरो | - | बडो | तरबाली | - | तरबार |
| टोग्या | - | बाबुबितेको केटो | टाउकानु | - | टाउकामाथि |
| सासी | - | साहसी | | | |

## १५. लिख्या टोग्यानीको कथा

उहिले न एउटा गाउँमा लिख्या टोग्यानी रहिछ । उका बाले कान्छीमा ल्याया रछन् । कान्छीमा असाध्यै फुर्ची रछे । उसले सौत्यान्या छोरीलाई कति नाम्रो मान्नि रहन्छे ।

एकदिन लिख्या टोग्यानीका बाबा हाट गए । कोलाई क्या ल्याइदिनी हो भनी सोध्दा कोइले डोरी, कोइले चुरा, कोइले रिबन ल्याइदिनू भनेछन् तर लिख्या टोग्यानीले ता एउटा नाम्रो माने बाखी ल्याइदिनू भनिछे । उका बाबा हाट गएछन् र सप्पैलाई रोज्या चीज ल्याइदेछ । उसलाई माने बाखी ल्याइदेछन् । सप्पैले आ-आप्ना चीजहरू प्रयोग गरे तर लिख्या टोग्यानी बाखा ग्वाला गइछ । कान्छीमाले तेलाई खान दिनी रहन्छे । ऊ बाखा ग्वाला

गयाबेला माने बाखीले खलोपोत लिख्या टोग्यानी गुर, चिउरा खालेइ भन्यो । उले पोतिछे र बाखीले हगिदिएछ र खाइछे । सँदै त्यले त्यस्तै खानी रछे र मोट्टीछे । उता कान्छीमालाई बाखा ग्वाला गया क्या खाइगिन मोट्टिन्छे भन्ने शङ्का लागेछ ।

एकदिनको कुरा हो, लिख्या टोग्यानीको कान्छीमाले ऊ बाखा ग्वाला जाँदा आप्नी जेठी छोरीलाई पठाइछे । लिख्या टोग्यानीले जौंरा मारिदिंदा ऊ निदाइछे । त्यईबेला माने बाखीले हगेछ र उले सुटुक्क खाइछे ।

अर्को दिन कान्छीमाले अर्की छोरीलाई चियो गर्न पठाइछे । उलाई पनि जौंरा मार्दिदा निदाइगइछे । त्यइबेला बाखोले खलोपोत लिख्या टोग्यानी ए गुर चिउरा खालेइ भनेछ । उसले पोतिछे र बाखीले गुर चिउरा हगिदिएछ । उले खाइगन नसक्दै बैनी उठिगन क्या खाइ भनी कर गर्दाखेरी उले घरमा नभनेइ भनिगन अल्ता गुर चिउरा दिइछे । त्यो उको निहुँ मात्रै भएकोले अल्ता गुर चिउरा नङनु लुकाइगिन घरमा आमालाई देखाइछे र आमा रिसले बिरामी भएँ भनिगन स्वाङ् पारिछ । हेराउनका लागि झाँक्री डाक्न गएछन् । झाँक्रीलाई मन्तरेर ल्यायापछि उले माने बाखी काट्यापछि सञ्च हुन्छे नत्र मर्छे भनेछ । घरमा माने बाखी काट्न तम्तयार भएछन् ।

लिख्या टोग्यानी बाखा ग्वाला गएर माने बाखी तोलाई ता काट्नी भन्छन् भनेर बाखासित कुरा गरिछे । उता बाखीले काट्न दिएई । अरूले हार फाल्छन् । तोले मासु नखाएई । अरूले फालेका हार तोले नखाया मासु खाल्टानु लगिगन गारेई भनेछ । ऊ रुँदै रुँदै घर आइछे ।

माने बाखीलाई काट्नी सुरसार भएछ र काटेछन् । अरू सप्पैले मासु खाएछन् तर लिख्या टोग्यानीले माने बाखीले भन्यास्तै गरिछे । कान्छीमा सञ्चो भइछे । बाखी गारेको ठाउँमाट असी हात लामु सुनो लिङ्गो उम्रेछ । त्यो त्यईका राजाले देखेछन् । सप्पैलाई उख्लिन पठाया तर कोईले सगिनन् । देशभरीका कोई मान्छ बाँकी रहेनन् । लोन्छराले उख्ल्यापछि आदा राज्य दिनी, स्वान्चरीले उख्ल्यापछि त्योसित ब्या गर्नी राजाले कर्पन गर्‍यारछन् । अरू कोई बाँकी छ कि भनी सोध्नी बेला लिख्या टोग्यानीका बाबाले एउटी लिख्या टोग्यानी छे भन्यापछि राजाले त्यलाई पनि उच्चाउन लगाएछन् । लिख्या टोग्यानीले कान्छी औंठाले उच्चाइछे । कर्पन अनुसार राजाले धुमधामसित लिख्या टोग्यानीसित ब्या गरेछन् । उलाई न्वाइध्वाइ पारेर लिखाहरू सोरसार पारिदिएर सप्रेइ रानी बनाए र उले सुख सयलसित दिन बिताउने भई ।

एक वर्षपछि उसको छोरो जन्मेछ । जन्मेको पाँच दिन भएको बेला न्वाउन पँधेरामा गइछे । उसको बैनी पनि न्वाउन आइछे अनि लिखा टोग्यानीलाई आँङा सप्पै लुगालत्ता छराउन पठाइछे र न्वाउने बाना पारी कुवामा खसाइ मारिछे । आफू रानी भइगिन दरबारमा गई । ह्वाँमाट दिदी बस्ने छ्वाल्या कोठामा गई र जाइनको स्यारसुसार गर्न थाली । जाइनले दिनभरी रोइरनी र रातभरी सुखसित सुत्नी गर्थ्यो ।

पहिला राजा आफै दोबा बसेर योको कारण था पाउने विचार गरे । था नपायापछि उनले अरूलाई पनि बसाले र कारण पत्ता लगाए । त्योको कारण क्या रछ भन्यापछि बच्चाकी मा आइगिन राति दुद चुसाउनी रछे र दिउसो कुवामा गैजाने रछे ।

राजाले मान्छ लगाएर त्यलाई छोपेपछि सौतान्या भई जाइनसित बसेकी जोईले मार्‍या था पायापछि सौता हुन आएइलाई नुनचूक लाइगिन काट्नी, ढिगी लगी कुट्नी, जाँता लागिकन पिस्नी, गैरा लगिकन कलाउनी र डाँरा लगिकन ओसाउनी भनेर आप्ना मन्त्रीहरूलाई भन्यापछि त्यस्तैगरी मन्त्रीहरूले उसलाई मारे । ह्वामाट उई जोई, उई पोइ र उई छोरो गरी लिख्या टोग्यानीको सुखसित दिन बितेछ ।

सुन्नेलाई सुनको माला भन्नेलाई फुलको माला यो कथा वैकुण्ठ जाला भन्दारी टुप्लुक्कै आइजाला ।

**स्रोतव्यक्ति :**

**नाम** : हीरा देवकोटा **लिङ्ग** : महिला

**उमेर** : ४० वर्ष **सङ्कलन मिति :** २०६९।९।१

**ठेगाना** : बाफिकोट गा.वि.स., वडा नं. ६, काँडा (रुकुम)

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ**

| | | | | | |
|---|---|---|---|---|---|
| टोग्यानी | - | टुहुरी | भन्यास्तै | - | भनेको जस्तै |
| कोइले | - | कसैले | छराउन पठाइछे | - | फुकाल्न लगाइछे |
| सप्पैले | - | सबैले | छ्वाल्या कोठा | - | सुत्केरी कोठा |
| मोट्टीछे | - | मोटाइछे | जाइन | - | बच्चा |
| त्यईबेला | - | त्यहीबेला | आँङा | - | शरीरका |
| जौंरा | - | जुम्रा | था | - | थाहा |
| अल्ता | - | अलिकति | ह्वामाट | - | त्यसपछि |
| मन्तरेर | - | आफूले चाहेको कुरा गर्ने बनाएर | | | |

## १६. हीरालालको कथा

धेरै वर्ष पहिले एउटा जलारी थियो । उका छोराहरू थिएनन् । उकी एउटी मात्रै छोरी थिई ।

एकदिन जलारी जाल खेल्न जाँदा एउटा सर्पको अण्डा लाग्यो र घरमा ल्याएर छोरीलाई देखाउँदै ह्याँनु बिग्रनी माल छ नचलाई भनेर भन्यो तर छोरीले बावु कतै डुल्न गया मौका पारी त्यलाई हेर्दाखेरी त्यो भइँया खस्यो र फुट्यो । त्याँभित्र लाल रछ । पछि बावु घर आउँदा त्यो लाल देख्यो । यो काँमाट आयो भन्दा छोरीले तिमीले ल्याया अण्डा भित्र रछ । भनी । बावुले त्यसो भया यो लाल भो तो हीरा भै तिमी दुई हीरालाल भयौ भन्यो ।

हीरालालले कामकाज केई पनि नगर्नी खाली डुलिरनी गर्न थालेको देख्दा बावुले काम सिगाउने हिसाबले लाललाई गोठ लग्यो र हीरालाई घरमै राख्यो । उता हीराको शोकले लाल खतम भयो त यता लालका शोकले हीरा खतम भई, यस्तो अवस्था देखेपछि तिनेरूलाई सात बनाइयो ।

एकदिन हीरा र लालले सल्ला गरी त्याँमाट भाग्नी निर्लय गरी बृजावनतर्फ गए । तिनेरूको खाउ खाजा न पिउ पानी केई पनि नभयापछि तिनेरूले साँच्चिकैका हामी हीरालाल हौ भन्यापछि हामीले खानी खाना बन् भनेर प्रार्थना गरे अनि खाना बनेछ र खाइगिन सुते । एक मिठी सुति उठ्नी बेला घर बन्नीगछ । अब हामीलाई जे भन्या त्यई पुग्नी रछ भनी खुशी भए र लालले हीरालाई घरमै छारिगिन दिनभरी शिकार खेल्नी साँज घर आउनी खानीपिनी गर्नी रछन् ।

एकदिन सौं बारे औंसी पऱ्या दिन स्वास्नी गङ्गामा न्वाउन गई र न्वाउँदा उसको एउटा केश बगेर अर्को राज्यमा गछ । त्यस राज्यका राजाले न्वाउँदा उसका पैते औठीमा बेरिएछ र हेर्दा झलल बलेछ र राजाले मनमनै सोचेछ कि केश यस्तोरी बल्छ भन्या मान्छ कस्ती हले भनी गाउँमा प्रचार गरेछ र यो गङ्गामा न्वाउने त्यो आइमाईलाई ल्याउने जसलाई पनि आदा बिर्ता दिने बाचा गरेछ । त्यो कुरा सुनेपछि गाउँकी कुटुनवुरी बड्डीले बिफ्फेदारको डुङ्गा र सफ्फेदारको दाब्ली काटिदिने हो भन्यापछि म ल्याउँछु भनिछ ।

त्यो बूरी बिफ्फेमुखी गएर त्यो केटीलाई पत्ता लाएर भाइर निक्लन भनिछ तर उक्त केटीले मलाइ ता लोग्नेले गाली गर्छन् त्यस्तैले भाइर निक्लदैन भनिछ । बूरी भित्रै गइगिन म ता तो नजर्मिदै पोइल गएकी तेरी फुबू हौं । त्यो सुन्यापछि केटीले बूरीलाई मान-मर्यादा

गरिछ । खानापिना खायापछि बूरीले ज्वाइँको नाम क्या हो भनिगन सोधी तर उले आप्ना लोग्नेको नाउँ था नपाया कुरा गरी । बूरीले कोईले को कि स्वास्नी है ? को कि ब्वारी है ? भनी सोध्यो भन्यापछि क्या उत्तर दिनेई त्यस्तैले साँज जुवाइँ आउनन् त्यइबेला आप्ना बाबाको नाउँ भन्यापछि मात्रै खाना दिनिउ नत्र म खान दिन्न भन्नु अनि बाध्य भइगिन उनले आप्ना बाबाको नाम भन्नेछन् । केटीले मञ्जुरी जनाया पछि बूरी घर गइजान्छु भनिगन त्यई लुगिछे ।

केही समयपछि हीराको लोग्ने लाल आएछ र खुट्टासुट्टा धोछ । भित्र पसिगिन खाना खानी भन्या ता जोईले बाबाको नाउँ भन्नोस् र खानु हला नभनुन्जेलसम्म म ता खानै दिन्न भनिछे लालले मलाइ भोग लाग्या छ खायापछि भन्लो भन्दापनि हीराले कर गर्‍यापछि मेरा आमाबावु गङ्गामा छन् हिर हुइँ जाऔं आफै था पाउले भनेछ ।

दुबैजना गङ्गामा गछन् र गाँठासम्म पानी आउन्जी गछन् र लालले भनेछ अब सन्जेउ हीरा भन्दा हीराले अजै पनि सम्जिनछ । उल्टै नाउँ क्या हो भन भनी करकाप गरिमात्र रहिछे । कम्मरदेखि तलसम्म लाल सर्प भइगो तर पनि हीराले सम्जिन सकिन । अनि हीराको चोलो मागिगन लायो अनि गङ्गामा डुब्नै लाग्दा पनि नसन्ज्यापछि उले बावुको नाउँ कुर्मी नाग आमाको नाउँ सिसी नाग बताइगिन डुबेर बिलाइगो । उता स्वास्नीले चिरबिर चिच्याकल्लो गर्न थाली ।

बूरी ता त्यई थी क्या भो भदा भन्दै कराउँदा हीराले तिम्रा ज्वाइँ बगिग्या भनी तर बूरीले म ज्वाइँलाई अल्लै खोज्छु सुर्ता नमान् भनी र आप्ना ढुङ्गामा चर्न लगाइगिन बाटामा फसाउरा लाउन थाली । बूरीले त्यस्ता ज्वाइँलाई बिर्से । म तोलाई ठूला राजा छोरासित ब्या गर्दिउला भनी तर हीराले म मेरो लाललाई छोरिगन म जान्न भनिगन जति राजाहरू भया पनि गइन बरु त्यई एउटा कुटी हालिगन बसी र एक छाक खाइगिन छ महिना लोग्नेको बरखी गर्न थाली ।

एउटा जोगी आएर हीरालाई सम्झाउँदै भन्यो, “नानी यस्तोरी किन बस्यौ केई दुःख पर्‍यो कि ?”

उसले भनी, “जोगी महाराज, मेरो लाल मरिगो उईका ध्यानमा बरखी बारेर बस्याछु ।”

तर जोगीले लाल नमर्‍या कुरा गर्दै भन्यो तिमीले गाउँमा उब्जेको फलफूलहरू जम्मा गरी नजीकैको पिपलको रूखमनि बस्दा लाल अवस्य आउँछ ।” यस कुराले उको चिन्ता कम भयो । हीराले जोगीले भन्यास्तै गरी । धेरै सर्पहरू आए । पछारि लाल सर्पको

रूपमा आयो र हाइ हीरा भन्यो । त्यईबेला हीराले आप्नु चोलो लाया लाललाई चिन्नेलिछ र अगिको भोको भयाले ती फलफूल खान थाल्यो र लालको बुवा कुर्मी नागले ह्याँ हामीलाई अघाउनी गरी फलफूल खान दिनी को होइ बोल् हामीलाई भारा लाग्यो क्या माग्छेइ माग् भन्यो । त्यईबेला हीराले रूखमाट छिरबिरे चोलो लायालाई माग्छु भन्दारी कुर्मी नागले यलाई मले पैला दिया हौ राख्न सगिनइ अव दिन्न बरू अरूलाई दिन्छु भन्यो तर हीराले नमान्यापछि भारा लाया हुनाले सप्पैको सल्लाले कुर्मी नागले लालको विष चुसिगन मान्छ बनाइ हीरालाई हात लाइदियो । लालले ता खान नदिनीसित जान्न भन्दै थियो तर अरू नागले जबरजस्ती त्यई छोरि फाल्याछन् अनि हीरा र लाल हीराका बुवा जलारीका घर गछन् । उईकै धनसम्पत्ति खाएर सुखसित दिन बिताएछन् ।

सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला भन्दारी तात्तातै आइजाला ।

**स्रोतव्यक्ति :**

**नाम** : दलवीर जैसी **लिङ्ग :** पुरुष

**उमेर** : ५९ वर्ष **सङ्कलन मिति :** २०६९।९।१

**ठेगाना :** बाँफिकोट गा.वि.स., वडा नं. ६, काँडा (रुकुम)

**प्रस्तुत कथामा प्रयुक्त शब्दहरूको अर्थ**

| | | | | | |
|---|---|---|---|---|---|
| ह्याँनु | - | यसमा | आदा | - | आधा |
| भइँया | - | भूइँमा | बड्डी | - | बूढी |
| कटुनवुरी | - | शरीर होचो भएकी | अल्लै | - | छिट्टै |
| निर्लय | - | निर्णय | फसाउरा | - | ढाँटेका कुरा |
| बृजावन | - | बुन्दावन | पछारि | - | पछाडि |
| यस्तोरी | - | यसरी | छोरिफाल्याएछन्- | | छोडेर फाल्याएछन् |

## ४.४ रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाको वर्गीकरण

नेपाली लोककथाहरूको समष्टिगत रूपमा अध्ययन भएको कुरा अगाडि व्याख्या भइसकेको छ । लोकसाहित्यविद्हरूद्वारा लोककथाहरूको सङ्कलन तथा अध्ययन परम्पराको सुरुवात वि.सं. १९९६ देखि प्रारम्भ भयो । यसको श्रेय 'नेपाली दन्त्यकथा' का लेखक

बोधविक्रम अधिकारीलाई जान्छ । 'नेपाली दन्त्यकथा' देखि हालसम्म सङ्कलन र अध्ययन परम्पराले धेरै फट्को मारेको छ । लोककथाको बारेमा अनुसन्धानात्मक कार्यहरू धमाधम चलिरहेका छन् तर पनि यस अध्ययन क्षेत्रमा प्रचलित लोककथाको छुट्टै अध्ययन भएको छैन । यस शोधकार्यमा गरिएको सङ्कलन र अध्ययनलाई दृष्टिगत गरी नेपाली लोककथाको सङ्कलन र वर्गीकरणलाई आधार मानी रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली भाषाको पूर्वेली भेद अन्तरगत खसानी भाषिकाको लोककथाको वर्गीकरण गर्नु सान्दर्भिक मानिन्छ । लोककथाको वर्गीकरण गर्ने प्रक्रिया अत्यन्त जटिल प्रक्रिया हो । यसमा धर्मराज थापा र हंसपुरे सुवेदीको भनाइ यस्तो छ- "हाम्रो देशमा प्रचलित लोककथाहरू पनि जतासुकै एकै प्रकारका र एकैनासका पाइँदैनन् । यिनमा कतिको स्थिति हराउने र उम्रने खालको पनि हुनसक्छ । यी कति अनुकृत र प्रभावित पनि पाइन्छन् । यसैले लोककथाप्रतिको वर्गीकरण पूर्णतः वैज्ञानिक र ठीक किसिमको हुन्छ नै भन्नु राम्रो कुरा हुन सकदैन ।"[१] तुलसी दिवसले आफ्ना सङ्कलनमा परेका १० लोककथालाई वर्ण्य विषय, विषयवस्तु, उपयोग दृष्टि, अभिप्राय, पात्र, वातावरण, लिङ्ग, मानव-मानवेत्तर प्रधानता, संरचना, घटनाप्रकार र प्रभाव मूल्य गरी जम्मा ११ आधार मानी नेपाली लोककथाको वर्गीकरण गरेका छन् ।[२]

यहाँ अहिलेसम्म नेपाली लोककथाको अध्ययन र यस अध्ययन क्षेत्रमा प्राप्त लोककथालाई हेरेर यहाँका लोककथालाई विषयवस्तु, विशेषता र उद्देश्यका आधारमा आठ भागमा वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

(क) सांस्कृतिक-ऐतिहासिक लोककथा

(ख) सामाजिक लोककथा

(ग) पशुपन्छीसम्बन्धी लोककथा

(घ) अतिमानवीय लोककथा

(ङ) फलफूलसम्बन्धी लोककथा

(च) उपदेशात्मक लोककथा

(छ) वैज्ञानिक आभाषयुक्त लोककथा

(ज) विविध लोककथा

---

१ धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौँ : पा.वि.के.त्रि.वि., २०४१), पृ. ३३८ ।

२ चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाडौँ : एकता बुक्स, २०५८), पृ. २९७ ।

### ४.४.१ सांस्कृतिक-ऐतिहासिक लोककथा

सांस्कृतिक एवम् ऐतिहासिक व्यक्ति, स्थान तथा घटनाको विवरण, चाडपर्व, उत्सव आदिको उत्पत्ति र प्रचलन हुनाको कारण र विभिन्न देवीदेवताका मन्दिर निर्माणको प्रसङ्गसँग सम्बन्धित नेपाली लोकजीवनमा प्रचलित किंवदन्ती, जनश्रुति, आख्यायिका तथा अवदानहरू सांस्कृतिक-ऐतिहासिक कथावर्गअन्तर्गत समाविष्ट हुन्छन् ।[३]

नेपाल कलासंस्कृतिले भरिपूर्ण राष्ट्र हो । हाम्रा कलात्मक कथा सांस्कृतिक वस्तुहरूले आफ्नै लोकविश्वास, जनश्रुति तथा किंवदन्तीहरू बोकेका यस्ता लोककथाहरूलाई सांस्कृतिक-ऐतिहासिक वर्गमा राख्नु सान्दर्भिक हुनआउँछ । इतिहासमा प्रसिद्ध रहेका महापुरुष, राजा-महाराजा र काजीहरू तथा मठमन्दिर, देवीदेवता, जात्रा आदिसँग सम्बन्धित कथाहरू सांस्कृतिक तथा ऐतिहासिक लोककथाहरू हुन् । यस्ता प्रकारका लोककथाहरूको माध्यमबाट बूढाबूढी तथा अभिभावकहरूले कथामा उल्लेखित राजा-महाराजा देवीदेवताको दृष्टान्त दिएर त्यस्तै साहसी, बहादुरी, धीर तथा निस्वार्थी हुनुपर्छ भन्ने नीति शिक्षा दिन्छन् । यस्ता लोककथाहरूले पाठक/श्रोताहरूलाई मनोरञ्जन प्रदान गरिरहेका हुन्छन् । हुनत इतिहास सँधै एकै रूपमा वस्तुनिष्ठ हुनेगर्दछ तर कालक्रमअनुसार मौखिक रूपमा प्रचलित हुँदै जाँदा ऐतिहासिक कथाहरू पनि परिवर्तन भइराखेका हुन्छन् । यस्ता कथाहरूमा रुकुम जिल्लामा प्रचलित नेपाली लोककथा घुरु जैसीको कथा (कथा नं.३ ) रहेका छन् ।

### ४.४.२ सामाजिक लोककथा

मानिस सामाजिक प्राणी हो । समाज विना उसले जीवनको अस्तित्व कायम गर्न सक्दैन । सामाजिक लोककथाहरूमा समाजका रीतिरिवाज, चालचलन, रहनसहन, भेषभूषा आदि कुराहरू देख्न सकिन्छ । सामाजिक लोककथामा प्रयुक्त हुनसक्ने वर्ण्य विषयहरू बहुविवाहको समस्या, सौताने व्यवहार, सासूको अत्याचार, लोग्ने स्वास्नीको मनमुटाव, अभिजात वर्गका मानिसले निम्न वर्गका मानिसलाई गर्ने दुर्व्यवहार, राजाको हुकुमी शासन आदि रहेको पाइन्छ ।

यस अध्ययन क्षेत्रमा प्रचलित लोककथामध्ये निम्नलिखित लोककथाहरू सामाजिक लोककथाअन्तर्गत पर्दछन् । छट्टुलालको कथा (कथा नं. ६), लिखे टोग्यानीको कथा (कथा नं. १५) आदिलाई यस वर्गमा राख्न सकिन्छ ।

---

३ तुलसी दिवस, **नेपाली लोककथा**, (काठमाडौं : ने.रा.प्र.प्र., २०३२), पृ. ३० ।

### ४.४.३ पशुपन्छीसम्बन्धी लोककथा

पशुपन्छीसम्बन्धी लोककथामा धेरैजसो पशु (जनावर) र पन्छी (चराचुरुङ्गी) नै मुख्य पात्रका रूपमा आएका हुन्छन् । यस्ता कथाहरूमा प्रयोग हुने पशुपन्छी पात्रहरूले मानवीय भाषा बोलेर मानवीय व्यवहार एक अर्कामा देखाएका हुन्छन् । यस्ता लोककथाहरू अर्ती उपदेश दिने र नदिने गरी दुई भागमा बाँडन सकिन्छ । अर्ती उपदेश दिने मुख्य उद्देश्य लिई पशुपन्छीको मुख्य भूमिका देखाइने लोककथालाई अर्तीउपदेशमूलक पशुपन्छीसम्बन्धी लोककथा भनिन्छ । पशुपन्छीसम्बन्धी लोककथामा पशुपन्छीहरू छुट्टै कार्यव्यापार गर्न पनि सक्छन् यात मानिससँग सहकर्मी भई कार्य व्यापार गरिरहेका पनि हुनसक्छन् । यस्ता कथाका पात्रहरूमा कुकुर, बिरालो, स्याल, भालु, बाघ, भँगेरो, ढुकुर, काग, खरायो, बाँदर, सर्प, हात्ती, गाई, गोरु, भैंसी, हाँस आदि रहेको पाइन्छ । यस्ता पात्रहरू लोककथामा मुख्य वा सहायक पात्रको रूपमा देखापर्छन् । यिनीहरू एकापसमा शत्रुता र मित्रता, छलकपटको व्यवहार प्रस्तुत गर्दछन् । यस्ता मानवेत्तर प्राणीहरूले पनि भूत र भविष्यको बारेमा आँकलन गर्न सक्छन् ।

अलमलमा परेको मानिसलाई निश्चित बाटो देखाइदिने काम गरेका छन् । यस शोधकार्यका लागि सीमाङ्कन गरिएको क्षेत्रका लोककथाहरूमा पशुपन्छीसम्बन्धी लोककथाहरू प्रमुख पात्र पशुपन्छी भएर आउने र सहायक वा गौण पात्रको रूपमा पशुपन्छी भएर आउने गरी दुवै खाले रहेका छन् । जसमा काग कति बाठो (कथा नं. १), छट्टु स्याल र भालुको कथा (कथा नं. ७) प्रमुख पात्र पशुपन्छीहरू भएर देखापरेका लोककथा हुन् भने सहायक वा गौण पात्र पशुपन्छीहरू भएर देखापरेका लोककथाहरूमा पापी राजाको कथा ( कथा नं. ११) लाई लिन सकिन्छ ।

### ४.४.४ अतिमानवीय लोककथा

भूतप्रेत, तर्साउने, राक्षस, परी, अप्सरा, दानव र बोक्सी आदि अमानवीय जीव वा शक्तिहरू मुख्य पात्र भएर आउने लोककथाको वर्गलाई अतिमानवीय लोककथा भन्ने गरिन्छ । मानवभन्दा छुट्टै रूख विरुवा अथवा भूतप्रेत, पिशाच आदि मानवेत्तर पात्रहरू सक्रिय भएर कथावस्तुको निर्माण हुने लोककथाहरू अतिमानवीय लोककथाहरू हुन् । यस्ता लोककथाहरू विशेष गरेर मनोरञ्जनका लागि भनिन्छन् । पृथ्वीमा घट्न सक्ने सम्भाव्य घटनाहरूभन्दा टाढा रही अलौकिक जगतको कल्पना गरिएका लोककथाहरू यस वर्गमा

पर्दछन् । यी कथाहरूमा भूतप्रेत, दानवहरू, आतङ्कारी, भयावह, डरलाग्दा तथा नरभक्षी स्वभावका हुन्छन् । बोक्सी तथा जादूहरू टुनामुना, जादू, तन्त्रमन्त्र गर्ने खालका हुन्छन् भने परी र अप्सराहरू उड्न सक्ने, गाह्रो काम सजिलै गर्न सक्ने, रूप परिवर्तन गर्ने खालका देखा परेका छन् । यस वर्गमा पर्ने लोककथाहरूलाई यहाँ प्रस्तुत गरिन्छ :

काग कति बाठो (कथा नं. १), घुरु जैसीको कथा (कथा नं. ३), चलाख आइमाईको कथा (कथा नं. ४), चलाख मान्छेको कथा (कथा नं. ५), छट्टु स्याल र भालुको कथा (कथा नं. ७), दूरवीनवालाको कथा (कथा नं. १०),बुद्धिभन्दा ठूलो केही छैन (कथा नं. १२), बोल्ने कद्दुको कथा (कथा नं. १३), लिख्या टोग्यानीको कथा (कथा नं. १५), हीरालालको कथा (कथा नं. १६) लाई यस वर्गमा राख्न सकिन्छ ।

### ४.४.५ फलफूलसम्बन्धी लोककथा

नेपाली लोककथामा फलफूलमा, रूख विरुवा, झारपात तथा बोट विरुवा पात्रको रूपमा प्रस्तुत भएर मानवीय भाषा बोलिरहेका हुन्छन् । लोककथाका अध्येता तुलसी दिवसका अनुसार कथाको उत्पत्तिलाई ध्यान दिँदा फलफूलका कथा पशुपन्छीका कथाभन्दा प्राचीन लाग्दछन् ।[४]

यस शोधकार्यमा सीमाङ्कन गरिएका क्षेत्र लोककथाहरू केही सङ्ख्यामा फलफूलसम्बन्धी पनि रहेका छन् । बोटविरुवा, फलफूल र रूखहरूले आफू-आफू बिहावारी गर्ने, सरसहयोग गर्ने र वाजावाज गर्ने गर्दछन् भने मानिसलाई समस्या परेको समयमा सहयोग गर्ने, दुःखी दरिद्रको भाग्यको रेखा कोरिदिने, अन्याय अत्याचारको विरुद्धमा मानिसलाई प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने फलफूलले मान्छेसँग विवाह गर्ने आदि क्रियाकलाप गरेर लोककथामा विशेष भूमिका खेलिरहेका हुन्छन् । जस्तै : पापी राजाको कथा (कथा नं. ११), बोल्ने कद्दुको कथा ( कथा नं. १३), लिख्या टोग्यानीको कथा (कथा नं. १५) ।

### ४.४.६ उपदेशात्मक लोककथा

लोककथाको मुख्य उद्देश्य मनोरञ्जन प्रदान गर्ने हो भने गौण उद्देश्य नीति शिक्षा दिने हो । घरका बूढापाका, अभिभावक तथा गुरुहरूले आफ्ना लोककथाका माध्यमले थुप्रै बालबालिकाहरूलाई अर्ती उपदेश दिएर सँधै सत्मार्गतिर लाग्न निर्देशन दिइरहेका छन् । यस

---

४ ऐजन्, पृ. ३२ ।

सम्बन्धमा तुलसी दिवसको भनाइ यस्तो छ- “सभ्यताका प्रारम्भिक चरणहरूमा र आजपर्यन्त पनि गाउँघरमा लोककथा जनसाधारणको शिक्षण तथा प्रशिक्षणको प्रभावकारी माध्यम रहिआएको छ ।”[५] यस्ता लोककथाहरूमा सत्य, न्याय, परोपकार, त्याग, सन्तोष जस्ता भाव तथा मूल्यहरूलाई महत्त्व दिइएको हुन्छ । कथावाचक श्रोतालाई एक आदर्श व्यक्ति बनाउन चाहन्छ । लोककथामा मानवमात्र पात्र नभएर मानवेत्तर (सजीव तथा निर्जीव) पात्र पनि आएको हुन्छ । ‘वीरसिक्का’ यसको प्रभावकारी उदाहरण हो ।

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित लोककथाहरूमा पनि घनिभूत रूपमा अर्ती उपदेशको झल्को देख्न सकिन्छ । यस्ता लोककथाहरूमा बुहारीलाई असल व्यवहार सिकाउन, सँधै सत्य बोल्न आफ्नो खुट्टामा आफै उभिन सक्नुपर्छ, बुद्धिले जुनसुकै गाह्रो काम पनि सजिलै गर्न सकिन्छ, कसैलाई दुर्व्यवहार गरेमा त्यसको पाप आफै भोग्नुपर्छ, सँधै सत्यको विजय हुन्छ, निर्धो टुहुरो पनि राम्रो वातावरण पाएमा ठूलो मान्छे बन्न सक्छ र घमण्डले कहिल्यै फाइदा गर्दैन भन्ने जस्ता अर्ती उपदेशहरू पाउन सकिन्छ यस्ता लोककथाहरू निम्नअनुसार रहेका छन् :

काग कति बाठो (कथा नं. १), कुर्मी नेवारको कथा (कथा नं. २),घुरु जैसीको कथा ( कथा नं. ३), चलाख मान्छेको कथा (कथा नं. ५), छट्टुलालको कथा (कथा नं. ६), दुई सौताको कथा (कथा नं. ९), दूरवीनवालाको कथा (कथा नं. १०),पापी राजाको कथा (कथा नं. ११), बुद्धिभन्दा ठूलो केही छैन (कथा नं. १२), बोल्ने कद्दुको कथा (कथा नं. १३), लिखे टोग्याको कथा (कथा नं. १४), र हीरालालको कथा (कथा नं. १६) ।

### ४.४.७ वैज्ञानिक आभाषयुक्त लोककथा

विज्ञानको चमत्कारसँग सम्बन्ध राख्ने सामानको प्रयोग भएका लोककथालाई वैज्ञानिक आभाषयुक्त लोककथा भनिन्छ । यस्ता लोककथाहरू सामाजिक र अर्ती उपदेशसम्बन्धी लोककथाहरूभन्दा पछाडि प्रचलनमा आएको पाइन्छ । यस्ता प्रकारका लोककथाहरूमा विज्ञान प्रविधिको विकासले मानवीय जनजीवनमा अनौठो परिवर्तन ल्याएको कुरा प्रष्ट पारिएको हुन्छ । रुकुम जिल्लाको खसानी लोककथाहरूले सङ्कलनमा यस वर्गका लोककथा सङ्कलन गरिएका छन् । यस वर्गमा पर्न सक्ने लोककथामा दूरवीनवालाको कथा (

[५] ऐजन् ।

कथा नं. १०) मुख्य रहेको छ । यस लोककथामा दूरवीन जस्तो वैज्ञानिक उपकरणको प्रयोगले गर्दा आफ्नो अभिष्ट पूरा गरिएको छ ।

### ४.४.८ विविध लोककथा

कथाको स्वरूप, कथावस्तु, पात्र र उद्देश्यअनुरूप माथिका वर्गमा नपरेका लोककथाहरूलाई विविध लोककथामा गणना गर्न सकिन्छ । उपर्युक्त वर्गीकरणभित्र नपरेका विभिन्न जातिका धर्म, संस्कृति, चालचलनअनुसारका कथाहरूलाई यस वर्गभित्र राख्न सकिन्छ किनभने कतिपय लोककथाहरू बालबालिकाहरूलाई रोमाञ्चित गराउने खालका हुन्छन् ।

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित लोककथाहरूमा केही लोककथाहरूलाई यस वर्गमा राख्न सकिन्छ । जस्तै : छट्टुलालको कथा (कथा नं. ६) लाई यस वर्गमा राख्न सकिन्छ ।

### ४.४.९ निष्कर्ष

लोककथा वर्गीकरण कार्य अत्यन्तै गाह्रो हो । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित लोककथाहरूलाई सांस्कृतिक-ऐतिहासिक, सामाजिक, पशुपन्छीसम्बन्धी, अतिमानवीय, फलफूलसम्बन्धी, उपदेशात्मक, वैज्ञानिक आभाष युक्त र विविध गरी जम्मा आठ भागमा वर्गीकरण गरिएको छ । यहाँ प्रचलित लोककथाहरूमा उपदेशात्मक लोककथा सबभन्दा बढी रहेका छन् । पशुपन्छीसम्बन्धी, अतिमानवीय, सांस्कृतिक-ऐतिहासिक र फलफूलसम्बन्धी लोककथाहरूको सङ्ख्या उपदेशात्मक लोककथाको तुलनामा कमै रहेका छन् भने वैज्ञानिक आभाषयुक्त लोककथाको वर्गमा एउटा मात्र लोककथा रहेको छ ।

यी लोककथाहरूले विभिन्न वर्गको पक्षपोषण गरी रुकुमेली जनजीवन, संस्कृति, चालचलन र भेषभूषालाई उजागर गरेका छन् ।

## ४.५ रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथा र तिनीहरुको विश्लेषण

लोककथा लोकसाहित्यको पुस्तौं पुस्तादेखि मौखिक रूपमा बाँच्दै आएको काल्पनिक घटनाप्रधान लोक मनोरञ्जनात्मक विधा हो । यसको इतिहास मानवजातिको इतिहाससँग

जोडिएको छ । यसमा मानवीयका साथै मानवेत्तर जड, चेतन सबैलाई मानवीकरण गरी प्रस्तुत गरिन्छ । यो बालकदेखि वृद्धसम्म सबैलाई उत्तिकै रूपमा मनोरञ्जन दिने आख्यानमूलक विधा हो । लोककथा मानव सभ्यतादेखि नै उत्पन्न भएको मानव धर्म, संस्कृति, विचार, स्वभाव, संस्कार, रीतिरिवाजको जीवन्त सत्य घटनाहरूको मौखिक वर्णन हो किनभने यसले आदिम मानव स्वभावको प्रस्तुति वर्तमान मानव स्वभावमा हस्तान्तरण गर्दै आएको छ । नेपाली जनमानसको गला-गलामा रसाउँदै र रङ्गिँदै आएको लोककथा कथोपकथनका माध्यमबाट अगाडि बढ्ने गर्दछ । यसमा कथयिताले कल्पनाशक्ति र वाक् चातुर्यलाई प्रदर्शित गर्दछ भने अर्कोतिर श्रोताले अपूर्व आनन्द लिइरहेको हुन्छ । यसप्रकारको आनन्द प्रदान गर्ने कारकका रूपमा लोककथाभित्र संयोजित विभिन्न तत्त्वहरू देखापर्दछन् तर यी तत्त्वहरूका बारेमा कथयिता र श्रोतालाई कुनै ज्ञान हुँदैन । लोककथाहरू असचेत अवस्थामा रचिएको भए तापनि यिनभित्र लोककथाको आवश्यक तत्त्वहरूको संयोजन गरिएको हुन्छ । कथावस्तु, पात्र, कथोपकथन चरित्र-चित्रण, वातावरण, शैली र उद्देश्यलाई लोककथाको तत्त्व मानिन्छ । कतै लोकमानस, कथारूप, पात्र, अभिप्राय, सामान्य घटना, संघटना, कथामानस, उपयोग दृष्टि, अलङ्करण, वातावरणलाई लोककथाका तत्त्व भनी चिनिन्छ ।

प्रस्तुत अध्ययनमा सङ्कलन गरिएका लोककथाहरू पनि लोककथाका आधारभूत तत्त्वहरूले सङ्गठित छन् । यी लोककथाहरूलाई लोककथाको तत्त्वहरूको आधारमा विश्लेषण मूल्याङ्कन गर्न सकिन्छ । लोककथामा विषयवस्तु, पात्र/चरित्र, सङ्गठन, अभिप्राय र उद्देश्य जस्ता तत्त्वहरू रहेका हुन्छन् । यहाँ प्रस्तुत गरिएका लोककथालाई अभिप्राय र सङ्गठनलाई कथानकमा राखी अन्य तत्त्वहरू पनि समेटिने गरी रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूलाई कथानक, पात्र, परिवेश, उद्देश्य, भाषा, शैली जस्ता तत्त्वगत रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ४.५.१ कथानक तथा पात्र

लोककथाको प्रमुख तत्व कथानक हो । लोककथा आख्यानयुक्त विधा भएकोले कथावस्तुविना लोककथा बन्न सक्दैन । सिङ्गो विश्वब्रम्हाण्डका कुनै पनि सन्दर्भ लोककथाका कथावस्तु वा विषय हुन सक्छन् । यति मात्र नभएर अलौकिक, काल्पनिक आदि सन्दर्भलाई समेत विषयका रुपमा समावेश गरी कथोपकथन गर्ने गरेको पाइन्छ । लोककथामा सम्भाव्य

भन्दा असम्भव विषयले स्थान पाएको हुन्छ । लोककथाको दोस्रो महत्त्वपूर्ण तत्त्व पात्र वा चरित्र हो । लोककथामा आउने कथावस्तु पात्र र तिनका कार्यव्यापारबाट अगाडि बढ्ने भएकाले जति मात्रामा कथाको स्थूलता र व्यापकता छ त्यति नै पात्रहरू आउन सक्छन् र लोककथा कल्पनाप्रधान मौलिक विधा भएकाले यसमा प्रयुक्त पात्रहरू जीवनका यथार्थ धरातलबाट टिपिएका नभएर काल्पनिक संसारबाट छानिएका हुन्छन् । रुकुम जिल्लामा प्रचलित खसानी क्षेत्रबाट सङ्कलन गरिएका लोककथाहरूका पात्रहरूले विभिन्न स्वभाव, प्रवृत्ति र विशेषताहरू बोकेका छन् । त्यहाँको सामाजिक, सांस्कृतिक तथा ऐतिहासिक जनजीवनको चित्रण गर्ने कार्य गरेका छन् । यहाँ प्रत्येक कथामा अन्तर्निहित पात्रहरूको चारित्रिक विविधतालाई केलाउन खोजिएको छ ।

**कथा नं. १ 'काग कति बाठो ?'**

प्रस्तुत लोककथामा मानवेत्तर पात्र कागको व्यवहारको चित्रण गरिएको छ । यस कथामा घुस खाएर निसाफ गर्ने घुस्याहा राजालाई वेइज्जत गरेर कागले पुनः आफ्नो मित्र हाँससँग मित्रता अझ प्रगाढ बनाएको छ । यो कथा पूर्णतः काल्पनिक छ । अर्काको कुभलो चिताउने मानिसलाई कहिल्यै भलो हुँदैन भन्ने आशय यस कथाको घटनाहरूको शृङ्खलाले पुष्टि गर्दछ । प्रस्तुत कथामा काग र हाँसको बीचमा आपसी चिनजान हुनु प्रारम्भ हो । कागले हाँसका अण्डा फेर्नु र राजाले कागको पक्षमा फैसला गर्नु विकासात्मक अवस्था हो भने कागले राजालाई दिसामा रहेका किरासँग तुलना गर्नु र हाँससँग सम्बन्ध झन सुदृढ पार्नु उपसंहार हो । यस कथामा राजाले घुस खानु, कागले हाँसका अण्डा फेर्नु अभिप्रायका रूपमा आएका छन् ।

प्रस्तुत लोककथाको मुख्य पात्र काग हो । उसले आफ्नो चतुरताले घुस खाने राजाको सेखी झारेको छ । यस कथाको सम्पूर्ण कथावस्तु यसै मानवेत्तर पात्रको क्रियाकलापमा केन्द्रित छ । अन्य सहायक पात्रहरूमा हाँस र राजा हुन् भने गौण पात्रहरू किराहरू र चल्लाहरू रहेका छन् ।

**कथा नं. २ 'कुर्मी नेवारको कथा'**

प्रस्तुत लोककथा रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित सामाजिक लोककथा हो । यस कथामा हरेक बुहारीलाई बुहार्तनको शिक्षा दिने आशय पाइन्छ । कुर्मी नेवारले आफूले चाहेको जस्तो काम गर्न सक्ने बुहारी बिहे गर्नका लागि धेरै धन खर्च गरेको

छ । बुहारीको चलाखीले गर्दा कुर्मी नेवारका बाबुछोरा राजाद्वारा हात काटिनबाट बचेका छन् ।

प्रस्तुत लोककथामा कुर्मी नेवारले छानी-छानी लच्छिनकी बुहारी विहे गरेर चार ढाल रूपैयाँ सिध्याउनु प्रारम्भ हो भने बुहारीको सल्लाहबमोजिम पाल्पा राज्यमा गई दरबार बनाउनु, राजाले कुर्मी नेवारका बावुछोराका हात काट्ने सोचाइ लिनु विकासावस्था हो । कुर्मी नेवारका बावुछोरा धेरै पैसा ल्याएर घरमा फर्कनु उपसंहार भाग हो । यो कथा अर्ती उपदेश दिन सफल छ । छोराले उकालो काँधमाथि हाल्नु, लोग्ने ससुरामाथि राजाले गरेको दुर्नियत बुहारीले बुझेर जोगाउनु जस्ता अभिप्रायहरू रहेका छन् ।

प्रस्तुत लोककथाको प्रमुख पात्र डकर्मी नेवार हो भने नारी प्रमुख पात्र बुहारी हो । डकर्मी नेवार र बुहारीको बुद्धि र क्षमताले उनको घर धनसम्पत्तिले भरिपूर्ण भएको छ । यस कथाका सहयोगी पात्रहरू छोरो, राजा, राजाको छोरो, काजीको छोरो, स्वास्नी मान्छे र छोराकी अन्य स्वास्नीहरू हुन् ।

**कथा नं. ३ 'घुरु जैसीको कथा'**

रुकुम जिल्लाको बाँफिकोट, दूली, मग्मा, झूला,गोतामकोट जस्ता गा.वि.स. हरूमा प्रचलित प्रस्तुत लोककथा ऐतिहासिक-सांस्कृतिक लोककथा हो । अन्याय र अत्याचारको विरुद्धमा ज्यानको पर्वाह पनि नगरी लड्ने सन्देश यस लोककथाको रहेको छ । प्रस्तुत लोककथामा घुरु जैसी साथीहरूसँग बल्लामपुर हाट गएर फर्कदा गाँराघाट कुशेतरामा आएर खाना खानु प्रारम्भ हो भने तिल्चाङ मगरले पित्तलका सुइरा लुकाइदिनु विकास अवस्था हो । मृत घुरु जैसीले दैविक रूप लिएर तिल्चाङको शाखा सन्तान मास्नु उपसंहार हो । प्रस्तुत लोककथामा घुरु जैसीले मृत्युपछि दैविक रूप लिनु नै अभिप्राय हो ।

उल्लेखित लोककथाको प्रमुख पात्र घुरु जैसी हुन् । उनले आफ्नो पित्तलको सुइरो नपाएपछि विष खाई मरेका छन् र पछि दैविक रूप लिएर आफूलाई जिस्क्याउने तिल्चाङ पुनको साखा सन्तान नाश गर्न पछि परेका छैनन् । यस लोककथाको खलनायक तिल्चाङ हो भने अन्य सहायक पात्रहरू रामा जैसी (भिनाजु), दिदी, सर्किनी, आइमाई र रामा जैसीका सन्तानहरू हुन् ।

**कथा नं. ४ 'चलाख आइमाईको कथा'**

प्रस्तुत लोककथाले मानवेतर पात्र भूतको चर्चा गरेर पूर्ण रूपमा मनोरञ्जनात्मक दिएको छ । कान्छो छोरो र एकमात्र छोरी घाँस ल्याउन जानु प्रारम्भ हो भने घाँस दिए बापत छोरी विवाह गर्नुबाट  विकासावस्था सुरु हुन्छ । बड्डीको जुक्तिले स्वास्नी छोडेर कहिल्यै नआउने गरी भूत भाग्नु उपसंहार हो । बलले नभई जुक्तिले काम गर्दा आफू भन्दा बलियोलाई पनि जित्न सकिन्छ भन्ने यस कथाको आशय पाइन्छ । कुनै समयमा मानिस र भूतबीच पनि सम्बन्ध थियो भन्ने कुरा यस कथाले देखाएको  छ ।

प्रस्तुत लोककथाको मुख्य पात्र बूढी हो । उसले कान्छो छोराले भूतसँग विवाह गराइदिएकी छोरीलाई आफ्नो चलाखीले भूतबाट फुत्क्याएकी छ । यसले नै कथालाई उपसंहारमा पुऱ्याएकी छ । यसका अन्य सहयोगी पात्रहरूमा छोरी, कान्छो छोरो र भूत रहेका छन् । यिनीहरूले मुख्य पात्रको क्रियाकलापमा सहयोग पुऱ्याएका छन् ।

**कथा नं. ५ 'चलाख मान्छेको कथा'**

प्रस्तुत लोककथा पूर्ण रूपमा मनोरञ्जनात्मक छ । भाग्य वा कर्मवादी भावनाको प्रत्यक्ष प्रभाव परेको यो कथा काल्पनिक कथा हो । यसमा घरको कान्छो छोराले बावुको अंश नलिएर सानो बाबियाको मूठोमात्र लिनु प्रारम्भ हो भने केटाले बाबियाको दाम्लो बनाएर कसैका बाखालाई झुन्ड्याइदिनुबाट विकासावस्था सुरु हुन्छ । ठूला-ठूला अपराध गरेको केटाले राजाबाट दण्ड पाउनुको सट्टा उजुरीवालाले कोर्रा लगाई माग्नु उपसंहार हो । भाग्य वा कर्म राम्रो छ भने बावुको अंश नलिएरै पनि धनी बन्न सकिन्छ भन्ने यस कथाको आशय हो । यस कथामा केटाले बाहुनसँग बाख्रो बेच्नु, बाहुनकी बुहारी बिक्री हुनु, केटाले भालु खेलाउनु, राजाको घोडा केटाले दौडाउनु, कसैको घरमा केटाले दिसा गरेर भाग्नु जस्ता अभिप्रायहरू देखापरेका छन् ।

प्रस्तुत लोककथाको प्रमुख पात्र कान्छो छोरो हो । उसले केवल बाबियाको मुठो अंश लिएर पछि आफ्नो चतुरताले धेरै सम्पत्तिको मालिक भएको छ । सबैजसोलाई आफ्नो छलकपटको पासोमा पारेको छ । यस कथाका अन्य सहायक पात्रहरूमा बाहुन, बाहुनकी बुहारी, मान्छे, किसान, राजा, किसानकी स्वास्नी र बूढो रहेका छन् ।

**कथा नं. ६ 'छट्टुलालको कथा'**

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित प्रस्तुत लोककथा सामाजिक कथावस्तुमा आधारित छ । 'लोग्ने-स्वास्नीको झगडा परालको आगो' भन्ने उखान यस कथामा चरितार्थ भएको छ । छट्टुलालका लोग्ने-स्वास्नी मिलिजुली बस्नु प्रस्तुत कथाको प्रारम्भ हो । लोग्नेले माइत जाने विचार राख्दा दुई लोग्ने स्वास्नीको झगडा हुनु विकासावस्था हो भने लोग्नेले पुनः विचार गरी घरमा गएर स्वास्नीसँग खाना माग्दै गीत भन्नु र मिलन हुनु उपसंहार हो । झगडापश्चात् स्वास्नी भाग्नुको सट्टा लोग्ने भाग्नु नै प्रस्तुत कथाको अभिप्राय हो । लोग्ने-स्वास्नीको झगडा हुनु सामान्य कुरा हो त्यसैले यिनीहरूको मिलन हुनु अनिवार्य छ भन्ने आशय यस कथाको रहेको छ ।

प्रस्तुत लोककथाको प्रमुख पात्र छट्टुलाल हो । उसले स्वास्नीसँग झगडा गरेर पनि पछि आफै मेलमिलापको वातावरण सृजना गरी कथालाई संयोगान्त बनाउन सहयोग पुऱ्याएको छ । यसको प्रमुख नारी पात्र छट्टुलालकी स्वास्नी हो । अन्य गौण पात्रहरू छट्टुलालका साथीभाइहरू हुन् ।

**कथा नं. ७ 'छट्टु स्याल र भालुको कथा'**

प्रस्तुत लोककथा रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित एउटा पशुपन्छीसम्बन्धी लोककथा हो । यस लोककथामा चत्तुर स्यालले सोझो भालुको परिश्रम खानुको साथै भालुलाई समेत मारेर मासु खाने योजना बनाएको मनोरञ्जनात्मक कथावस्तु यसमा संयोजन गरिएको छ । स्यालले भालुसँग मितेरी लगाई सँगै कुटी बनाएर बस्नु प्रस्तुत कथाको प्रारम्भ भाग हो । स्यालले गाईलाई भीरमा खसालिदिएपछि यो कथा विकासावस्थामा पुगेको छ भने स्याल भालुका छेरले बगेपछाडिको अवस्था उपसंहार हो । चलाख पशुपन्छीहरूले जुनसुकै परिस्थितिमा पनि ज्यान जोगाउन सक्छ भन्ने आशय यस कथाको रहेको छ । स्याल र भालुले गाई पाल्नु, भालुको भूँडी फुट्नु, स्याल भालुको छेरमा बगनु जस्ता अभिप्रायहरू रहेका छन् ।

प्रस्तुत लोककथाको मुख्य पात्र स्याल हो । उसले आफ्नो चतुऱ्याइँले सोझो भालुको पसिना चुस्न सफल भएको छ । यस कथाको सहयोगी पात्र भालु हो । उसको जीवनमा चतुर स्यालले खेलवाड गरिरहेको छ । अन्य गौण पात्र गाउँले र ग्वालाहरू हुन् ।

**कथा नं. ८ 'दिदी र भाइको कथा'**

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित प्रस्तुत लोककथा एउटा चर्चित लोककथा मानिन्छ । भैंसी र मानिसबीचको मानवीय सम्बन्ध देखाइएको यो लोककथा अतिमानवीय वर्गको लोककथा हो । यसमा दिदी र भाइले भैंसी पालेर बस्नु प्रारम्भ हो भने दिदीको बिहे अर्कै केटासँग भएपछि भाइले कुखुराको सहयोगले दिदी पत्ता लगाउनुसम्मको घटना विकासावस्था हो । दिदी र भाइ फर्केर घरमा आएपछि दिदी न्याउली र भाइ न्याउलो भएसम्मको घटना उपसंहार हो । पशुपन्छीहरूले पनि मानवीय भूमिका खेलेर मानिसलाई सहयोग गर्न सक्छन् । कुनै समयमा मानिस र पशुबीच एकाकार सम्बन्ध थियो भन्ने आशय यस कथाको रहेको छ । प्रस्तुत कथामा भैंसीले सासले नाकको प्वाँलबाट मान्छे शरीरभित्र लिनु, कुखुराले हराएकी दिदी पत्ता लगाउनु जस्ता अभिप्रायहरू आएका छन् ।

प्रस्तुत लोककथाको प्रमुख पात्रहरू दिदी र भाइ हुन् । उनीहरू कथामा सक्रिय रूपमा देखापरेर भैंसीहरू पाली पछि न्याउलो र न्याउलीमा परिणत भएका छन् । अन्य सहायक पात्रहरूमा भैंसीहरू, छोट्टे (केटो) र भाले रहेका छन् यिनीहरूले नै मूल कथावस्तुलाई अगाडि बढाएका छन् ।

**कथा नं. ९ 'दुई सौताको कथा'**

प्रस्तुत लोककथा रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोकप्रिय सामाजिक लोककथा हो । समाजमा गरिने व्यवहारलाई उजागर गर्ने यस कथाको आशय हो । यस कथामा सौताका छोरालाई दुर्व्यवहार गरेर पालेकी खराव आइमाईको अभिष्ट पूरा हुनुको सट्टा उसको छोरा कमजोर हुन्छ भने सौताको छोरा बलवान्, बुद्धिमानी हुनजान्छ ।

प्रस्तुत कथामा सौताको सल्लाहविपरित कान्छी सौताले अर्को सौताको छोरालाई दुर्व्यवहार गर्नु प्रारम्भ हो भने दाजुभाइले काम फेर्दा भाइ राजाको दरबारमा थुनिनु र घरकोटीको घरमा उलवादको सिलोक हाल्न नसकेर घिउखीर खानबाट बञ्चित हुनु विकासावस्था हो । दाइले घरकोटीका घरमा गई उलवादको सिलोक हाली भाइलाई छुटाएर ल्याउनु उपसंहार हो । प्रस्तुत लोककथामा सौताने दुर्व्यवहार नै मुख्य अभिप्रायको रूपमा आएको छ ।

प्रस्तुत लोककथाको प्रमुख पात्र दाजु हो । ऊ कान्छी आमाको दुर्व्यवहारको बाबजुत पनि ठूलो मान्छे बन्न सफल भएको छ । उसको चलाखीले राजाका दरबारमा थुनिएको भाइ

जेलमुक्त भएको छ । यस कथाका अन्य सहायक पात्रहरूमा भाइ, सौताने आमा, आमा, राजा, घरकोटी (घरबेटी) र घरकोटीको छोरो रहेका छन् ।

**कथा नं. १० 'दूरवीनवालाको कथा'**

प्रस्तुत लोककथा रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाअन्तर्गत पर्ने वैज्ञानिक आभाषयुक्त लोककथा हो । यस कथामा मृत्यु भइसकेको बाबुलाई औषधीको माध्यमले जीवित तुल्याइएको छ । कुनै समयमा मानिसले मरेको मानिसलाई पनि जडीबुटी गरेर सञ्चो गर्न सक्थ्यो भन्ने आशय यस कथामा रहेको छ । प्रस्तुत लोककथामा कुनै घरका तीन दाजुभाइहरू परदेशमा गई छुट्टाछुट्टै विषयमा तालिम लिनु प्रारम्भ हो भने मरेको बुबालाई जीवित तुल्याएपछि त्यही विषयलाई लिएर झगडा सुरु हुनु विकासावस्था हो । न्यायधीशले दूरवीनवालाको पक्षमा फैसला गरिदिन उपसंहार हो । यस लोककथामा औषधीको कारणले मरेको मान्छे सञ्चो हुनु नै अभिप्राय हो ।

प्रस्तुत लोककथाका मुख्य पात्रहरू तीन भाइहरू हुन् । यस कथाको कथानक यिनै पात्रहरूद्वारा डोरिएको छ । तीन भाइहरूले आ-आफ्नो तालिम लिएपछि मृत बुवालाई जीवित बनाउन आफ्नै भूमिका मुख्य ठानेर झगडा गर्छन् र मुद्दासमेत लड्छन् । यसका सहायक पात्रहरू न्यायधीश र मलामेहरू हुन् ।

**कथा नं. ११ 'पापी राजाको कथा'**

प्रस्तुत लोककथा रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित अलौकिक परी तथा अप्सरासम्बन्धी नेपाली लोककथा हो । यस कथामा एकजना पापी राजाले मर्त्यलोकमा नै नपाइने रूखको माग गर्नु प्रारम्भ हो भने सर्प र अप्सराको सहायताले एकजना मानिसले उक्त रूख पत्ता लगाई राजालाई बुझाउनु विकासावस्था हो । उक्त अलौकिक रूख आफै बनाउन दुष्प्रयास गर्ने राजाकी रानीहरूको मृत्यु हुनु उपसंहार हो । यस लोककथामा 'पाप धुरीबाट कराउँछ' भन्ने उखानलाई चरितार्थ गरिएको छ । प्रस्तुत लोककथामा राजाले प्रीतिको पेट, चाँदीको डाला, सुनका पात, मोतीको झप्पा गरेको रूखको माग गरेपछि पातालमा गएरै भए पनि सर्पको सहायताले उक्त रूख पत्ता लगाउनु र तन्त्रमन्त्रको प्रयोग गरी परीहरूले राजालाई उक्त रूख बुझाएको अलौकिक कथावस्तु रहेको छ । यस लोककथामा सर्पले मानवीय सहयोग गर्नु, काटेको मानिस जीवित हुनु जस्ता अभिप्रायहरू रहेका छन् ।

यस लोककथाको नायक मान्छे हो । ऊ राजाले सपना देखेको अलौकिक रूख पाताल लोकमा गएर अप्सराहरूको सहयोगले प्राप्त गरी राजालाई बुझाउन सफल भएको छ । खलनायक पापी राजाले त्यस मान्छेको नक्कल गर्न खोज्दा आफ्नी स्वास्नीहरू गुमाउन पुगेको छ । यस कथाका सहायक मानवीय पात्रहरू अप्सराहरू, राजाकी स्वास्नीहरू हुन् भने मानवेत्तर पात्र सर्प हो ।

**कथा नं. १२ 'बुद्धिभन्दा ठूलो अरू केही छैन'**

प्रस्तुत लोककथा रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित सामाजिक लोककथा हो । मनोरञ्जन तथा नीतिशिक्षाको हिसाबले यो लोककथा महत्त्वपूर्ण मानिन्छ । चलाख आमाले आफ्नो लाटो छोराका अपराधलाई कसरी लुकाउन सफल भइन् भन्ने कुरा यसमा प्रष्ट पारिएको छ । आमाले आफ्नो छोराको बिहे गराइदिनु यस लोककथाको प्रारम्भ हो भने स्वास्नीसँग फुलौरा माग्नु, माइतमा जाँदा शिकारी, मलामे र जन्तीबाट पिटिनुदेखि लिएर साहूकी बुहारीलाई लाटाले मार्नु विकासावस्था हो । खाडलमा साहूकी बुहारी खोज्दा एउटा बाख्रो फेला पर्नु उपसंहार हो । यस लोककथामा साहूकी बुहारी मारिनु, बाख्रो गाडेर समाजलाई छल्नु जस्ता अभिप्रायहरू रहेका छन् ।

प्रस्तुत लोककथाको मुख्य पात्र आमा हो । उसले आफ्नो बुद्धिले आफ्ना छोराको सम्पूर्ण अपराध ढाकछोप गर्न सफल भएकी छ । सहायक पात्रहरू लाटो, साहूकी बुहारी, शिकारी, जन्तीहरू, मलामेहरू र मान्छेहरू हुन् ।

**कथा नं. १३ 'बोल्ने कद्दुको कथा'**

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित प्रस्तुत  लोककथा फलफूलसम्बन्धी लोककथा हो । फर्सीले स्वास्नीमान्छेसँग विवाह गरेको रोचक कथावस्तु यसमा छ । कुनै समयमा फलफूलहरूले पनि मानिससँग वैवाहिक सम्बन्ध गर्थे भन्ने आशय यस कथाको रहेको छ । प्रस्तुत लोककथामा घरकी बूढीले दुईवटा थालीमा भात राख्दा तीनवटा थालीमा भात देखिनु प्रारम्भ हो । काफलका रूखबाट खसेको फर्सी फुटेर मान्छे निस्कनु अगाडिको भाग विकासावस्था हो भने फर्सीले त्यसै घरको सम्पत्ति खानु उपसंहार हो । फर्सीबाट मान्छे बन्नु, फर्सीले मान्छेसँग विवाह गर्नु नै अभिप्रायहरू देखापरेका छन् ।

प्रस्तुत लोककथाको मुख्य पात्र फर्सी हो । फर्सी जस्तो निर्जीव मानवेत्तर पात्रले आइमाईसँग विवाह गरेर मानवीय कार्यहरू गरेको छ । यस कथाका अन्य सहायक पात्रहरू बूढो, बूढी, बावु, छोरीहरू हुन् ।

**कथा नं. १४ 'लिखे टोग्याको कथा'**

प्रस्तुत लोककथामा टुहुराले कसैले नसोचेका काम एक्लै फत्ते गरेका घटनाको वर्णन गरिएको छ । टुहुराले कसैले मार्न नसकेको बाघ मारेर र लडाइँ एक्लै जितेर राजाबाट राज्य प्राप्त गरेको छ । टुहुरो फोहरमा खेल्नु प्रारम्भ हो भने राजासँग तरवार मागेर बाघ मार्नु विकास अवस्था हो । टुहुराले राजाबाट आधा राज्य प्राप्त गर्नु उपसंहार हो । प्रस्तुत लोककथामा रूखबाट तरवार खसेर बाघ मर्नु, दुब्लो घोडामा चढेर लिखे दौडदा वरिपरिका रूख ढल्नु र विरोधी सेनाले लिखेसँग आत्मसमर्पण गर्नु र लिखेले राजाबाट आधा राज्य पाउनु जस्ता अभिप्रायहरू रहेका छन् ।

प्रस्तुत लोककथाको प्रमुख पात्र लिखे टुहुरो हो । उसले कसैले पत्यार नगरेको काम गरेर राजाबाट आधा राज्य प्राप्त गरेको छ । यस लोककथाका सहायक पात्रहरू सिपाही, राजा र विरोधी सेनाहरू रहेका छन् । यी पात्रहरूले कथावस्तुलाई विकासावस्थामा पुऱ्याएका छन् ।

**कथा नं. १५ 'लिख्या टोग्यानीको कथा'**

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित प्रस्तुत लोककथा सौताने आमाको दुर्व्यवहारको बारेमा चित्रण गरिएको सामाजिक लोककथा हो । यस कथामा लिखे छोरीका बुबा हाटमा गएर माने बाख्री किनेर ल्याइदिनु प्रारम्भ हो । माने बाख्रीले दिसा गरिदिएको गुडचिउरा खाएर मोटाएकी लिखेप्रति सौताने आमाले डाहा गर्नु विकास अवस्था हो भने राजाले लिखेकी बहिनीको कर्तुत बुझी कारबाही गरेर लिखेको उद्धार गर्नु उपसंहार हो । असहाय, टुहुरा-टुहुरीहरूलाई सबैले हेला गर्छन् तर भगवान्ले त्यस्ताको भलाई गर्छन् भन्ने आशय यस कथाको रहेको छ । प्रस्तुत लोककथामा सौताने व्यवहार, सुनको लिङ्गो उम्रनु, बाख्राले गुडचिउरा दिसा गर्नु, रानी कुवामा बस्नु आदि अभिप्रायहरू रहेका छन् ।

यस लोककथाकी नायिका लिखे टुहुरी हो । ऊ घरमा सबैबाट त्याज्य भएर पनि पछि भाग्यले गर्दा ठूला राजाकी स्वास्नी भएर सुखसँग दिन बिताउन सफल भएकी छ ।

सम्पूर्ण कथानक यसै पात्रको जीवनसँग सम्बद्ध छ । यस लोककथाका सहायक मानवीय पात्रहरू कान्छी आमा, दिदी, बहिनी र मन्त्री हुन् भने मानवेत्तर पात्र माने बाख्री हो ।

**कथा नं. १६ 'हीरालालको कथा'**

प्रस्तुत लोककथा रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित अतिमानवीय लोककथा हो । सर्पको अण्डा फुटेर निस्केको लालसँग जलारीकी छोरी हीराको विवाह भई घरगृहस्थी गरेको कथावस्तु यसमा संयोजित छ । प्रस्तुत लोककथामा जलारीले आफ्नो जालमा सर्पको अण्डा पार्नु र घरमा लिएर राख्नु प्रारम्भ हो भने हीराले बुवा वाहिर गएको अवस्था पारी अण्डा फोर्दा भित्रबाट लाल निस्कनु विकास अवस्था हो । हीरा र लालले जलारीको धनसम्पत्ति खानु उपसंहार हो । मानिस विकासको प्रारम्भिक चरणमा पशुपन्छीसँग पनि वैवाहिक सम्बन्ध हुन्थ्यो भन्ने आशय यस लोककथाको रहेको छ । प्रस्तुत लोककथामा उल्टो डुङ्गा चल्नु, लाल पानीमा अलप भई पछि फेरी देखापर्नु जस्ता अभिप्रायहरू रहेका छन् ।

यस लोककथाको नायक र नायिका क्रमशः लाल र हीरा हुन् । सर्पको अण्डा फुटेर निस्केको लाल र जलारीकी छोरी हीरा बीच वैवाहिक सम्बन्ध भई बीचमा वियोग देखिए पनि पछि संयोगमा नै दिन वितेको छ । यस कथाका सहायक पात्रहरू जलारी, राजा, कुटुनबुरी, जोगी, कुर्मी नाग (बुवा), सिसी नाग (आमा) हुन् ।

यसरी माथि उल्लेख गरिएका १६ वटा लोककथाहरू रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित प्रमुख लोककथाहरू हुन् । यसका अतिरिक्त अन्य थुप्रै लाककथाहरु यहाँ लोपोन्मुख अवस्थामा छन् । यी लोककथाहरूको आख्यान सरल, सरस, पूर्ण र सम्प्रेष्य रहेको कुरा माथिको विश्लेषणबाट स्पष्ट भएको छ । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित यी लोककथाहरूको विषयगत वर्गीकृत स्वरूपलाई तालिकामा राखेर पनि देखाउन सकिन्छ ।

| कथा नं. | लोककथाका शीर्षकहरू | सांस्कृतिक तथा ऐतिहासिक | सामाजिक | पशुपन्छी | अतिमानवीय | फलफूल | उपदेशात्मक | वैज्ञानिक आभासयुक्त |
|---|---|---|---|---|---|---|---|---|
| १. | काग कति बाठो | - | - | | - | - | - | - |
| २. | कुर्मी नेवारको कथा | - | - | - | - | - | | - |
| ३ | घुरु जैसीको कथा | | - | - | - | - | - | - |
| ४. | चलाख आइमाईको कथा | - | - | - | | - | - | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | चलाख मान्छेको कथा | - | - | - | | - | - | - |
| ६. | छट्टुलालको कथा | - | | - | - | - | - | - |
| ७. | छट्टु स्याल र भालुको कथा | - | - | | - | - | - | - |
| ८. | दिदी र भाइको कथा | - | | - | - | - | - | - |
| ९. | दुई सौताको कथा | - | | - | - | - | - | - |
| १०. | दूरवीनवालको कथा | - | - | - | - | - | - | |
| ११. | पापी राजाको कथा | - | - | - | | - | - | - |
| १२. | बुद्धिभन्दा ठूलो केही छैन | - | - | - | | - | - | - |
| १३. | बोल्ने कद्दुको कथा | - | - | - | - | | - | - |
| १४. | लिखे टोग्याको कथा | - | - | - | - | - | | - |
| १५. | लिख्या टोग्यानीको कथा | - | | - | - | - | - | - |
| १६. | हीरालालको कथा | - | - | - | | - | - | - |

सङ्केत, = हो, - = होइन

माथि उल्लेखित तालिकाबाट रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूमा अतिमानवीय वर्गको लोककथाको सङ्ख्या अधिक रहेको छ । सामाजिक वर्गको लोककथाहरू दोस्रो स्थानमा रहेका छन् । सांस्कृतिक तथा ऐतिहासिक र फलफूलसम्बन्धी लोककथाहरू न्यून रहेका छन् ।

### ४.५.२ परिवेश

लोककथामा कथानकको स्वरूप प्रष्ट पार्न र पात्रहरूलाई क्रियाशील बनाउन परिवेशले गहन भूमिका खेलेको हुन्छ । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूमा लौकिक र अलौकिक परिवेशको चित्रण गरिएको पाइन्छ । लौकिक परिवेशका लोककथाहरूमा ग्रामीण क्षेत्र अधिक रूपमा आएको हुन्छ भने कुनै लोककथाहरू सहरी क्षेत्र पनि परिवेशको रूपमा आएको देखिन्छ । ग्रामीण समाजमा हुर्के बढेका पात्रहरूले सामान्य स्तरको जीवन बिताइरहेको देखिन्छ । यस शोधपत्रमा सङ्कलित ‘छट्टुलालको कथा’, ‘दुई सौताको कथा’, ‘दिदी र भाइको कथा’, र ‘लिख्या टोग्यानीको कथा’ मा ग्रामीण परिवेशअन्तर्गत समाजमा घट्न सक्ने घटनाहरूको चित्रण गरिएको छ । यी लोककथाहरूमा

वन, जङ्गल, चराचुरुङ्गी, बाघ, भालु, गाई र भैंसी जस्ता ग्रामीण भेगमा पाइने वस्तुहरू आएका छन् । 'ढिकी कुट्नु', 'गोठमा जानु', 'भैंसी पाल्नु', 'बाख्रा ग्वाला जानु' र 'खेतबारीमा कामकाज गर्नु' जस्ता गाउँले मानिसहरूको दिनचर्या यी लोककथाहरूमा वर्णन गरिएको पाइन्छ । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित कुनै नेपाली लोककथाहरूमा सहरिया जनजीवनको व्याख्या गरिएको हुन्छ । 'काग कति बाठो', 'चलाख मान्छेको कथा' र 'लिख्या टोग्याको कथा' जस्ता लोककथाहरूमा सहरिया जनजीवनको व्याख्या गरिएको छ । सहरिया परिवेश आए पनि सम्पूर्ण कथावस्तु सहरमा मात्र केन्द्रित नभएर ग्रामीण जनजीवनसँग पनि गाँसिएको पाइन्छ । लोककथावाचकहरूले आफ्ना लोककथाहरूमा पृथ्वीभन्दा बाहिरका लोकहरू स्वर्गलोक, नरकलोक, अप्सरालोक, आकाश र पातालको परिवेशलाई पनि प्रयोग गरेको पाइन्छ । यस्ता अलौकिक परिवेशमा मानव र मानवेत्तर प्राणीहरूले गतिविधि सञ्चालन गरिरहेका हुन्छन् । यी पात्रहरूले सम्भाव्यका साथसाथै असम्भाव्य कार्यव्यापार पनि सञ्चालन गरेका हुन्छन् । 'दूरवीनवालाको कथा', 'चलाख आइमाईको कथा', 'पापी राजाको कथा', र 'घुरु जैसीको जस्ता लोककथाहरू अलौकिक परिवेशका लोककथा हुन् । 'चलाख आइमाईको कथा' मा कान्छो छोरो र कान्छी छोरी घाँस काट्न गएको भूतको गाउँ र उनीहरूले देखाएका सम्पूर्ण क्रियाकलाप सबै अलौकिक परिवेश हुन् ।

### ४.५.३ संवाद

संवाद पनि लोककथाको महत्त्वपूर्ण तत्त्व हो । लोककथामा प्रमुख पात्रहरूले घटनाहरूलाई अगाडि बढाउँदा एकापसमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुराकानी गरिरहेका हुन्छन् । लोककथाहरूमा मानवीय तथा मानवेत्तर प्राणीहरूले सरल, सहज र सम्प्रेष्य भाषाशैलीमा संवाद गरेर कथावस्तुलाई समापनतर्फ लिइरहेका हुन्छन् ।

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूमा मानवीय तथा मानवेत्तर प्राणीहरूले एकापसमा कुराकानी गरिरहेका छन् । मानवेत्तर प्राणीहरूले पनि मानवीय बोली बोलेको देख्न सकिन्छ । 'काग कति बाठो' कथामा काग र राजाको संवादलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । यहाँ सङ्कलित लोककथामा मानिसको साथसाथै भूतप्रेत, देवी दानव, फलफूल र पशुपन्छीहरूले कुराकानी गरिरहेका छन् । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूमा कथावाचकहरूले

वर्णनात्मक शैलीमा लोककथा वाचन गर्नुका साथै लोककथाका पात्रहरूले प्रत्यक्ष कुराकानी गरेको देखाइएको छ ।

## ४.५.४ उद्देश्य

उद्देश्य लोककथाको महत्त्वपूर्ण तत्त्व हो । लोककथाको अभिव्यक्ति निश्चित उद्देश्य प्राप्तिका लागि गरिएको हुन्छ । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको प्रमुख उद्देश्य नीतिशिक्षा दिनु रहेको छ भने मनोरञ्जन दिनुका साथै समाजमा प्रचलित रीतिरिवाज, चालचलन, भेषभूषा, धर्म संस्कृतिलाई उजागर गर्न यी लोककथाहरू सक्षम देखिएका छन् । यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जीवनशैली, आर्थिक असमानता, लैङ्गिक विभेदता, सामाजिक समानता, स्वतन्त्रता र ऐतिहासिकता देखाउन सक्नु रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूको उद्देश्य हो । नीतिशिक्षा दिने उद्देश्य रहेका लोककथाहरूमा विभिन्न घटनाहरूको संयोजन गरी मानिसलाई नैतिकता तथा अनुशासन सिकाइएको हुन्छ । जस्तै : 'कुर्मी नेवारको कथा' मा लच्छिनकी बुहारीले घरको इज्जत राख्न सक्छे र धनसम्पत्ति पनि ओइरो लाउन सक्छे भन्ने व्यावहारिक शिक्षा पाइन्छ र आंशिक रूपमा नीतिशिक्षाले भूमिका खेलेको छ । यस्तै 'काग कति बाठो', 'चलाख मान्छेको कथा', 'दुई सौताको कथा', 'निसापति राजाको कथा', मा पनि व्यावहारिक र नीतिशिक्षा पाइन्छ । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूले मनोरञ्जन पनि प्रदान गरिरहेका हुन्छन् । यस किसिमका लोककथाका रूपमा 'पापी राजाको कथा' र 'चलाख आइमाईको कथा' आदि पर्दछन् । सामाजिक रीतिरिवाज, चालचलन र परम्परालाई देखाउने उद्देश्य रहेका लोककथाहरू पनि यस क्षेत्रमा प्रचलित रहेका छन् । 'छट्टुलालको कथा', 'दुई सौताको कथा' र 'लिख्या टोग्यानीको कथा' ले रुकुमेली मानिसहरूको सामाजिक रीतिरिवाज, चालचलन र परम्परालाई प्रष्ट पारेका छन् । आर्थिक असमानतालाई देखाउनका लागि पनि लोककथाहरूको वाचन गरिएको पाइन्छ । भाग्यवादी र आशावादी भावना आफ्ना सन्ततिहरूमा फैलाउनका लागि यी लोककथाहरू सक्षम रहेका छन् । 'बोल्ने कद्दुको कथा' र 'पापी राजाको कथा' ले रुकुमेली आर्थिक असमानतालाई देखाएका छन् । समाजमा रहेको अन्याय, अत्याचार, शोषण र दमन देखाउन यस्ता लोककथाहरूको वाचन गरिन्छ । रुकुम जिल्लाका पुराना पुर्खाहरूको व्यक्तित्वलाई प्रचार गर्ने र ती पुर्खाको शौर्यलाई व्याख्या गरी आफ्ना सन्ततिहरूलाई अनुकरण गर्न लगाउने उद्देश्यले पनि लोककथाहरू प्रचलनमा आएका छन् । 'घुरु जैसीको कथामा' मा प्रयुक्त प्रमुख पात्रहरू पृथ्वीनारायण शाहले नेपाल

एकीकरण गर्ने समयका हाम्रा पुर्खाहरू नै हुन् । यहाँ प्रचलित लोककथाहरूमा लैङ्गिक विभेदता, सामाजिक असमानता र स्वतन्त्रता जस्ता कुराहरू पनि भरपूर रूपमा आएको हुन्छ । गुरुजन तथा अभिभावकहरूले श्रोताहरूलाई मनोरञ्जनात्मक कौतुहलपूर्ण लोककथाहरू सुनाएर सामाजिक चेतना र अनुशासनको पाठ सिकाउने उद्देश्य पनि रुकुम जिल्लामा प्रचलित लोककथाहरूको रहेको छ । यस क्षेत्रमा प्रचलित लोककथाहरू दिनभरिको परिश्रम, दुःख, कष्ट र वेदनालाई भुलेर मानवीय मनमा सन्तोष तथा मनोरञ्जन प्रदान गर्ने उद्देश्यले भन्दै आएको पाइन्छ ।

### ४.५.५ भाषा

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरू सबै ग्रामीण समाजको जनजीब्रोबाट निःसृत भएको हुनाले लोकभाषामा आधारित छन् । स्तरीय नेपाली भाषाबाट फरक देखिने नेपाली भाषाको पूर्वेली भेद अन्तरगतको खसानी भाषिकाका शब्दहरूले लोककथाहरू प्रभावित छन् । जस्तै : बाघ, विवाह, थुप्रो, लड्ने, जाडो, जग्गा, घोडो, फैसला, स्वास्नीमान्छे र बनाउनु जस्ता शब्दहरूको सट्टामा क्रमशः बाग, व्या, धुम, लर्नी, जारो, कमद, घोरो, फर्सिला, स्वाञ्चरी र हाल्नु जस्ता शब्दहरूको प्रयोग गरिएको छ । यी लोककथाहरूमा प्रयोग भएको नेपाली भाषाको पुर्वेली भेद अन्तरगतको खसानी भाषिकाको बिश्लेषण यस प्रकार गर्न सकिन्छ ।

१. **क्रियापदिक विशेषता** : यहाँ प्रयोग भएका क्रियापदहरूको अर्थ यसप्रकार रहन्छ । डगुर्ने........दगुर्ने । हर्ने...हिँड्ने । जान्न....जाँदैन । आन्न....आउँदैन । तो गर्दै.....तैँले गर्दैनस् । तो पढ्दै...तैँले पढ्दैनस् । गल्यो....खस्यो । बदार्ने....हिलो गर्ने । धामी बसाल्ने....झाँक्री बस्ने । गज्ज, फत्त परी गए....खुशी भए । मालपानी खाने....जाँड रक्सी खाने । मरि जान्छ....मर्छ । भई गयो....भयो । आउन्य है....आउ है । गया हू....गएको हूँ । तेरा भाईका फिर्का खाने....तेरा भाईको मासु खाने । तो कैले आउन्या है....तँ कहिले आउँछस् ? तो आन्नेई...तँ आउँदिनस् । खेती ढल्याउने....खेती थन्क्याउने ।

२. **संस्कृत तत्सम् शव्दको प्रयोग** : यहाँका लोककथाको भाषामा संस्कृत शव्दहरूको प्रयोग धेरथोर रुपमा यसरी भएको पाइन्छ । पुष्प....फूल । आस्न...तल । कष्ट...रोग ।

३. **तद्भव शव्दको प्रयोग** : यहाँका लोककथाको भाषामा तद्भव शव्दहरूको प्रयोग धेरथोर रुपमा यसरी भएको पाइन्छ । दर्दी...दरिद्री । पर्धान...प्रधान । उपर पर्धान...उप-प्रधान ।

४. **नामिक शव्दको प्रयोग** : नामिक शव्दहरूको प्रयोग यहाँका लोककथाहरूमा यसरी भएको पाइन्छ । ज्यै, ज्या...आमा । बई...बज्यै । पिर्रे...खुर्सानी । घोगा...मकै । सुराल, भोटी...सुरुवाल, दौरा । छोट्टया छोट्टी...तन्नेरी, तरुनी । लखे, लखेनी...केटा, केटी । घरेली...घडेरी । सारो...भेडाको थुमा । सम्पत्ति...गाई वस्तु । मान्छ...मान्छे । राजै...राजा साहेव । जोई...स्वास्नी ।

५. **हिन्दी भाषाका शव्दबाट प्रभावित** : यहाँका लोककथाहरूमा हिन्दी भाषाका शव्दहरूको पनि प्रयोग यसरी भएको पाइन्छ । कद्दू...फर्सी । बड्डा, बड्डी...बुढा, बुढी । आठाना...एक मोहर । ज्वाली...जूवा । बल्ल...गोरु । सारौ...दुम्सी । पतेली...डेप्ची । सहत्तर...सत्तरी ।

६. **मिलित क्रियाको प्रयोग** : यहाँको जनजिब्रोले मिलित क्रियाको प्रयोगलाई पनि स्वीकारेको छ । भइगो...भयो । गइगो...गयो । मरि जान्छ...मर्छ । गैजाउ...जाउ । भैजान्छ...हुन्छ । आइजानु भो...आउनु भयो ।

७. **निपातको प्रयोग** : यहाँ निपातको प्रयोग बडो मिठो हुन्छ । यिनमा खासगरी अनि, रे, दे, नि, को प्रयोग हुन्छ ।

८. **आदरार्थी शब्दहरुको प्रयोग** : यहाँका लोककथाहरूमा प्रयोग हुने आदरार्थी शब्दहरू अहिलेको जनजिब्रोमा यसरी प्रयोगमा आइरहेका छन् । मैसाप...मैया साहेव । बाउसाप...बाबु साहेव । राजासाप...राजा साहेव । दुल्साप...दुलही साहेव । रानीसाप...रानी साहेव । गैस्योस्...गइबक्सियोस् । आइस्योस्...आइबक्सियोस् । गैसिन्छ...गइबक्सिन्छ ।

९. **'ड', 'द' ध्वनिमा 'र' तथा 'ण' ध्वनिमा 'न' प्रयोग** : खसानी भाषाको विशेषता अन्तरगत पर्ने 'ड', 'द' ध्वनिमा 'र' तथा 'ण' ध्वनिमा 'न' को प्रयोग यसरी भएको पाइन्छ । गार...गाड । घोरो...घोडो । सारो...साडो । पारो...पाडो । पराई...पढाई । खर्का...खड्का । पहार...पहाड । डारु...डाडु । गुन...गुण । विशेषन...विशेषण ।

१०. **विभक्ति चिन्न्को बहुलता हुनु** : यहाँको जनजिब्रोमा विभक्तिको यस्तो प्रयोगले भाषामा यसरी सरलता पाएको छ । मान्छा घर...मान्छेको घर । मुख्याई...मुख्याको ।

यसका साथै यस क्षेत्रमा प्रचलित लोककथाले लोक जनजिब्रोमा हर्ने...हिँड्ने । माठो माठो...विस्तारै विस्तारै । पोईल जाने...विहे गर्ने । तो...तँ । बौलिनु...बहुलाउनु । बाखो...भक्भके । खग्नु...भक्भकाउनु । बिउतारो...बिउ राख्ने ब्याड । जलधारा...रुद्री पूजा । छकालै...विहानै । गुर्दो...गुन्द्री । मार्दो...मान्द्रो । पार्तो...पात्रो । दोर्सो...दोश्रो । तेर्सो...तेश्रो । जस्ता शव्दहरू प्रयोग गरेको पाईन्छ । यस क्षेत्रमा बोलिने नेपाली भाषाको खसानी भाषिका भित्र बिशेष अर्थ लाग्ने शव्दहरूको प्रयोग यसरी भएको पाइन्छ । माइती...ससुराली (लोग्ने स्वास्नी दुबैले माइत जाने भन्छन् ) । नाङ्गो....दरिद्री ( धन सम्पत्ति विहिन मान्छे) । हाम्रा बड्डा...बा र पोई (छोराले बाबुलाई र स्वास्नीले पोइलाई प्रयोग गर्ने शव्द) । कच्काउने...खाने(रिसको अवस्थामा व्यक्त हुने खाने शव्द) । सत्तुर बैरी...गाली (सतुरले गरी छाड्यो वैरी छ) । स्वान्चरी...स्वास्नी, छोरी, चेलीबेटी, आइमाईलाई एउटै शव्दमा प्रयोग गरिने शव्द) । महलो (मलो)...गुलियो (चिनी नहुँदा महको प्रयोग हुन्थ्यो त्यसैले प्रयोग भएको शव्द) । देश जाने...गाउँ छोडी अर्को ठाउँमा जानेलाई । छोट्टी बस्ने...तरुनी, तन्नेरी हरु सँगै बसी गीत गाउने, जिस्किने काम ।

समग्रमा यी लोककथाहरूको भाषा यहाँको लोक जीवनसँग मिल्ने सरल, सरस र सम्प्रेष्य खालको छ । यहाँका सम्पूर्ण चरित्रहरू लोकभाषामै कुराकानी गर्छन् । सरल शब्दावलीको प्रयोग गर्दछन् र भन्न खोजेको कुरा स्पष्ट बुझाउँछन् । स्थानीय थेगो, लवज र उखान-टुक्काको प्रयोग यी लोककथाहरूमा भरपूर रूपमा आएको छ । यहाँ सङ्ग्रहित लोककथामा ग्राम्य सांस्कृतिक भेषभूषा तथा भाषाशैलीको प्रयोग भएको छ ।

## ४.५.६ शैली

लोककथा अभिव्यक्तिको मूल आधार शैली हो । रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथा 'एकादेशमा' शब्दबाट सुरु भएको पाइए तापनि 'उहिल्यै', 'कुनै गाउँमा', 'कुनै ठाउँमा', 'धेरै वर्ष पहिले' जस्ता शब्दहरूको प्रयोग गरी लोककथा सुरुवात गर्ने परम्परा यस क्षेत्रमा रहिआएको छ । कथाको अन्त्य गर्दा धेरैजसो लोककथामा 'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुन्ठ जाला, भन्ने बेला मुखमा तात्तातै आइजाला' भनेर टुङ्ग्याइन्छ भने कुनै लोककथावाचकले 'खान्तें पिन्तें म आइगतें, राजाले घोरो लैजा भन्तें मैले पहाडको ठाउँ भनेर नल्याइगिन आइगतें' भनेर कथा अन्त्य गर्ने प्रचलन छ । यहाँका लोककथामा वर्णनात्मक शैली, व्याख्यात्मक शैली र गर्भकथात्मक शैलीको प्रयोग भएको पाइन्छ । यस शोधपत्रमा सङ्कलित 'लिख्या टोग्यानीको कथा', 'छट्टु स्याल र भालुको कथा' र 'छट्टुलालको कथा' जस्ता लोककथामा वर्णनात्मक शैली देखिन्छ ।

यी लोककथाहरूमा प्रयुक्त पात्रहरूको क्रियाकलापलाई कथावाचकले वर्णनात्मक रूपमा अगाडि बढाएर श्रोतालाई मन्त्रमुग्ध पारिरहेको हुन्छ । व्याख्यात्मक शैली भएका लोककथाहरूमा चरित्रहरूको चित्रण गरेर नीतिशिक्षा दिनमा सक्षम देखिन्छन् । 'बोल्ने कद्दुको कथा', र 'काग कति बाठो' आदि लोककथाहरूमा व्याख्यात्मक शैली देखिएको छ । यहाँका लोककथामा गर्भकथात्मक शैली पनि पाइन्छ । लोककथाहरूमा मुख्य कथाको साथै लोककथाको बीचमा स-साना गर्भकथा पनि आउँछन् जसले मूल कथालाई पुष्टि गर्न सहयोग गरिरहेको पाइन्छ । यस्तो लोककथामा 'चलाख मान्छेको कथा' मुख्य मानिन्छ । लोककथामा वाचकहरू सरस, सरल र सम्प्रेष्य भाषाको प्रयोग गरी श्रोतालाई कौतुहल यसरी जगाउँछन् कि उनीहरू आफ्नो कामकाज भुलेर आनन्दका साथ सुनिरहेका हुन्छन् । कुनै लोककथाका बीचमा लोकगीतहरू पनि आउँछन् । औंला हल्लाउँदै हाउभाउका साथ गति, यति मिलाई श्रोताको आकांक्षाको ख्याल गरी लोककथाको वाचन गर्नु यहाँको मौलिक शैली हो ।

### ४.५.७ निष्कर्ष

माथि विश्लेषण गरिएका लोककथाहरू रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरू हुन् । प्रस्तुत लोककथाहरूको आख्यान संरचनामा सबल, पुष्ट र पूर्ण छन् । यी लोककथामा प्रयुक्त भएका विभिन्न मानवीय र मानवेत्तर पात्रहरूले कथानकलाई जीवित तुल्याएका छन् । यी पात्रहरूले लोककथाहरूलाई रोचक र कौतुहलपूर्ण बनाएका छन् । एकाध रूपमा अलौकिक तथा सहरिया परिवेश आए पनि धेरैजसो लोककथाहरूमा ग्राम्य परिवेश आएकाले लोकभाषाको प्रयोग गरिएको छ । लोककथाहरूमा प्रयुक्त भाषा सरल, सरस र सम्प्रेष्य किसिमको छ । प्रस्तुत लोककथाहरू सबै नीतिशिक्षा तथा मनोरञ्जन प्रदान गर्ने खालका छन् भने कुनै-कुनै लोककथाहरू मानिसहरूलाई बढीभन्दा बढी रोमाञ्चित गराउने खालका छन् । यी लोककथाहरू वर्णनात्मक शैली, गर्भकथात्मक शैली र व्याख्यात्मक शैली गरी ३ ओटै शैलीमा रचना गरिएका छन् । यसरी हेर्दा यहाँका लोककथाहरू तत्त्वगत आधारमा विश्लेषण गर्दा सबल र पुष्ट देखिन्छन् ।

# पञ्चम अध्याय

# उपसंहार

मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने राप्ती अञ्चलका पाँचवटा जिल्लाहरूमध्ये रुकुम जिल्ला एक रमणीय तथा सौन्दर्ययुक्त दुर्गम पहाडी जिल्ला हो । यस जिल्लालाई प्राकृतिक र सांस्कृतिक सम्पदाको हैसियतले महत्त्वपूर्ण जिल्लाको रूपमा चिनिन्छ । शिक्षा, स्वास्थ्य, सिँचाइ, सञ्चार तथा रोजगार जस्ता विकासका पूर्वाधारबाट पिछडिएको रुकुम जिल्लाको आर्थिक अवस्था अत्यन्त कमजोर देखिन्छ ।

रुकुम जिल्लाको पशिचम-उत्तरी क्षेत्रमा प्रचलित नेपाली लोककथाहरूमा मानवीय जनजीवनमा सुख-दुःख, हर्ष-विस्मात र हाँसो-आँशुको भावना सञ्चित हुनाको साथै समसामयिक झलक पाइन्छ । यी लोककथाहरू एक पुस्ताबाट अर्को पुस्तामा र एक व्यक्तिबाट अर्को व्यक्तिमा सँधै जीवित र हस्तान्तरित हुँदै आएका हुन् । यस क्षेत्रमा विभिन्न किसिमका अद्भूत, रहस्यमय, कौतुहलपूर्ण लोककथाहरू बूढाबूढीहरूको मुखबाट सुन्ने परम्परा अद्यापि कायमै छ । यहाँ प्रचलित लोककथाहरूमा मानवेत्तर र मानव पात्रहरूले प्रत्यक्ष कुराकानी गरेको पाइन्छ । लोककथामा सामाजिक-सांस्कृतिक जीवनका विविध घटना, विभिन्न किसिमका प्रसङ्ग, उनीहरूको क्रियाकलाप र जीविकोपार्जन सम्बन्धी पेशाका साथै ऐतिहासिक परम्परा, पौराणिक मान्यता र सामाजिक अवस्थितिको पनि अभिव्यक्त भएको पाइन्छ ।

रुकुम जिल्लाको पशिचम-उत्तरी क्षेत्रमा विभिन्न विषयका लोककथाहरू पर्दछन् । यहाँका लोककथाहरूद्वारा रुकुम जिल्लाको पशिचम-उत्तरी क्षेत्रको सामाजिक जनजीवन, जातजाति, इतिहास, प्रकृति, संस्कृति र वातावरणको चित्रण गरिएको पाइन्छ । यस क्षेत्रमा प्रचलित लोककथाहरू खेतवारी गोडमेल गर्दा, मकै छोडाउँदा (उधार्दा), मकै सोर्दा, बत्ती कात्दा र केटाकेटी भेला हुँदा (छोट्टी बस्दा) भनाभन गर्ने चलन रहेको देखिन्छ । यस क्षेत्रमा लोककथा परम्परा जीवित भए तापनि पहिलेको तुलनामा अहिले लोककथा सुन्ने सुनाउने परम्परा लोप हुन थालेको अनुभव गरिन्छ । त्यसका लागि यी लोककथाहरूलाई लिपिबद्ध गर्नु नितान्त आवश्यक देखिएको छ ।  रुकुम जिल्लाको पशिचम-उत्तरी क्षेत्रअन्तर्गतका १२ वटा गा.वि.स.हरू (आठवीसकोट, आठवीसडाँडागाँउ, गरायला, गोतामकोट, घेत्मा, झूला, दूली, पीपल, पोखरा, बाँफिकोट, मग्मा र स्यालाखदी) बाट लिइएका यी प्रतिनिधि

लोककथाहरूले यहाँको स्थानीय रङ्ग, आर्थिक अवस्था, धार्मिक विश्वास, सामाजिक परिवेश, ऐतिहासिक झलक, धार्मिक तथा सांस्कृतिक स्थितिको यथार्थ चित्रण गरेको पाइन्छ । यहाँका लोककथाहरूले नेपाली लोककथाको भण्डारनमा सहयोग गर्नुका साथै लोकसाहित्यको गरिमा बढाउन सक्छन् भन्ने कुरामा विश्वास लिइएको छ । प्रस्तुत शोधपत्रमा रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रका सम्पूर्ण लोककथाहरूलाई समेट्न खोजिएको छ । यस अध्ययनले भावी लोककथाको अध्येताका लागि आधारसामग्रीको महत्त्वपूर्ण काम गर्न सक्छ भन्ने विश्वास लिइएको छ ।

लोककथा कथालेखनको शास्त्रीय नियम र सिद्धान्तदेखि विल्कुलै स्वतन्त्र रहेको लोकसाहित्यको महत्त्वपूर्ण विधा हो । यसमा लेख्य मानक भाषाभन्दा ग्रामीण जनजीवनमा हुर्के बढेका मानिसहरूको जीब्रोबाट निःसृत हुनसक्ने कथ्य भाषाको प्रयोग गरिन्छ । लोककथा मौखिक रूपमा जीवित रहेको विधा भएकाले कथावाचकले आफ्नो बोलीमा जसरी शब्दहरूको उच्चारण गरेर लोककथालाई प्रस्तुत गरेको हुन्छ त्यही लोकस्तरीय बोलीमा लोककथालाई लिखित रूपमा उतारेर प्रस्तुत गर्नमा लोककथाको मौलिकता झल्कने हुनाले यस शोधपत्रमा सङ्कलित लोककथाहरूलाई त्यही रूपमा उतारिएका छन् ।

रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित लोककथाहरू प्रस्तुत गर्दा त्यसको स्रोत लोककथाकै पुछारमा स्पष्टसँग खुलाइएको छ । नेपाली लोककथाहरूको सङ्कलन, अध्ययन कार्य विभिन्न समयमा विभिन्न विद्वानहरूद्वारा भएको भए तापनि रुकुम जिल्लाको पश्चिम-उत्तरी क्षेत्रमा प्रचलित लोक कथाहरूको खोज-सङ्कलन, वर्गीकरण र भाषिक विश्लेषण कार्य औपचारिक रूपमा वैज्ञानिक र आधुनिक ढङ्गबाट नभएको परिप्रेक्ष्यमा यस शोधपत्रमा सङ्कलित लोककथाहरूको वर्गीकरण र भाषिक विश्लेषणले भावी लोककथाका अध्येता तथा सङ्कलकहरूलाई टेवा मिल्नेछ ।

# सन्दर्भग्रन्थ सूची


**(क) पुस्तकहरू**

अधिकारी, बोधविक्रम, **नेपाली दन्त्यकथा**, काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति, १९९५ ।

कर्मा, लीलासिंह, **हाम्रो लोकसाहित्य**, काठमाडौं : रत्न पुस्तक भण्डार, २०४३ ।

कोइराला, शम्भुप्रसाद, **लोकसाहित्यः सिद्धान्त र प्रयोग**, विराटनगरः धरणीधर पुरस्कार प्रतिष्ठान, २०५५ ।

गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन**, काठमाडौं : एकता प्रकाशन, २०५७ ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, पाँ.सं., काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०५८ ।

त्रिपाठी, वासुदेव , **विचरण**, काठमाडौं : भानु प्रकान, २०२८ ।

थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., २०४१ ।

दिवस, तुलसी (२०३२), **नेपाली लोककथा**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

दिवस तुलसी, (सम्पा), **नेपाली लोककथा**, काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान, २०३२ ।

दिवस तुलसी, **नेपाली लोककथा : केही अध्ययन**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३३ ।

दिवस तुलसी, (संयोजक), **नेपाली लोककथा संगोष्ठी**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३५ ।

नेपाल, पूर्णप्रकाश 'यात्री', **भेरी लोकसाहित्य**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०४१ ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौंः वीणा प्रकाशन, २०५७ ।

पराजुली, मोतीलाल, **नेपाली लोकगाथा**, पोखराः श्रीमती तारादेवी पराजुली, २०४९ ।

पराजुली, मोतीलाल, **'धर्मात्मा राजा' नेपाली लोककथा सङ्ग्रह १**, २०५५ ।

पाँडे, रामकुमार, नेपाल परिचय, काठमाडौं, भुँडीपुराण प्रकाशन, २०५५ ।

पोखरेल, बालकृष्ण, **राष्ट्रभाषा**, छै.सं., काठमाडौं : साझा प्रकाशन, २०४३ ।

पोखरेल, बालकृष्ण, पाँच सय वर्ष, काठमाडौं : साझा प्रकाशन, २०४३ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता बुक्स, २०५८ ।

वैद्य, करुणाकर (सम्पा.), **अञ्चल लोककथा सङ्ग्रह**, चौ.सं., काठमाडौँ : रत्न पुस्तक भण्डार, २०४१ ।

रिमाल, प्रदीप, **कर्णाली लोकसंस्कृति खण्ड ४**, दो.सं., काठमाडौँ : साझा प्रकाशन, २०५३ ।

वर्मा, धीरेन्द्र र अन्य (सम्पा.), **हिन्दी साहित्यकोश**, भाग १, ते.सं., वाराणसी : ज्ञानमण्डल प्रकाशन लि., २०२० ।

शर्मा, मोहनराज, **कथाको विकास प्रक्रिया**, दो.सं., काठमाडौँ : साझा प्रकाशन, २०५० ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, **लोकवार्ताविज्ञान र लोकसाहित्य**, काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

श्रेष्ठ, दयाराम, **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा**, काठमाडौँ : पाठ्यक्रम, पाठ्यपुस्तक विकास केन्द्र, त्रि.वि., २०३८ ।

सापकोटा, माधवप्रसाद, **लोकसाहित्यको परिचय र लोककथाको समाजशास्त्रीय अध्ययन**, काठमाडौँ: सुजाता प्रकाशन, २०६६ ।

**(ख) अप्रकाशित शोधपत्र**

देवकोटा कमप्रसाद, **रुकुम जिल्लामा प्रचलित खसानी लोककथाहरुको सङ्कलन, वर्गीकरण र विश्लेषण**, त्रि.वि. नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६३ ।

**(ग) पत्रपत्रिका तथा अन्य**

**एकीकृत जिल्ला विकास योजना**, (जिल्ला विकास समितिको कार्यालय, रुकुम, २०६९ ।

**जिल्ला जनसाङ्खिकीय वस्तुगत विवरण**, काठमाडौँ : अनौपचारिक विभाग, अनुसन्धान तथा अध्ययन केन्द्र, २०५९ ।

**राष्ट्रिय जनगणना तथा घरधुरी सर्वेक्षण २०६८**, काठमाडौँ : केन्द्रीय तथ्याङ्क विभाग, २०६९ ।


**रुकुम जिल्लाको वस्तुगत विवरण**, रुकुम जिल्ला विकास समितिको कार्यालय, २०६९ ।

**शैक्षिक तथ्यांक विवरण**, रुकुम : जिल्ला शिक्षा कार्यालय, २०६९ ।

**सिस्ने स्मारिका**, कर्मचारी मिलन केन्द्र रुकुम, २०५३ ।

# परिशिष्ट - १

## रुकुम जिल्लाको भौगोलिक मानचित्र




■ शोधकार्यमा सिमाङ्कन गरिएका गा.वि.स.हरू

# परिशिष्ट - २

## स्रोतव्यक्तिहरूको तालिकागत विवरण

| क्र.सं. | कथाको शीर्षक | स्थान | कथावाचक |
|---|---|---|---|
| १ | काग कति बाठो | बाँफिकोट-२, तलिगाउँ, रुकुम | लाल बहादुर शाही |
| २ | कुर्मी नेवारको कथा | मग्मा-६, जिपसिंङ, रुकुम | जगवीर घर्ती |
| ३. | घुरु जैसीको कथा | गोतामकोट-८ होली, रुकुम | बलवीर न्यौपाने |
| ४. | चलाख आइमाईको कथा | झूला-३, भेडाखेत, रुकुम | मनवीर बुढा |
| ५ | चलाख मान्छेको कथा | पीपल-१, लागिम, रुकुम | कबिराम शर्मा |
| ६ | छट्टुलालको कथा | मग्मा-९, रुकुम | शेरजंग खनाल |
| ७ | छट्टु स्याल र भालुको कथा | दूली-३, घापागार रुकुम | हर्क बहादुर भारती |
| ८ | दिदी र भाइको कथा | खदीस्याला- ७, पहाडा रुकुम | शेरबहादुर यरी |
| ९ | दुई सौताको कथा | घेत्मा-८, पिपलगैरा, रुकुम | हर्कु जैसी |
| १० | दूरवीनवालाको कथा | पोखरा- १, रुकुम | देब बहादुर केसी |
| ११ | पापी राजाको कथा | गरायला-९, ज्यामिरे, रुकुम | मनवीर क्षेत्री |
| १२ | बुद्धिभन्दा ठूलो अरू केही छैन | झूला-५, ठाँटी, रुकुम | शितला मल्ल |
| १३ | बोल्ने कद्दुको कथा | आठबीसकोट-९, झिन्चौर, रुकुम | ईन्द्रलाल रिजाल |
| १४ | लिखे टोग्याको कथा | आठबीसडाँडागाउँ-५, चिसापानी, रुकुम | बालकृष्ण खत्री |
| १५ | लिख्या टोग्यानीको कथा | बाँफिकोट-६, काँडा, रुकुम | हीरा देवकोटा |
| १६ | हीरालालको कथा | बाँफिकोट- ६, काँडा, रुकुम | दलवीर जैसी |